NepalClicks

Premium 3



अर्थतन्त्रले खोजेको 'बिगपुस'

बैंकमा तरलता, व्यवसायीमा त्रास



Your health our Concern

'स्वास्थ्य र राष्ट्रका लागि एक सङ्कल्प'

Key Product

AMLOKIN
Amlodipine 2.5 mg / 5 mg / 10 mg Tablets

AMLOKIN-L
Amlodipine 5 mg &
Losartan Potassium 50 mg Tablets

LOPACE
Losartan Potassium 25 mg / 50 mg Tablets

LOPACE-H
Losartan Potassium 50 mg &
Hydrochlorothiazide 12.5 mg Tablets

TELMAX
Telmisartan 20 mg / 40 mg / 80 mg Tablets

ROSUCARD
Rosuvastatin 5 mg / 10 mg / 20 mg Tablets

ALIP
Atorvastatin 10 mg / 20 mg / 40 mg Tablets

MEGAMET
Metformin Hydrochloride 500 mg / 850 mg
SR / 1000 mg SR Tablets

EMFLO
Empagliflozin 5 mg / 10 mg /
25 mg Tablets

LINAGIT
Linagliptin 5 mg Tablets

TICABIT
Ticagrelor 90 mg Tablets

CARVE
Carvedilol 3.125 mg/ 6.25 mg/ 12.5
mg Tablets

CILNIDIN
Cilnidipine 5 mg / 10 mg / 20 mg
Tablets

NEBIVAS
Nebivolol 5 mg Tablets

MEGAMET-S
Metformin HCl 500 mg / 1000 mg &
Sitagliptin 50 mg Tablets

AZOBACT
Azithromycin 250 mg /
500 mg Tablets

EZERAB
Rabeprazole 20 mg Tablets

HYOTIK
Hyoscine Butyl Bromide 10 mg /
20 mg Tablets

PARAFAST
Paracetamol 500 mg Tablets

IBUMATE
Ibuprofen 400 mg & Paracetamol
325 mg Tablets

MONLET
Montelukast 10 mg &
Levocetirizine HCl 5 mg Tablets

HISTAFIX
Fexofenadine HCl 120 mg /
180 mg Tablets

LEVOGIT
Levocetirizine HCl 5 mg Tablets

SEFCOLD
Paracetamol 500 mg,
Chlorpheniramine Maleate 4 mg &
Phenylephrine HCl 10 mg Tablets

LEVONEXT
Levofloxacin 750 mg /
500 mg Tablets

RIFATON
Rifaximin 550 mg Tablets

NAPRO
Naproxen 250 mg / 500 mg Tablets

OMGYL DF
Metronidazole 400 mg & Diloxanide
Furoate 500 mg Tablets

ITRAFIX
Itraconazole 100 mg Capsules

OMGESIC
Aceclofenac 100 mg Tablets

ORMID
Ornidazole 500 mg Tablets

UFEEL
Tadalafil 10 mg Tablets

MOVIGIT
Itopride HCl 50 mg Tablets

FEBUTAB
Febuxostat 40 mg Tablets

ASMADOX
Doxofylline 200 mg / 400 mg Tablets

MEGALIN
Pregabalin 75 mg / 150 mg Capsules

MEGALIN- M
Methylcobalamin 750 mcg / 1500 mcg
& Pregabalin 75 mg Capsules

Om Megashree
-PHARMACEUTICALS-
your health, our concern

स्वास्थ्य र राष्ट्रका लागि एक सङ्कल्प


Nepal's 1st IPO Listed Pharmaceuticals Company

Corporate Office: Lakhe Chaur Marg, New Baneshwor-10 Kathmandu, Nepal, Ph: +977-01-5244310, **Factory:** Bharatpur Metropolitan-29
Jugedi Chitwan, Nepal, **Email:** info@ommegashreepharmaceuticals.com, **Web:** https://ommegashreepharmaceuticals.com


यसभित्र



६ बैंकिङ
बैंकमा तरलता, व्यवसायीमा त्रास सरकारले किन जित्न सकेन विश्वास ?



७० भोटेकोशी महाप्रलयको पाठः अबको जलविद्युत् जमिनमुनि




२९ पुँजी बजार सामान्य औषधिले निको हुने अवस्थामा छैन



`जनकपुरमा २ अर्बको होटलदेखि मुक्तिनाथसम्म लगानी गर्दैछौं' १३

जहाँ संकट, त्यहाँ अम्बिका २०
प्राकृतिक विपत्तिपछि बजारको `भी सेप्ड' यात्रा ३४
तुफानी पिज्जाः शून्यबाट खडा साम्राज्य ५६
निर्माण उद्यममा जमेका युवा इन्जिनियर, १० लाखदेखि २० करोडसम्मको उडान ६१
भोटेकोशीपछि नेपालको जलविद्युत् : अब हामीले के सिक्ने ? ६४
एनसेलमाथि राज्यको वक्रदृष्टि ६८
लोक बुझ्किरहेका लोकराज ७४
सहकारी संकट र सुधारको बाटो ७८
रेमिटेन्सले फेरेको दर्शैंको रङ ८२



४४ अर्थतन्त्रको `क्लोज सर्ट' `अब सानो सुधारले पुग्दैन'

टालाटुलीले तंग्रिन्न अर्थतन्त्र
सरकारसँग `म्यासिभ इन्भेस्टमेन्ट प्लान´ खै ?

कोभिड महामारीले शिथिल पारेको अर्थतन्त्र गत भदौ १० को प्राकृतिक प्रलयले झनै थिलथिलो पारेको छ । जेनजी आन्दोलनपछि गत फागुनको निर्वाचनबाट आएको बहुमतसहितको सरकारबाट आर्थिक छलाङ र नीतिगत स्थिरताको आमविश्वास थियो, तर ६ महिना बितिसक्दा पनि त्यो महसुस हुन सकेको छैन ।

उल्टै अर्थतन्त्रमा ८१ प्रतिशत योगदान रहेको निजी क्षेत्र त्रसित छ । पुराना लगानीको निरन्तरताबाहेक बजारमा नयाँ पुँजीको रक्तसञ्चार ठप्प छ । बाह्य पक्ष सबल देखिए पनि अर्थतन्त्रको आन्तरिक अवस्था दयनीय बनेको छ । विकास साझेदार विश्व बैंकले नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशतमा खस्किने प्रक्षेपण गरेको छ । यस्तो जटिल परिस्थितिमा अब टालाटुली नीति र झारा टार्ने बजेटले नेपालको अर्थतन्त्र सुधिदैन ।

अर्थतन्त्रलाई गति दिन व्यवसायीमा गुमेको विश्वासको वातावरण फर्काएर ल्याउन र लगानीले ठूलो धक्का (बिग पुस) दिनुपर्ने देखिएको छ । यसका लागि सरकारले अहिले नै `म्यासिभ इन्भेस्टमेन्ट प्लान´ बनाउनुपर्छ । प्रक्रिया लामो छ भने त्यसलाई छोट्याउनुपर्छ । विपद्का वेला जसरी छिटो काम गर्न सकिन्छ, त्यही किसिमको गति विकास आयोजनामा पनि आवश्यक छ ।

दक्षिण कोरियाले `हेभी एन्ड केमिकल इन्डस्ट्रिज´मा विशाल बजेट खन्यायो । छिमेकी चीनले सन् २००८ को विश्वव्यापी वित्तीय संकटपछि ठूलो दीर्घकालीन लगानी गऱ्यो । फ्र्यांकलिन डी रुजवल्टले `फर्स्ट न्यू डिल रिकोभरी प्लान´ मार्फत सन् १९२९ को महामन्दीबाट निकालेर अमेरिकालाई सर्वशक्तिमान बनाए । दोस्रो विश्वयुद्धपछि युरोपले `मार्सल प्लान´ बनाएर तीव्र आर्थिक वृद्धि गऱ्यो ।

त्यस्तै, नेपाललाई अब ठूलो धक्का (बिग पुस) को खाँचो छ । ५-६ अर्बको होइन, सरकारले एकैपटक २० देखि ३० खर्बको उत्पादनशील लगानी प्याकेज घोषणा गरेर अर्थतन्त्रको संरचनामा ठूलो परिवर्तन ल्याउनुपर्नेछ ।

यसका लागि सरकारले आफैं गर्छु भन्ने हठ छाड्नुपर्छ । आगामी डेढ-दुई वर्षमा ठूलो पुँजीगत लगानी गर्ने योजना बनाएर आफैं गर्न नसक्ने ठाउँमा निजी क्षेत्रलाई परिचालन गर्नुपर्छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलदेखि उत्तर-दक्षिण करिडोरदेखि दैलेखको ग्यास उत्खननको जिम्मा आवश्यक नीतिगत सहजतासहित निजी क्षेत्रलाई दिनुपर्छ ।

हामीसँग जलविद्युत् र श्रमको तुलनात्मक लाभ छ । भारत र चीनको बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्योग पहिचान गरेर अर्थतन्त्रलाई `लिपफ्रग´ को अवस्थामा पुऱ्याएर एक तहबाट अर्को तहमा पुऱ्याउनुपर्छ । नेपालले जलस्रोत, पर्यटन र सेवा क्षेत्रबाट ठूला लाभ लिने अवस्था बनेको छ । यसलाई सदुपयोग गर्नुपर्छ । मुलुकलाई सूचना प्रविधिको हबको रुपमा विकास गर्न सकिन्छ ।

धेरै मुलुकको प्रारम्भिक आर्थिक वृद्धि रियल इस्टेट तथा शहरी विकासबाट पनि भएको छ । नेपालमा धेरै बस्ती स्थानान्तरण गर्नुपर्ने अवस्था छ । मानिसलाई जबर्जस्ती सार्न सकिँदैन । तर बजारमा आधारित बसाइँसराइलाई प्रोत्साहन गर्न सकिन्छ । सुरक्षित र व्यवस्थित स्थानमा ठूला शहर विकास गर्ने हो भने मानिस त्यहाँ जान्छ । निजी क्षेत्रलाई १०-१२ लाख जनसंख्या धान्न सक्ने नयाँ शहरी केन्द्र विकास गर्न आमन्त्रण गर्न सकिन्छ । यसले विदेशी लगानी पनि आकर्षित गर्न सक्छ ।

अहिले चीनमा `रियल इस्टेट´ कम्पनीहरू कठिन अवस्थामा छन् । उनीहरूलाई नयाँ बजार चाहिएको छ । सरकारले व्यवस्थित जग्गा व्यवस्थापन र पूर्वाधार सुनिश्चित गर्ने हो भने निजी क्षेत्रले ठूलो लगानी गर्न सक्छ । हामी चीनबाट सामान ल्याएर नेपालमा मूल्य अभिवृद्धि गरी भारतमा निर्यात गर्न सक्छौं । केही क्षेत्रमा शून्य वा न्यून शुल्कको सुविधा प्रयोग गर्न सकिन्छ । औषधि उद्योग यसको एउटा उदाहरण हुन सक्छ । चीनबाट `बल्क´मा सामग्री ल्याएर नेपालमा प्रशोधन तथा `प्याकेजिङ´ गरी बाहिर निर्यात गर्न सकिन्छ ।

तर त्यसका लागि `कनेक्टिभिटी´ चाहिन्छ । अहिले `कनेक्टिभिटी´ कमजोर भएकै कारण उद्योग प्रतिस्पर्धी बन्न सकेका छैनन् ।

ठूला आयोजना भावनात्मक आधारमा होइन, आर्थिक र व्यावहारिक आधारमा मूल्यांकन गरेर नीति बनाउनुपर्छ । सरकारले के गर्ने र के निजी क्षेत्रलाई जिम्मा दिने भन्ने स्पष्ट खाका चाहिन्छ ।

NepalClicks
होमपेज मिडिया प्रा.लि
अनामनगर काठमाडौं, नेपाल
इमेल : nepalclicksnews@gmail.com

सल्लाहकारः शिव वास्तोला, **अध्यक्षः** नारायण अमृत, **प्रधान सम्पादकः** बाबुराम खड्का, **सम्पादकः** देवव्रत, **प्रमुख कार्यकारी अधिकृतः** जीवन तिम्सिना, **संवाददाताः** सीता बुढाथोकी, प्रीति धामी, आकृति पाण्डे, **बजारः** दीलिप गौतम **लेआउटः** सुवर्ण हुँमागाई । कभर फोटो Business 360°.

neolife
starts here

your everyday banking:
simple, digital, and always with you on the nBank app



KYC update

apply nabil cards

cardless withdrawal

Digital Loan

download the nBank app

App Store | Google Play

get started with nBank today

nbank by Nabil

बैंकमा तरलता, व्यवसायीमा त्रास : सरकारले किन जित्न सकेन विश्वास ?

बैंकमा पैसा थुप्रिए पनि व्यवसायी कर्जा लिएर लगानी गर्न तयार छैनन् । ब्याजदर घटे पनि बजारमा माग र नीतिगत स्थिरताको अभावले लगानीको आत्मविश्वास फर्किन सकेको छैन ।



सीता बुढाथोकी

जेनजी आन्दोलनको दोस्रो दिन २०८२ भदौ २४ गते राजनीतिक दलका पार्टी कार्यालयदेखि नेताका घरसम्म निशानामा परे । आगजनी भयो । मुलुक राजनीतिक अन्योल, शून्यता र संवैधानिक संकटको अवस्थाबाट गुज्रियो । त्यस संकटपूर्ण घडीमा युवा पुस्ताले सबैभन्दा बढी खोजेको नाम थियो- वालेन्द्र शाह । तर उनी तत्काल राजनीति नेतृत्वका लागि अघि सरेनन् ।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा अन्तरिम सरकारले ६ महिनामै निर्वाचन गरायो । निर्वाचनपूर्व रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध भएका वालेन्द्रले चुनावपछि नयाँ राजनीतिक शक्तिसँगै सत्ता यात्रा सुरु गरे । रास्वपाले दुईतिहाइभन्दा दुई सिट कम बहुमत हासिल गरेपछि सरकार बन्यो र पूर्वप्रतिबद्धताअनुसार वालेन्द्र शाह प्रधानमन्त्री बने ।

युवा पुस्ताको आशा, राजनीतिक परिवर्तनको आकांक्षा र दुईतिहाइ नजिकको बलियो जनमतसहित सरकार बनेपछि निजी क्षेत्रले नीतिगत स्थिरता आउने,



लगानीको वातावरण बन्ने र लामो समयदेखि सुस्त रहेको बजार चलायमान हुने विश्वास गरेको थियो । तर, सरकार गठन भएको ६ महिना बितिसक्दा अर्थतन्त्रमा त्यो उत्साह देखिएको छैन ।

सरकारका पछिल्ला रवैयाहरूले अर्थतन्त्रमा ८१ प्रतिशत योगदान दिएको निजी क्षेत्र झनै त्रसित बन्न पुग्दा लगानीमैत्री वातावरण खलबलिएको छ ।

बैंक तथा वित्तीय संस्थामा निक्षेप निरन्तर बढिरहेको छ । रेमिटेन्स आप्रवाह बलियो छ । बैंकिङ प्रणालीमा लगानीयोग्य रकम पर्याप्त छ ।

नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो महिना साउनमा बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप ८२ खर्ब ५६ अर्ब रुपैयाँ पुगेको छ । कुल कर्जा प्रवाह ५८ खर्ब ८० अर्ब रुपैयाँ मात्र छ । कर्जा-निक्षेप अनुपात (सीडी अनुपात) ७१.२६ प्रतिशतमा झरेको छ । अर्थात् बैंकहरूसँग थप कर्जा विस्तार गर्ने पर्याप्त क्षमता छ ।

बैंकिङ क्षेत्रको समस्या सरकार परिवर्तनसँगै तत्काल समाधान हुने प्रकृतिको देखिन्न । किनभने बैंकिङ क्षेत्रको समस्या बैंकभित्र मात्र छैन । यसको जरा उद्योग, व्यापार, निर्माण, पर्यटन, घरजग्गा, ऊर्जा, रोजगारी, उपभोग र समग्र बजारको मागसँग जोडिएको छ ।

ब्याजदर घट्दा पनि व्यवसायी किन हिच्किचाए ?

व्यवसायीले कर्जा लिँदा ब्याजदर मात्रै हेर्दैन । उत्पादन बिक्री हुन्छ कि हुँदैन, लागत कति छ, कर नीति कस्तो हुन्छ, आयात-निर्यातको अवस्था के छ, श्रम र पूर्वाधारको लागत कति पर्छ तथा आगामी वर्षमा व्यवसायको वातावरण कस्तो हुन्छ भन्ने पनि हेर्छ । त्यसैले बैंकको ब्याजदर घट्दैमा कर्जाको माग स्वतः नबढ्ने जानकारहरू बताउँछन् ।

राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो महिनामा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ३.१५ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.४८ प्रतिशत छ । अन्तरबैंक ब्याजदर २.७५ प्रतिशतमा झरेको छ । बैंकिङ प्रणालीमा बढेको तरलताको प्रमुख आधार मध्ये रेमिटेन्स हो । चालू आर्थिक वर्षको पहिलो महिनामै करिब २ खर्ब १५ अर्ब रुपैयाँ रेमिटेन्स नेपाल भित्रिएको छ । परिवारको बैंक खातामा पैसा जम्मा भएको छ, बैंकको निक्षेप बढेको छ तर त्यो पैसा उत्पादनमूलक क्षेत्रमा परिचालन हुने गति सोही अनुपातमा बढेको छैन । एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुदेश खालिङ रेमिटेन्स बढ्दा बैंकको निक्षेप आधार बलियो भए पनि कर्जाको माग भने अपेक्षाअनुसार बढ्न नसकेको बताउँछन् ।

"रेमिटेन्स बढ्दा निक्षेप बढेको छ । तर कर्जाको माग उत्साहजनक छैन । बैंकहरूले खराब कर्जा घटाउन गरेको प्रयास र वित्तीय अवस्थामा आएको सुधारलाई हेर्दा यो वर्षलाई आर्थिक पुनरुत्थानको आधार तयार भएको वर्षका रूपमा भने लिन सकिन्छ,' उनले भने, 'सरकारी खर्च प्रभावकारी रूपमा बढाउन सके र अन्तर्राष्ट्रिय बजारमा स्थिरता कायम भए अर्थतन्त्र थप चलायमान हुने अपेक्षा गर्न सकिन्छ ।'

हाल बैंक तथा वित्तीय संस्थासँग करिब १५ खर्ब रुपैयाँभन्दा बढी लगानीयोग्य रकम रहेको छ । त्यो प्रवाह नहुँदा राष्ट्र बैंकले समय-समयमा तरलता व्यवस्थापनका लागि बजारबाट पैसा खिचिरहेको छ । बैंकिङ क्षेत्रको अर्को विरोधाभास पुँजीकोषसँग सम्बन्धित छ । एकातिर बैंकमा लगानीयोग्य रकम थुप्रिएको छ । अर्कोतिर केही बैंकलाई पुँजी पर्याप्तताको दबाब छ ।

खराब कर्जा बढे प्रोभिजनिङ बढ्छ । प्रोभिजनिङले नाफामा दबाब पार्छ । नाफा घटे आन्तरिक रूपमा पुँजी निर्माण गर्ने क्षमता कमजोर हुन्छ । अर्कोतर्फ कर्जा बढाउँदा जोखिम भारित सम्पत्ति बढ्ने भएकाले पुँजी पर्याप्ततामा थप दबाब पर्न सक्छ । बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सीबीफीन)का उपाध्यक्ष दिलिप मुनकर्मीका अनुसार बैंकिङ प्रणालीमा १४ देखि १५ खर्ब रुपैयाँसम्म लगानीयोग्य रकम भए पनि प्राथमिक पुँजीकोषको सीमाका कारण उपलब्ध स्रोतलाई कर्जामा रूपान्तरण गर्न समस्या भइरहेको छ । उनले भने, "बैंकमा स्रोतको कमीभन्दा त्यसलाई कर्जामा



रूपान्तरण गर्ने क्षमता अहिले मुख्य चुनौती बनेको छ । पुँजी व्यवस्थापनका नयाँ विकल्पबारे सोच्नुपर्ने अवस्था आएको छ ।"

खराब कर्जाः अर्को ठूलो दबाब

तरलता अधिक हुनु बैंकिङ क्षेत्रको एउटै समस्या होइन । खराब कर्जा अर्थात् निष्क्रिय कर्जा बढ्नु अर्को महत्वपूर्ण चुनौती बनेको छ ।

गत आर्थिक वर्षको असार मसान्तसम्म वाणिज्य बैंकहरूको औसत खराब कर्जा अनुपात ५.४४ प्रतिशत पुगेको छ । राष्ट्र बैंकको तथ्यांकअनुसार २० वाणिज्य बैंकले कुल ३ खर्ब १० अर्ब ४ करोड रुपैयाँ प्रोभिजनमा राखेका छन् । कृषि, निर्माण, जलविद्युत् र व्यापारजस्ता क्षेत्रमा समेत कर्जाको गुणस्तरसम्बन्धी चुनौती देखिएको बैंकिङ क्षेत्रका प्रतिनिधिहरू बताउँछन् ।

`बुक अफ' भयो भन्दैमा जोखिम समाप्त हुँदैन

एक वाणिज्य बैंकका उच्च अधिकारीका अनुसार असार मसान्तमा धेरै बैंकले १०० प्रतिशत स्पेसिफिक प्रोभिजन पुगेका खराब कर्जालाई टेक्निकल राइट-अफ अर्थात् `बुक अफ' गर्ने अभ्यास गर्छन् ।

"असार मसान्तमा धेरै बैंकहरूले १०० प्रतिशत स्पेसिफिक प्रोभिजन पुगेका खराब कर्जालाई टेक्निकल राइट-अफ अर्थात् बुक अफ गर्ने अभ्यास गर्छन् । त्यसपछि ती कर्जा नियमित कर्जा पोर्टफोलियोमा नदेखिने भएकाले प्रोभिजनिङको दबाब तुलनात्मक रूपमा कम देखिन सक्छ । तर यसले ऋण माफी भएको भन्ने अर्थ लाग्दैन,' उनले भने, `बुक अफ गरिएका ऋणीहरू कर्जा सूचना केन्द्रको कालोसूचीमा यथावत् रहन्छन् र बैंकले कानुनी प्रक्रिया तथा अन्य माध्यमबाट कर्जा असुली जारी राख्छ । त्यसैले प्रोभिजन कम देखिए पनि बैंकको वास्तविक जोखिम समाप्त भएको मान्न मिल्दैन ।"

उनका अनुसार असार मसान्तअघि बैंकहरूले कर्जा असुलीमा विशेष जोड दिने भएकाले त्यसको प्रभाव पनि वित्तीय विवरणमा देखिन्छ ।

प्राथमिकताप्राप्त कर्जाको संरचना फेरिँदै

बैंकिङ क्षेत्रमा देखिएको चुनौतीलाई सम्बोधन गर्न राष्ट्र बैंकले प्राथमिकताप्राप्त क्षेत्रको कर्जा संरचनामा पनि परिवर्तन गरेको छ । कृषि, ऊर्जा तथा साना तथा मझौला उद्यमसँगै पर्यटन, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थ प्रयोग गर्ने निर्यातमुखी व्यवसायलाई प्राथमिकतामा समेटिएको छ ।

वाणिज्य बैंकहरूले कृषि क्षेत्रमा कम्तीमा १० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने तथा पर्यटन, लघु, मझौला उद्यम, ऊर्जा, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यात व्यवसायमा संयुक्त रूपमा कम्तीमा २० प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । विपन्न क्षेत्रमा ५ प्रतिशत कर्जा प्रवाहको व्यवस्था पनि कायम छ ।

एनआईएमबी प्रकरणले थपेको अर्को अन्योल

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक (एनआईएमबी)ले स्मार्ट टेलिकमको कर्जा असुलीका लागि अघि बढाएको धितो लिलामी प्रकरणमा बैंकका उच्च अधिकारीसहित २२ जनाविरुद्ध मुद्दा दायर भएपछि बैंकिङ क्षेत्रमा नियामकीय र कानुनी स्पष्टताको बहस चर्किएको छ ।

बैंकरहरूले नियामकीय प्रक्रिया पूरा गरेर कर्जा असुली गर्दा पनि फौजदारी अनुसन्धान र कारबाहीको जोखिम बढे बैंकका सञ्चालक तथा व्यवस्थापनले व्यावसायिक निर्णय लिन हिच्किचाउने अवस्था आउन सक्ने बताएका छन् ।

एभरेष्टका सीईओ खालिङले घटनापछि बैंकिङ क्षेत्रमा त्रासभन्दा बढी अन्योल बढेको बताए । "अहिले बैंकिङ क्षेत्रमा त्रासभन्दा पनि बढी अन्योल छ । अन्योल कस्तो छ भने, यो कर्जा असुलीमा बैंकहरूले के कदम लिने? राष्ट्र बैंकको निर्देशन एउटा हुन्छ । असुली गर्दा विवाद भए प्रहरीले सिधै थुन्ने स्थिति छ । जनताको निक्षेपबाट दिएको कर्जा नउठाए निक्षेपकर्तालाई कसरी फिर्ता गर्ने ?"

उनका अनुसार बैंकले कानुन उल्लंघन गरेको भए अनुसन्धान र कार बाही हुनुपर्छ । तर, नियामकीय प्रक्रिया पूरा गरेर कर्जा असुली गर्दा प्रक्रियागत विवादलाई आपराधिक कसुरसँग कसरी छुट्याउने भन्ने स्पष्टता आवश्यक छ ।

एनआईएमबीले भने धितो लिलामी प्रक्रिया प्रचलित कानुन तथा नियामकीय व्यवस्थाअनुसार भएको दाबी गर्दै आएको छ । स्मार्ट टेलिकमको लाइसेन्स खारेजीपछि सम्पत्तिको स्वामित्व र कर्जा दायित्वसम्बन्धी कानुनी प्रश्न पनि घटनाको केन्द्रमा छन् ।

एनआईएमबी प्रकरणको असर दीर्घकालीन कर्जा प्रवाहमा पर्न सक्ने चिन्ता बैंकिङ क्षेत्रले व्यक्त गरेको छ । जलविद्युत् तथा पूर्वाधार आयोजनाको कर्जा अवधि २० देखि २५ वर्ष वा त्यसभन्दा लामो हुन सक्छ । यस्ता आयोजनामा निर्माण, सञ्चालन, आम्दानी, विद्युत् बिक्री तथा परियोजना हस्तान्तरणलगायतका चरणमा विभिन्न कानुनी र व्यावसायिक जोखिम हुन्छन् ।

एक बैंकका उच्च अधिकारी भन्छन्, `भोलि आउने ठूला आयोजनामा लगानी गर्ने कि नगर्ने भन्ने अन्योल भयो । जस्तै जलविद्युत् आयोजना जुन २५ वर्षपछि सरकारलाई बुझाउनुपर्ने हुन्छ । त्यस्तो अवस्थामा कर्जाको जिम्मेवारी सरकारले लिने हो कि होइन ? कानुनी स्पष्टता नभई यस्ता आयोजनामा पैसा हाल्न अब गाह्रो छ ।'

खराब कर्जाका लागि `एसेट म्यानेजमेन्ट कम्पनी'

खराब कर्जा व्यवस्थापनका लागि बैंकिङ क्षेत्रमा लामो समयदेखि उठिरहेको विषय हो–सम्पत्ति व्यवस्थापन कम्पनी । खराब कर्जालाई बैंकको नियमित सञ्चालनबाट अलग गरेर व्यवस्थापन गर्ने उद्देश्यले यस्तो कम्पनी स्थापना गर्नुपर्ने माग बैंकर्सहरूले राख्दै आएका छन् । बैंकर्स संघले सरकार, राष्ट्र बैंक र वाणिज्य बैंकको सहभागितामा विशेष प्रयोजनको संस्था स्थापना गर्न सकिने प्रस्ताव अघि सारेको छ । सरकारले बजेटमा सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाको विषय समेटेको छ र आगामी पुस मसान्तभित्र कम्पनी सञ्चालनमा ल्याउने बताएको छ । तर सीबीफीनका महासचिव तथा एनएमबी बैंकका अध्यक्ष मनोज गोयलका अनुसार यसको कार्यान्वयनबारे पर्याप्त छलफल अघि बढेको छैन । उनले भने, "एसेट म्याने जमेन्ट कम्पनीको बारेमा खासै छलफल भएको छैन । छलफल गर्ने बेला आएको छ ।"

नाफा बढे पनि लाभांश क्षमता घट्दै

गत आर्थिक वर्षमा २० वाणिज्य बैंकले ६९ अर्ब ७८ करोड रुपैयाँ खुद नाफा कमाएका छन् । तर खुद नाफा बढ्दैमा त्यसको सम्पूर्ण रकम सेयरधनीलाई वितरण गर्न मिल्दैन । नियामकीय प्रावधान, कर्जा नोक्सानी

Yashoda FOODS

MADE IN NEPAL











अब रु. 20 मात्र



व्यवस्थापन, असुल हुन बाँकी ब्याज तथा अन्य समायोजनका कारण वितरणयोग्य नाफा सीमित हुन्छ ।

सीबीफीनको अध्ययनअनुसार आर्थिक वर्ष २०८२/०८३ मा वाणिज्य बैंकहरूको औसत वितरणयोग्य नाफा चुक्ता पुँजीको ०.०९ प्रतिशतमा सीमित भएको छ । आर्थिक वर्ष २०७९/०८० मा यस्तो अनुपात २.३३ प्रतिशत थियो । त्यस्तै बैंकहरूको स्वपुँजीमा प्रतिफल अर्थात् आरओई पनि घटेको छ । आर्थिक वर्ष २०७९/०७२ मा २२.४४ प्रतिशतसम्म पुगेको आरओई २०८२/०८३ मा करिब ९.६ प्रतिशतमा सीमित भएको अध्ययनले देखाएको छ । यसले बैंकको नाफा र सेयरधनीले प्राप्त गर्न सक्ने वास्तविक प्रतिफलबीचको अन्तर देखाउँछ ।

बैंकिङ क्षेत्र संकटमा कि संक्रमणमा ?

बैंकिङ क्षेत्रको अहिलेको अवस्थालाई संरचनागत संकटका रूपमा परिभाषित गर्ने अवस्था नरहेको बैंकिङ क्षेत्रका प्रतिनिधिहरू बताउँछन् । सीबीफीनका महासचिव गोयलका अनुसार पछिल्ला आर्थिक झट्काले बैंकिङ क्षेत्र प्रभावित भए पनि अर्थतन्त्रको आधारभूत संरचना नै बिग्रिएको अवस्था छैन । "समस्या छन्, तर अर्थतन्त्रको संरचना नै बिग्रिएको अवस्था होइन । आर्थिक गतिविधि र लगानीको वातावरणमा सुधार आए बैंकिङ क्षेत्र पनि क्रमशः पुरानै गतिमा फर्किन सक्छ," उनले भने ।

संक्रमण लामो भयो भने चाहिँ यसको असर बैंकको नाफा, पुँजी, कर्जा गुणस्तर र अन्ततः वित्तीय स्थायित्वमा पर्न सक्ने उनी बताउँछन् । सीबीफीनका कार्यवाहक अध्यक्ष राजेश उपाध्यायका अनुसार अहिलेको आर्थिक सुस्तताको प्रमुख कारणमध्ये बजारमा माग घट्नु पनि हो ।

उनले भने, "बैंकिङ क्षेत्र विश्वासमा चल्ने भएकाले निजी क्षेत्र र लगानीकर्ताको आत्मविश्वास बढाउने वातावरण बनाउन आवश्यक छ । माग नबढेसम्म बैंकिङ क्षेत्रमा मात्र सुधार गरेर आर्थिक गतिविधि तीव्र बनाउन कठिन हुन्छ ।" युवालाई स्वदेशमै रोजगारी र अवसर सिर्जना गर्ने, विदेश गइसकेकालाई फर्काउने वातावरण बनाउने, प्राकृतिक स्रोतको उपयोग तथा निर्यात वृद्धि गर्ने नीति आवश्यक रहेको उनी बताउँछन् ।

वन क्षेत्रमा उपयोग हुन नसकेको काठलाई आर्थिक गतिविधिसँग जोड्न सकिने उनको सुझाव छ । उपाध्यायका अनुसार नेपालको आर्थिक समस्या बैंकिङ व्यवस्थापनसँग मात्र नभई कानुनी जटिलता र सरकारी कार्यशैलीसँग पनि जोडिएको छ । "नीतिगत स्थिरता नहुँदा व्यवसायी तथा लगानीकर्ताले नयाँ परियोजनामा जोखिम लिन हिच्किचाउने अवस्था बनेको छ," उनले भने ।

बैंक र पुँजी बजारबीचको सम्बन्ध

बैंकिङ क्षेत्रको भविष्य पुँजी बजारसँग पनि जोडिएको छ । नेपाल धितो पत्र बोर्डले प्राथमिक पुँजी बजार सुधारका लागि दीर्घकालीन श्वेतपत्र सार्वजनिक गर्दै डिजिटल आईपीओ, ई-केवाईसी, नियामकीय प्रविधि, संस्थागत लगानीकर्ता तथा एंकर लगानीकर्ताको सहभागिताजस्ता विषय अघि सारेको छ । बैंक तथा वित्तीय संस्थाका लागि दीर्घकालीन पुँजी परिचालनको वैकल्पिक स्रोत विकास गर्न पुँजी बजारको विस्तार पनि महत्वपूर्ण हुन सक्छ । यसले बैंकमाथिको पुँजी दबाब कम गर्ने, ठूला परियोजनाका लागि दीर्घकालीन स्रोत जुटाउने तथा जोखिम बाँडफाँट गर्ने सम्भावना खोल्न सक्छ ।

निष्कर्ष

वर्तमान समस्या पैसाको होइन । लगानीयोग्य रकम बैंकमा थुप्रिएको छ । त्यसको ब्याजदर पनि न्यून छ । तर उद्योगी-व्यापारीहरू लगानीका लागि तयार छैनन् । लगानीको माग र विश्वासको वातावरण बनाउनु अहिलेको प्रमुख आवश्यकता हो । त्यसैले बैंकिङ क्षेत्रबाट मात्रै अर्थतन्त्र चलायमान हुँदैन, यसका लागि नीतिगत तथा कानुनी स्थिरता, निजी क्षेत्रको विश्वास फर्काउने र खराब कर्जा व्यवस्थापन गर्ने काम सँगसँगै अघि बढाउनुपर्छ । अहिले बैंकिङ संकटको होइन, संक्रमणको अवस्था हो । त्यसैले अहिलेको चुनौती तरलता व्यवस्थापन भन्दा पनि निजी क्षेत्रको विश्वास फर्काउनु र बैंकमा थुप्रिएको लगानीयोग्य रकम बजारमा चलायमान बनाउने वातावरण बनाउनु हो ।

MAX TIGER
ENERGY DRINK

DASHAIN DHAMAKA



Daily prize
Yamaha FZ F1

Daily prize
Yamaha RayZR

Bumper Prize:
PROTON e.MAS 7

GRAB A MAX TIGER ENERGY DRINK

AND GET A CHANCE TO WIN EXCITING PRIZES!

*सर्तहरू लागू हुनेछन् ।

How to participate?

1. Buy a Max Tiger Energy Drink
2. Pull off the ring
3. Get chance to win exciting prizes



INVEST IN YOUR

DREAM HOUSE



WITH

CITIZENS HOME LOAN

5.99% p.a.

Fixed for initial 5 years

*T&C applies

*After 5 years, only **1.5% premium** shall be added in the Average monthly base rate of the Bank.

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

THE BANKER BANK OF THE YEAR 2025 NEPAL

Citizens Bank
Your Partner For Progress

सिटिजन्स बैंक
इन्टरनेसनल लिमिटेड

01 5970068
Support@ctznbank.com
www.ctznbank.com

जनकपुरमा २ अर्बको होटलदेखि मुक्तिनाथसम्म लगानी गर्दैछौँ



रामेश्वर साह
अध्यक्ष, केटीएम हस्पिटालिटी

व्यवसायमा छोटो समयको उतारचढाव हेरेर दीर्घकालीन लगानी रोकिँदैन । नेपालसँग प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक सम्पदा र विविध भूगोल छ । नेपालको अर्थतन्त्रलाई बलियो बनाउने प्रमुख आधारमध्ये पर्यटन महत्वपूर्ण क्षेत्र हो ।

मुलुकको पर्यटन तथा आतिथ्य क्षेत्र प्राकृतिक विपद्, सडक अवरोध, कमजोर पूर्वाधार र अन्तर्राष्ट्रिय बजारमा जाने नकारात्मक सन्देशका कारण चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । यद्यपि, निजी क्षेत्रका लगानीकर्ताले भने दीर्घकालीन सम्भावनालाई हेरेर होटल तथा पर्यटन पूर्वाधारमा लगानी विस्तार गरिरहेका छन् । यस्तै चितवनको सौराहामा पाँचतारे स्तरको 'रोयल टुलिप' लक्जरी रिसोर्ट सञ्चालन गरिरहेको केटीएम हस्पिटालिटी ग्रुपका अध्यक्ष **रामेश्वर साह**ले मधेश प्रदेशको राजधानी जनकपुरधाममा २ अर्ब रुपैयाँ लगानीमा १२३ कोठा भएको पाँचतारे डिलक्स होटल निर्माण अघि बढाएका छन् । जनकपुरमा पाँचतारे होटल बनाइरहेका व्यवसायी साहले मुक्तिनाथ र बर्दियामा समेत लक्जरी होटल विस्तार गर्ने तयारीमा छन् ।

पर्यटन क्षेत्रमा पछिल्लो समय देखिएका चुनौती, जनकपुरमा ठूलो लगानी गर्नुको कारण, धार्मिक पर्यटनको सम्भावना, होटलको व्यवस्थापन, प्राथमिक सेयर (आईपीओ) निष्कासन, पर्यटकको बसाइँ लम्ब्याउने उपाय, नाइट सफारी, स्काई-वाक तथा सरकारको नीतिगत भूमिकालगायतका विषयमा व्यवसायी साहसँग **नेपाल क्लिक्स**का लागि **सीता बुढाथोकी**ले गरेको कुराकानीको सम्पादित अंश :

हाल तपाईंका व्यावसायिक योजनाहरू कसरी अगाडि बढिरहेका छन् ? विशेषगरी सौराहा र जनकपुरको परियोजनाको अवस्था के छ ?

हाम्रो व्यवसाय विस्तारको काम निरन्तर अगाडि बढिरहेको छ । चितवनको सौराहामा सञ्चालनमा रहेको पाँचतारे लक्जरी प्रोपर्टी 'रोयल टुलिप' नियमित सञ्चालनमै छ । त्यससँगै जनकपुरधाममा नयाँ पाँचतारे डिलक्स होटल निर्माणको कामलाई पनि तीव्रता दिएका छौं ।

जनकपुर परियोजनाको विस्तृत डिजाइन र आर्किटेक्चरल नक्सांकन सम्पन्न भइसकेको छ । अहिले बाहिरी पूर्वाधार तथा जग निर्माणको काम सुरु भएको छ । अर्थात्, डिजाइनको चरण पार गरेर भौतिक निर्माणको चरणमा प्रवेश गरिसकेका छौं ।

पछिल्लो समय आएको अविरल वर्षा, रसुवाको बाढीपहिरो तथा राजमार्ग अवरोधले पर्यटन व्यवसायमा कस्तो असर पारेको छ ?

यसपटक पर्यटन व्यवसायमा निकै ठूलो धक्का परेको छ । रसुवामा आएको प्रलय र त्यसपछि कृष्णभीरलगायतका सडकखण्डमा भएको अवरोधले पर्यटकको आवागमन प्रभावित भयो । यसलाई सामान्य समस्या मात्र भनेर हेर्न मिल्दैन, यो पर्यटन क्षेत्रका लागि ठूलो विपत्ति हो ।

होटल व्यवसाय तत्काल नाफा कमाएर बाहिरिने व्यापार होइन । रोयल टुलिप १०० वर्षसम्म सञ्चालन हुने दीर्घकालीन पूर्वाधार हो ।

प्राकृतिक वा अन्य कुनै विपद् आउँदा सबैभन्दा पहिले र गहिरो असर पर्यटनमै पर्छ । चितवन तथा सौराहामा कुल पर्यटक आगमनको ठूलो हिस्सा आन्तरिक पर्यटकको छ । जब काठमाडौं-चितवन जोड्ने मुख्य सडकहरू अवरुद्ध भएका छन् । आन्तरिक पर्यटकको आवागमन नै रोकियो ।

सडक बन्द भएपछि मानिसहरू यात्रा गर्न डराए । यसले गर्दा होटलमा भएका बुकिङहरू धमाधम रद्द भए । पर्यटन व्यवसायमा बुकिङ रद्द हुनु भनेको प्रत्यक्ष आर्थिक क्षति हो ।

अगस्ट र सेप्टेम्बरमा कर्पोरेट कार्यक्रम, सम्मेलन तथा माइस गतिविधि बढी हुने गर्छन् । त्यसको अवस्था कस्तो रह्यो ?

अगस्ट र सेप्टेम्बर हाम्रो पर्यटन व्यवसायमा 'माइस' अर्थात् मिटिङ, इन्सेन्टिभ, कन्फरेन्स र एक्जिबिसनको मुख्य सिजन हो । बैंक तथा वित्तीय संस्था, बहुराष्ट्रिय कम्पनी र कर्पोरेट हाउसहरूले यही समयमा वार्षिक साधारणसभा, रणनीतिक भेला, उत्पादन सार्वजनिक तथा तालिम-गोष्ठी आयोजना गर्छन् ।

यसअघि चितवनका ठूला होटलहरू यस्ता कर्पोरेट कार्यक्रमले भरिभराउ हुने गर्थे । तर, यसपटक सडक अवरोध र विपद्का कारण करिब ९० प्रतिशतभन्दा बढी माइस बुकिङ रद्द भए । ठूला कार्यक्रमहरू स्थगित वा रद्द हुँदा होटल व्यवसायमा ठूलो आर्थिक नोक्सानी भएको छ ।

बाढीपहिरोका घटनाले अन्तर्राष्ट्रिय पर्यटन बजारमा कस्तो प्रभाव पारेको छ ?

सबैभन्दा दुःखद पक्ष यही हो । बाढीपहिरोका दृश्य सामाजिक सञ्जाल र अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा पुगेपछि नेपालको वास्तविक अवस्थाभन्दा निकै ठूलो समस्या भएको जस्तो सन्देश गयो । बाहिरबाट हेर्दा सिङ्गो नेपाल नै बाढीपहिरोले प्रभावित भएको जस्तो बुझाइ बन्न पुग्यो ।

वास्तविकता त्यस्तो होइन । देशका सबै पर्यटकीय गन्तव्य प्रभावित भएका छैनन् । काठमाडौं, पोखरा, चितवन, बर्दिया, लुम्बिनी तथा हिमालपारिका धेरै क्षेत्र सुरक्षित छन् । तर, अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा फैलिएको नकारात्मक सन्देशले विदेशी पर्यटकलाई पनि प्रभावित पार्‍यो ।

पर्यटकका लागि सबैभन्दा ठूलो कुरा सुरक्षा हो । उनीहरू आफ्नो पैसा र समय खर्च गरेर नेपाल आउँछन् । त्यसैले सुरक्षा जोखिमको सन्देश गएपछि बुकिङ रद्द हुनु स्वाभाविक हो ।

अक्टोबर अन्तर्राष्ट्रिय पर्यटन आगमनको मुख्य सिजन हो । दुर्भाग्यवश, सिजनको ठीक अगाडि भएको विपद्का कारण व्यवसाय प्रभावित भएको छ ।

नेपाली समाजको एउटा सकारात्मक पक्ष भनेको हामी संकटबाट छिट्टै उठ्न सक्छौं । भूकम्प, कोभिड तथा अन्य विपद्बाट पनि हामी विस्तारै सामान्य अवस्थामा फर्किर्यौं । यो समस्या पनि समयसँगै सामान्य होला । तर, यो वर्षको अक्टोबर सिजनमा भएको क्षति भने पूर्ण रूपमा पूर्ति गर्न कठिन छ ।

हामीले यस वर्ष १८ देखि २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेका थियौं । अहिलेको परिस्थितिमा १० लाख पर्यटक पुऱ्याउन पनि चुनौतीपूर्ण देखिन्छ ।

नेपाल प्राकृतिक विपद्का दृष्टिले संवेदनशील देश हो । यस्तो अवस्थामा विदेशी पर्यटकलाई सुरक्षाको विश्वास कसरी दिलाउने ?

हामी भूकम्प र भौगोलिक रूपमा संवेदनशील क्षेत्रमा छौं । यो वास्तविकता हो । हाम्रो कमजोरी भनेको विपद् आउँदा त्यसको सामना गर्ने तयारी, द्रुत उद्धार संयन्त्र र भरपर्दो सूचना प्रणाली पर्याप्त बलियो नहुनु हो ।

पर्यटक नेपालमा सहानुभूति देखाउन आउँदैनन् । उनीहरू पैसा खर्च गरेर मानसिक शान्ति, मनोरञ्जन र सुरक्षित अनुभव लिन आउँछन् । त्यसैले विपद्का बेला पनि राज्य संयन्त्र चुस्त छ, सडक तथा हवाई कनेक्टिभिटी सुरक्षित छ र आपत्कालीन उद्धार प्रभावकारी छ भन्ने विश्वास दिलाउनुपर्छ ।

पर्यटनको दिगो विकासका लागि विपद् व्यवस्थापन र अन्तर्राष्ट्रिय विश्वास आर्जनमा राज्यले गम्भीर काम गर्न आवश्यक छ ।

बजार केही सुस्त रहेको अवस्थामा पनि जनकपुरमा करिब २ अर्ब रुपैयाँ लगानी गरेर पाँचतारे होटल निर्माण गर्न किन अघि बढ्नुभयो ?

One Stop Solution

for **Hydropower** Projects
and **Construction**
Industries











Looking for safe, reliable, and compliant explosive supply for your project?

Synex Power Pvt. Ltd. is your trusted partner - offering complete solutions from procurement to delivery.

- Regulatory Compliant
- Industry-Trusted Supplier
- Safe Handling & Timely Delivery
- Experienced Team, Nationwide Reach

The principles and standards of Synex Power have made the company one of the reputed trading organizations in its sector and we are able to satisfy all our clients who are based in Nepal.

Synex Power PVT. LTD.

Sanepa-2, Lalitpur, Nepal
+977-1-5405566 / 9851095536
info@synexpower.com
synexpowernepal@gmail.com
www.synexpower.com

व्यवसायमा छोटो समयको उतारचढाव हेरेर दीर्घकालीन लगानी रोकिँदैन । नेपालको अर्थतन्त्रलाई बलियो बनाउने प्रमुख आधारमध्ये पर्यटन महत्वपूर्ण क्षेत्र हो । नेपालसँग प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक सम्पदा र विविध भूगोल छ ।

जनकपुरधाम केवल एउटा सहर होइन । यो माता जानकीको जन्मभूमि, भगवान् श्रीरामसँग जोडिएको पवित्र धार्मिक स्थल तथा मिथिला संस्कृतिको केन्द्र हो ।

विश्वभर ठूलो संख्यामा हिन्दु र बौद्ध धर्मावलम्बी छन् । छिमेकी भारतमा मात्रै पनि ठूलो हिन्दु जनसंख्या छ । त्यसको सानो हिस्सा मात्रै जनकपुरमा ल्याउन सकियो भने पनि ठूलो संख्यामा धार्मिक पर्यटक भित्र्याउने सकिन्छ । ती पर्यटकलाई जनकपुरमा बसाउने पूर्वाधार कहाँ छ ? हामीले यही सम्भावना देखेर लगानी गरेका हौं ।

अहिले धेरै पर्यटक बिहान काठमाडौंबाट जनकपुर जान्छन्, जानकी मन्दिर दर्शन गर्छन् र बेलुका काठमाडौं नै फर्किन्छन् । यसको प्रमुख कारण त्यहाँ उच्चस्तरीय आवास तथा आतिथ्य सुविधाको अभाव हो ।

सामान्य होटलहरू छन् । तर, उच्च आय भएका पर्यटक, कर्पोरेट पाहुना तथा अन्तर्राष्ट्रिय पर्यटकलाई आवश्यक पर्ने डिलक्स स्तरको सुविधा पर्याप्त छैन ।

भारतबाहेक थाइल्यान्ड, इन्डोनेसिया तथा अन्य मुलुकबाट पनि हिन्दु तथा बौद्ध संस्कृति अध्ययन गर्न पर्यटक आउन सक्छन् । जनकपुरलाई धार्मिक तथा सांस्कृतिक पर्यटनको अन्तर्राष्ट्रिय गन्तव्य बनाउन सकिने सम्भावना छ ।

जनकपुरमा निर्माण भइरहेको होटलको स्वरूप कस्तो हुनेछ ?

'मिथिला हस्पिटालिटी' अन्तर्गत बन्ने होटल पाँचतारे डिलक्स स्तरको हुनेछ । कुल लगानी करिब २ अर्ब रुपैयाँ रहने अनुमान छ । होटलमा १२३ वटा आधुनिक डिलक्स कोठा हुनेछन् । दुईवटा प्रेसिडेन्सियल सुइट, दुईवटा एक्जिक्युटिभ सुइट, चार वटा जुनियर सुइट तथा अन्य लक्जरी कोठाहरू रहनेछन् । त्यस्तै, करिब १ हजार जना क्षमताको ठूलो बैंक्वेट हल निर्माण गरिनेछ । जनकपुरमा वैवाहिक गन्तव्य (डेस्टिनेसन वेडिङ) को पनि ठूलो सम्भावना छ । भारतका उच्च वर्गका परिवार जनकपुरमा विवाह आयोजना गर्न इच्छुक हुन सक्छन् । तर अहिले पर्याप्त स्तरीय पूर्वाधार छैन । त्यसैले बैंक्वेट हलसँगै अन्य मिटिङ हल, क्यासिनो र वेलनेस सेन्टरसमेत निर्माण गर्ने योजना छ ।

होटल व्यवस्थापन स्थानीय हुन्छ कि रोय टुलिप वा अन्य अन्तर्राष्ट्रिय ब्रान्डले गर्नेछ ?

होटल व्यवस्थापन स्थापित अन्तर्राष्ट्रिय चेन ब्रान्डमार्फत गर्ने योजना छ । विभिन्न प्रतिष्ठित अन्तर्राष्ट्रिय ब्रान्डसँग अहिले मूल्यांकनको चरणमा छलफल भइरहेको छ । ब्रान्ड छनोट गर्दा बजार, मूल्य संरचना र लगानीको प्रतिफल हेर्नुपर्छ । अन्तर्राष्ट्रिय ब्रान्ड ल्याउँदा निर्माण तथा सञ्चालन लागत पनि फरक हुन्छ । त्यसैले जनकपुरको बजारअनुसार उपयुक्त ब्रान्ड छनोट गर्नेछौं ।

रोयल टुलिपको आईपीओ निष्कासनको तयारी कहाँ पुग्यो ?

हाम्रो सौराहास्थित केटीएम हस्पिटालिटीको आईपीओ प्रक्रिया पाइपलाइनमा छ । नियामक निकायमा नेतृत्वसम्बन्धी विषयका कारण केही



ढिलाइ भएको हो । हाम्रो तयारी भने पूरा छ । कम्पनीको जारी पुँजी ७७ करोड ५० लाख रुपैयाँ छ । त्यसमध्ये संस्थापकतर्फको पुँजी चुक्ता भइसकेको छ । बाँकी २० प्रतिशत अर्थात् १५ करोड ५० लाख रुपैयाँ बराबरको साधारण सेयर सर्वसाधारणका लागि निष्कासन गर्ने तयारी छ । यो आईपीओ प्रिमियममा नभई अंकित मूल्य प्रतिकित्ता १०० रुपैयाँमै निष्कासन गर्ने योजना हो । नियामकबाट स्वीकृति पाएपछि प्रक्रिया अघि बढ्छ ।

रोयल टुलिपको वित्तीय अवस्था कस्तो छ ?

होटल व्यवसाय तत्काल नाफा कमाएर बाहिरिने व्यापार होइन । यो २०, ५० वा १०० वर्षसम्म सञ्चालन हुने दीर्घकालीन पूर्वाधार हो । सामान्यतया हामीले ६ देखि ८ वर्षमा लगानी फिर्ता हुने प्रक्षेपण गर्छौं । व्यवहारमा भने १० देखि १२ वर्ष लाग्न सक्छ ।

सौराहाकै उदाहरण हेर्न सकिन्छ । पहिले त्यहाँ कम बजेटका पर्यटक बढी आउँथे । स्तरीय पूर्वाधार निर्माण भएपछि उच्च आय भएका पर्यटक पनि आउन थालेका छन् । त्यसैले राम्रो पूर्वाधार निर्माण भयो भने गुणस्तरीय पर्यटक ल्याउन सकिन्छ ।

जनकपुरपछि आगामी लगानीका गन्तव्य कुन हुन् ?

हाम्रो प्राथमिकतामा मुक्तिनाथ क्षेत्र छ । मुक्तिनाथमा ठूलो सम्भावना देखेका छौं । छोटो अवधिमै ठूलो संख्यामा पर्यटक त्यहाँ पुगिरहेका छन् । त्यहाँ जाने पाहुनाका लागि स्तरीय आवास सुविधा पर्याप्त छैन । हामी मुक्तिनाथ क्षेत्रमा जग्गा खोजी तथा अध्ययन गरिरहेका छौं । अवस्था सामान्य भएपछि थप अध्ययन गरेर परियोजनालाई अगाडि बढाउने योजना छ ।

भूमि व्यवस्था, गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग बाट घर जग्गा सम्बन्धि कारोबार गर्ने इजाजतपत्र प्राप्त कम्पनी

- घरजग्गा किनबेच तथा भाडा
- जग्गा प्लानिङ तथा विकास
- लगानी तथा वित्तीय परामर्श
- प्रोपर्टी म्यानेजमेन्ट
- कानुनी तथा दर्तासम्बन्धी सेवा
- घरजग्गा मुल्याङ्कन
- साथै भू-सेवा सम्बन्धी सम्पूर्ण कामहरू गरिन्छ ।



Regd No. 36110/062/063 Gov.Lic No. BRK1841701 PAN No. 302038606

KALLERI
Investment Company Pvt. Ltd.

सामाखुशी, टाउन प्लानिङ काठमाडौं

फोनः ०१-१४९७२७१७

त्यस्तै बर्दियामा पनि ठूलो सम्भावना छ । चितवनलाई वन्यजन्तु र डेस्टिनेसन वेडिङसँग जोड्न सकिन्छ भने जनकपुरलाई धार्मिक तथा विवाह पर्यटनको केन्द्र बनाउन सकिन्छ। बर्दियालाई भने पूर्ण रूपमा प्रकृति र वन्यजन्तु पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सकिन्छ ।

नेपालमा पर्यटक आए पनि उनीहरूको बसाइँ लामो हुन नसकेको गुनासो छ । यसको समाधान के हुन सक्छ ?

पर्यटक नेपाल आएर मात्रै हुँदैन । उनीहरूले यहाँ बढी दिन बिताउन र खर्च गर्न सक्ने वातावरण बनाउनुपर्छ । त्यसका लागि नयाँ पर्यटन उत्पादन आवश्यक छ ।

चितवनकै उदाहरण लिऔँ । चितवन राष्ट्रिय निकुञ्ज ठूलो क्षेत्रफलमा फैलिएको छ । त्यसको निश्चित क्षेत्रमा वातावरणीय अध्ययन र संरक्षणका मापदण्ड पालना गर्दै नाइट सफारी सञ्चालन गर्न सकिन्छ ।

बेलुका निश्चित समयदेखि रातिसम्म विद्युतीय सवारीसाधन प्रयोग गरेर सुरक्षित रूपमा नाइट सफारी सञ्चालन गर्ने हो भने पर्यटकको बसाइँ कम्तीमा एक रात थपिन सक्छ । यसबाट होटल व्यवसाय, सरकारको राजस्व र पर्यटकको अनुभव तीनै पक्षलाई फाइदा हुन्छ ।

चितवनमै जंगलको माथिल्लो भागबाट हिँड्न मिल्ने ग्लास स्काई-वाक वा क्यानोपी ब्रिज निर्माण गर्न सकिन्छ । त्यसमा क्याफे वा भ्यु-पोइन्ट राख्न सकिन्छ ।

पर्यटकले जंगल, चराचुरुङ्गी तथा वन्यजन्तुलाई माथिबाट अवलोकन गर्न सक्छन् । यसबाहेक व्यवस्थित वाकिङ ट्रेल, वाटर वर्ल्ड, अन्तर्राष्ट्रियस्तरको गल्फ कोर्स तथा उच्च हिमाली क्षेत्रमा ध्यान र वेलनेस केन्द्र विकास गर्न सकिन्छ ।

नेपालमा स्वास्थ्य पर्यटन र शैक्षिक पर्यटनको पनि ठूलो सम्भावना छ । यी सम्भावनालाई व्यावसायिक उत्पादनमा बदल्न राज्यको नीति र निजी क्षेत्रको लगानी दुवै आवश्यक छ ।

पर्यटकका लागि सबैभन्दा ठूलो कुरा सुरक्षा हो । उनीहरू आफ्नो पैसा र समय खर्च गरेर नेपाल आउँछन् । सुरक्षा जोखिमको सन्देश गएपछि बुकिङ रद्द हुनु स्वाभाविक हो ।

होटल तथा पर्यटन उद्योगीले भोगिरहेको प्रमुख समस्या के के हुन् ?

सबैभन्दा ठूलो समस्या झनझटिलो वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) हो । नयाँ होटल खोल्न चाहने लगानीकर्ताले वातावरणीय प्रक्रिया पूरा गर्नमै लामो समय खर्च गर्नुपर्छ ।

लगानीकर्ताले बैंकबाट ऋण लिएको हुन्छ, जग्गा किनेको हुन्छ । सरकारी प्रक्रिया लामो हुँदा दुई वर्षसम्म फाइल विभिन्न निकायमा घुम्न सक्छ । त्यतिबेला बैंकको ब्याज बढिरहेको हुन्छ र परियोजनाको लागत पनि बढ्छ ।

मेरो सुझाव भनेको ईआईए र आईईईलाई स्पष्ट चेकलिस्टमा आधारित बनाउनुपर्छ । होटलको कोठा संख्या र क्षेत्रफलअनुसार ढल प्रशोधन, पानी प्रशोधन, फोहोर व्यवस्थापन, ध्वनि नियन्त्रणलगायतका मापदण्ड स्पष्ट तोक्नुपर्छ ।

लगानीकर्ताले ती मापदण्ड पूरा गरेपछि सञ्चालनपूर्व अनुगमन गरेर अनुमति दिने व्यवस्था गर्न सकिन्छ । यसो भयो भने फाइल बोकेर सरकारी कार्यालय धाइरहनुपर्ने अवस्था अन्त्य हुन्छ ।

अहिले हाम्रो एकद्वार प्रणाली धेरै हदसम्म कागज र भाषणमा सीमित छ । एउटा झ्यालबाट प्रवेश गरेपछि भित्र धेरै झ्याल र ढोका भेटिन्छन् ।

लगानीकर्ताले स्थानीय तह, प्रदेश सरकार, वन, वातावरण, उद्योग, विद्युत्, खानेपानी तथा सडकसम्बन्धी विभिन्न निकायमा आफैँ धाउनुपर्ने अवस्था छ ।

वास्तविक एकद्वार प्रणालीमा लगानीकर्ताले सरकारको एउटा आधिकारिक डेस्कमा परियो जना दर्ता गरेपछि बाँकी अन्तर-निकाय समन्वय राज्यले गर्नुपर्छ ।

निजी क्षेत्रले अर्बौं रुपैयाँ लगानी गरेर होटल निर्माण गर्छ भने राज्यले सडक, बिजुली, ढल, सुरक्षा र अन्य आधारभूत पूर्वाधारमा सहजीकरण गर्नुपर्छ । राज्यले 'तिमी लगानी गर, पूर्वाधार र सहजीकरण हामी गर्छौं' भन्ने सोच विकास गर्न आवश्यक छ ।

अन्त्यमा, नेपालको पर्यटनको राम्रो भविष्य बनाउन तपाईंको सुझाव के छन् ?

नेपालको पर्यटनको भविष्य निकै राम्रो छ । अहिलेको विपद्, सडक अवरोध वा आर्थिक मन्दीका कारण हामी निराश हुनु हुँदैन । सम्भावनालाई अवसरमा बदल्न हाम्रो काम गर्ने शैली परिवर्तन गर्नुपर्छ ।

सबैभन्दा पहिलो प्राथमिकता 'कनेक्टिभिटी' हो । सडक तथा हवाई सञ्जाल भरपर्दो हुनुपर्छ । मुख्य पर्यटकीय सडकहरू बाह्रै महिना सुरक्षित बनाउनुपर्छ । विमानस्थलको विश्वसनीयता पनि बढाउनुपर्छ ।

त्यसपछि प्रशासनिक झन्झट हटाएर लगानीमैत्री वातावरण बनाउनुपर्छ । निजी क्षेत्र जोखिम मोलेर जनकपुर, मुक्तिनाथ, बर्दिया र सौराहामा अर्बौं रुपैयाँ लगानी गर्न तयार छ । राज्यले अभिभावकको भूमिका निर्वाह गर्दै पूर्वाधार र नीतिगत सहजीकरण गरिदिनुपर्छ ।

नेपालसँग प्राकृतिक तथा सांस्कृतिक सम्पदाको कुनै कमी छैन । हामीले ती सम्पदालाई सही ढंगले विश्व बजारमा प्रस्तुत गर्न सक्यौं भने पर्यटन नेपालको आर्थिक समृद्धिको प्रमुख आधार बन्न सक्छ ।

IGI PRUDENTIAL INSURANCE LIMITED

सुरक्षाको पूर्वाधार, भविष्यको आधार

IGI PRUDENTIAL

एक योजना, सम्पूर्ण पारिवारिक सुरक्षा!



- दुर्घटना बीमा
- उपचार बीमा
- जटिल रोग (क्रिटिकल इलनेस) बीमा

www.igiprudential.com

जहाँ संकट, त्यहाँ अम्बिका



सरकारी जागिर हुँदै पुँजीबजार, चन्द्रागिरीदेखि समस्याग्रस्त संस्थाको पुनरुत्थानसम्म, अम्बिकाप्रसाद पौडेलको जोखिम, सिकाइ र उद्यम यात्रा ।

नेपाल क्लिक संवाददाता

तीन दशकअघि भारतको गोरखपुरमा तनक्क तन्किएर नापिँदा उनको छाती केही इन्च फराकिलो भइदिएको भए वा काठमाडौँमा प्रहरीको 'बेरिङ' परीक्षामा जोखिँदा शरीरको तौल ५० पार भइदिएको भए, आज नेपाली पुँजी बजार र व्यावसायिक वृत्तले अम्बिकाप्रसाद पौडेल नामको साहसी हस्ती पाउने थिएन ।

पौडेल दुईपटक भारत पुगे, पहिलोपटक इन्डियन आर्मीको सिपाही बन्न र दोस्रोपटक क्लर्क । तर दुवैपटक उनको छाती नापेर भनियो, `अनफिट !' प्रवीणता प्रमाणपत्र तह पढेर भारतीय आर्मीमा भर्ती हुन पुगेका उनी असफल भएर काठमाडौँ फर्किए । सेना र नेपाल प्रहरीमा भर्ती हुने तयारी गरे । त्यहाँ पनि उनी तौल नपुगेर 'फिट' भएनन् ।

यदि उनी त्यसवेला 'फिट' भइदिएको भए उनको जीवनले कता कुन मोड लिन्थ्यो उनलाई थाहा छैन । तर 'अनफिट' भनेर अस्वीकृत भएकै कारण उनको जीवन अहिले 'फिट' भएको छ । भन्छन्, ``म छातीले धोका दिएको मान्छे हुँ । तर सानो छाती भएकैले आज म अम्बिकाप्रसाद भएँ । जीवनमा केही बन्न ठूलो सोच राख्नुपर्ने रहेछ, ठूलो छाती नचाहिने रहेछ ।''

तर अम्बिकाप्रसादको व्यवसायतर्फको रुचि गोरखपुरको रेल र काठमाडौँको 'ट्रली' बस चढेर होइन, त्योभन्दा धेरै पहिले स्याङ्जाको दर्रौं, सिरुबारीमा 'डेबिट-क्रेडिट'को हिसाब सिक्दै सुरु

National Electro-Tech Pvt. Ltd.

Our products includes Endoscopic, Surgical, Urology, Radiological, Critical Care, CSSD, Laproscopic and Hospital infrastructure devices from the world renowned Medical Companies as the sole distributor in the country. since 1999

FUJIFILM
Value from Innovation

ASP Advanced Sterilization Products

Boston Scientific
Advancing science for life™

Allengers











ELUXEO
8000 System



ZOLL
vyaire MEDICAL



asco
Apothecaries Sundries Mfg. Co.

Johnson & Johnson



SonoSite



RMS





Devkota Sadak, New Baneshwor-10, Kathmandu, Nepal

: +977-01-4596907 | : netpl@etpl.com.np | https://etpl.com.np

भइसकेको थियो । ९-१० कक्षामा पढेको `कार्यालय सञ्चालन', `लेखा', `ग्रामीण अर्थशास्त्र'ले उनी वित्त क्षेत्रतर्फ आकर्षित भएका थिए । कतिपय अग्रज दाइहरू यो क्षेत्रतर्फ पाइला चाल्नका लागि उनका मार्गदर्शक बने ।

४६ सालको आन्दोलनताका उनी एसएलसी सकेर पोखरामा आईकम प्रथम वर्षमा भर्ना भएका थिए । गाउँमा बुझ्केर म्यानेजमेन्ट पढ्ने र विषय छान्ने भन्ने थिएन । सिनियर दाइहरूकै संगतले उनलाई पनि काठमाडौं गएर ब्याचलर्स पढ्नुपर्छ भन्ने हुटहुटी लाग्यो । अनि काठमाडौं आइपुगे उनी । त्यसवेला घरबाट पैसा मागेर आईकम पढ्दा ठूलो प्रेसर थियो अम्बिकालाई । अनि, काठमाडौं आएर जागिर पनि गर्ने र सँगै पढाइ पनि जारी राख्ने सोचसहित उनी काठमाडौं आएका रहेछन् ।

त्यसवेला स्याङ्जाबाट मान्छेहरू कि पढेर सरकारी पेसामा लाग्थे, कि जुम्ला-मुस्ताङतिर काम खोज्न जान्थे । ६ दिदीबहिनी र ३ दाजुभाइसहितको ठूलो परिवारमा हुर्किएका उनलाई पनि जागिर खान दबाब त थियो । त्यसै ले पनि उनी अवसरको खोजीमा काठमाडौं हान्निएका थिए । `मास्टरभन्दा आर्मी हुन्छु भनेर भारत गएँ, तर अस्वीकृत भएँ । बुवासँग ५ हजार रुपैयाँ मागेर काठमाडौं छिर्रें । काठमाडौं आएको तीन-चार महिनामा एउटा कार्पेट गार्मेन्टमा अकाउन्टेन्टको जागिर पाएँ,'' उनी सम्झिन्छन्, ``५०-५१ सालतिर कार्पेट गार्मेन्टमा ठूलो अवसर थियो । जागिर खाएपछि मेरो जीवन स्थिर भयो । मलाई खान बस्न पुग्ने पैसा भयो ।'

उनी बिहान कलेज जान्थे । दिउँसो काममा जान्थे । यसरी अन्त कतै नअल्झिइकन उनले त्यसपछि जागिर गर्दै बीकम र त्यसपछि एमबीए गरे ।

सिनियर दाइहरू कोही राष्ट्र बैंक त कोही कता जागिरे भइसकेका थिए । गार्मेन्टमा राम्रो कमाइ भए पनि जिन्दगीमा सुरक्षित पेशा चाहिन्छ, त्यो भनेको सरकारी जागिर नै हो भन्ने आम मानसिकताजस्तै सोच उनमा पनि आयो । उनी लोकसेवा पढ्न थाले । २०५५ सालमा लेखा अधिकृतमा नाम निकाले । काभ्रेमा पोस्टिङ भयो । कान्छो अफिसरका रूपमा साढे ४ वर्ष कोलेनिकामा काम गरे । आरोह अवरोहका चक्रहरू चले । पछि शिक्षा विभागमा रहेर काम गरे ।

सुरक्षित जागिरको खोजीमा सरकारी सेवा प्रवेश गरेका उनको मन भने त्यहीं थामिएन । सेयर बजारको खेलाडी बन्ने आधारशिलाबारे सम्झिँदै उनी भन्छन्, ``मेरो आधार बचेको सेभिङ मनी हो, व्यावसायिक फाउन्डेसन त होइन नि । जागिर गर्दै २-५ हजार बचाएर आईपीओ भर्न थालें ।''

आईपीओ भर्दै जाँदा अलिअलि बचत हुँदै गएपछि उनी दोस्रो बजारमा पनि प्रवेश गरे । कार्पेट गार्मेन्टमा काम गर्दा तिब्बती मूलका आफ्ना साहूले ठमेलमा जमाएको व्यावसायिक वर्चस्व देखेर उनलाई व्यापार गर्नुपर्छ भन्ने लागेको थियो । तर जागिरे भएपछि क्यापिटल मार्केटले ज्यादा आकर्षित गऱ्यो ।

अध्ययन सँगै स्रोतले मान्छेलाई अझ ज्यादा दूरदर्शी बनाउने विश्वास उनी राख्छन् । `त्यसवेला त मैले दायरा बढाउनै सकेको रहेनछु नि,' उनी आफ्नो दायरा दोस्रो बजारमा छिरेपछि परिपक्व हुँदै गएको ठान्छन्, `११ वर्ष जागिर खाएपछि ०६५ सालमा सेवा अवधि नपुगी उपदानमा निस्किएँ, मैले पेन्सन खाइनँ ।'

स्याङ्जाली समाजमा सरकारी जागिरको सम्मोहन र आकर्षणका कारण पनि उनले जागिर छाड्दा आफन्त/साथीभाइ सबैले तत्काल जागिर नछाडिहाल्न सुझाव दिएका थिए । अध्ययन बिदा लिन अग्रजले सुझाएका थिए । तर सेयर बजारमा उनी स्थापित भइसकेका थिए । सेयर बजारका चर्चित हस्तीहरूसँग उठबस हुन थालिसकेको थियो । आत्मविश्वास थियो । अनि दुई डुङ्गामा खुट्टा राखेर यात्रा गर्नुभन्दा सरकारी जागिरको च्याप्टर क्लोज गरेर सम्पूर्ण ऊर्जा पुँजीबजारमा लगाउनु उत्तम हुने ठाने ।

"पुँजीबजारमा म स्थापित भइसकेको थिएँ । दुई चार करोड लगानी गर्ने हैसियत आफैंले पनि बनाइसकेको थिएँ, अग्रजहरूले पनि तँ नेतृत्व गर्छस् भने एउटा इन्भेष्टमेन्ट कम्पनी खोलौं भनेर हौसला दिनुभयो । स्थापित व्यक्तिहरू नै ममाथि लगानी गर्न तयार भएका थिए," उनी सम्झिन्छन्, ``सरकारी जागिरको आम्दानीले सामान्य दैनिक खर्च त चलेको थियो, तर त्यसै वेला पुँजीबजारबाट आर्थिक आत्मविश्वास कमाइसकेकाले पनि होला, मलाई यतैतर्फ ज्यादा सक्रिय बन्न उपयुक्त लाग्यो ।''

अम्बिकाप्रसादसहित त्यो समयका पायोनियर व्यक्तित्वहरू चन्द्र ढकाल, हेमराज ढकाल, कमल झवाली, देवीप्रसाद भट्टचन, मनोज झवाली, ज्ञानबहादुर जिसी (स्व.), सचिनजंग रायमाझी, तुलसीराम ढकाल, गौतम खनाल, रमेश भट्टराई लगायत मिलेर खोले- हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड । १४ करोड लगानीमा भव्य कम्पनी स्थापना भयो । त्यसवेला कम्पनीको अध्यक्ष थिए हेमराज अनि अम्बिकाप्रसाद प्रबन्ध निर्देशक ।

तर सोचेजस्तो सरल रेखामा पनि हिँड्दैन मान्छेको जीवन । सरकारी जागिर छाडेर





अपि पावर कम्पनी लिमिटेड

API POWER COMPANY LIMITED

4th Floor, Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal

Tel: +977-01-5111093,

Email : info@apipower.com.np, apipowercompany@gmail.com

Website : apipower.com.np

पुँजीबजारमा पूर्णकालीन रूपमा सक्रिय त भए, तर दुई वर्षमै कम्पनी कोल्पाप्स भयो । १४ करोडको कम्पनी ५ करोडमा संकुचन भयो । अम्बिकाप्रसादको नेटवर्थ सबै सक्कियो । "जागिर नछाडेको भए सेयर बजारलाई चटक्कै छाडेर उनी सरकारी जागिरतिरै फर्किन्थें," उनी सम्झिन्छन्, "तर त्यो ढोका मैले आफैं बन्द गरिसकेको थिएँ ।"

त्यसवेला उनलाई बडो चुकचुक लाग्यो । आफूभन्दा जुनियरहरू उपसचिव भइसकेका थिए । अध्ययन बिदा लिएको भए उपसचिव बन्थें, जागिरमा फर्किन्थें भन्ने लागिरह्यो । "म त्यतै मख्ख पर्थें, पुँजीबजारमा फर्किने थिइनँ सायद । एउटा घेरा हुन्थ्यो । सेयर बजारमा नहुने रहेछ भन्ने लाग्थ्यो होला । डर हुन्थ्यो । तर जागिर छाडिसकेकाले यतै संघर्ष गरौं," उनी भन्छन् ।

तर सत्कार्य गरेर, राम्रो सोचेर, समर्पित भएर गरिएको काममा नोक्सानी हुन्छ भने त्यो आफैंमा नोक्सानी नहुने विश्वास उनी गर्छन् । "असाध्यै राम्रो गर्दा पनि नोक्सान हुन्छ भने, त्यसबाट कुनै युनिभर्सिटीमा भन्दा ज्यादा सिक्ने अवसर मिल्छ,'' उनी भन्छन्, ``म अलमोस्ट जिरोमा पुगें । मैले सब गुमाएँ । तर अहिले लाग्छ, त्यो मेरो जिन्दगीको सिकाइका लागि मैले तिरेको ट्युसन फी थियो । त्यसैले पराजित हुँदैमा आत्तिनु हुन्न । त्यो जिन्दगीको लेसनका लागि तिरेको शुल्क मात्रै हो सम्झेर अघि बढ्नुपर्छ ।''

हाथवे इन्भेष्टमेन्टजस्तो राम्रो संयोजनको अर्को कम्पनी त्यस समयमा सम्भवतः अर्को थिएन । पुँजीबजारका चर्चित खेलाडी, अनुभवी उद्यमी, बैंकर, व्यावसायिक व्यक्तित्वहरू मिलेर सञ्चालन गरेको संस्था अढाई-तीन वर्षमै कसरी असफल भयो ? यसको कारण विविधीकरण गर्न नसक्नु बताउँछन् उनी । "हामी सबै पुँजीबजारमा काम गर्नेहरू थियौं । म त्यसवेला सेयर बजारमा अत्यन्तै स्थापित, अम्बिकाले छोएपछि फलाम पनि सुन बन्छ भन्ने मनोविज्ञान सबैमा थियो । मैले यहाँ लगानी गर भन्दा १ करोड लगानी गरेर ५ करोड बनाएका उदाहरण पनि थिए । त्यसअघि सबैतिर राम्रो थियो । त्यसकारण पनि सबैले मलाई विश्वास गर्नुभयो," उनी भन्छन्, "लगानी क्यापिटल मार्केट र रियल स्टेट मात्रै हो, अरू क्षेत्र त लगानी गर्ने ठाउँ नै होइन भन्ने लाग्यो त्यसवेला । पोर्टफोलियोको एउटै क्षेत्रमा केन्द्रित भयौं । जहाँ आफू बसियो, त्यहीं भासियो । जहाँ बसेको छ, त्यो धरातल जगैदेखि गएपछि के हुन्छ ? टेक्ने खुट्टा एक ठाउँमा मात्रै टेक्यौं र त्यही ठाउँ भासियो । आफैं जलेपछि मात्र थाहा भयो फरक क्षेत्रमा पनि खुट्टा टेक्नुपर्थ्यो । लगानीलाई विविधीकरण गर्नुपर्दथ्यो ।''



विज्ञहरू व्यवस्थापक रहेको र सम्पूर्ण पूर्वतयारीसहित खुलेको कम्पनी 'पोर्टफोलियो म्यानेजमेन्ट' गर्न नसक्दा धराशयी बन्न पुग्यो । लगानीका सन्दर्भमा पोर्टफोलियो म्यानेजमेन्ट अत्यन्तै जरुरी हुन्छ । कम्पनी डुबेपछि मात्रै आफूहरू कसैलाई पोर्टफोलियो कसरी व्यवस्थापन गर्ने भन्ने थाहा नभएको कुरा थाहा हुन पुगेको उनी बताउँछन् ।

``आरोह अवरोहका बीच तीन वर्ष समय पनि लागेन, हामीले लगभग सबै गुमायौं । अरूले मलाई विश्वास गरेर तँ गर् भने, तर त्यो विश्वास सबभन्दा महँगो पऱ्यो,'' उनी भन्छन्, ``अनि त्यहाँबाट युनिभर्सिटीबाट, पुस्तक, विज्ञबाट नपाउने शिक्षा म आफैंले पाएँ । मलाई के-के कमजोरीले यहाँ पुऱ्यायो भन्ने मैले जब थाहा पाएँ, त्यसपछि पोर्टफोलियो विविधीकरण गर्नुपर्छ, एकै ठाउँ राख्नुहुँदैन, फरक-फरक क्षेत्रमा जानुपर्छ भन्ने भयो ।''

त्यसपछि अम्बिकाप्रसाद पोर्टफोलियो विविधीकरण गर्नुपर्छ भन्ने निष्कर्षसहित अन्य क्षेत्रतर्फ लगानी बढाउन लागे । काठमाडौंको चन्द्रागिरी डाँडालाई राजधानीसँग जोड्ने प्रमुख पर्यटन पूर्वाधारको खाका तयार भयो । थानकोटबाट चन्द्रागिरी डाँडासम्म २५ सयभन्दा माथिको उचाइमा केबलकार निर्माणको परियोजना बनाए, जुन धार्मिक, प्राकृतिक र मनोरञ्जनात्मक गन्तव्य बन्न पुग्यो । चन्द्रागिरी केबलकारसँगै होटल, रेस्टुरेन्ट, भ्यु टावर, मन्दिर र बाल उद्यानलगायतका संरचना निर्माण भए ।

``मेरो पहलमा चन्द्रागिरिमा लगानी गर्नेगरी कम्पनी गठन गर्यौं । चन्द्रागिरि हिल्सको प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ता सबै प्रक्रिया अगाडि बढाइयो, हाथवेपछि चन्द्रागिरी हिल्स मेरै इनिसिएटमा अघि बढेको प्रोजेक्ट हो,'' उनी भन्छन् ।

अम्बिकाप्रसादसहित चन्द्र ढकाललगायत लगानीकर्ताहरूले सामूहिक रूपमा ६६ सालदेखि दोस्रो परियोजनाका रूपमा चन्द्रागिरी हिल्सलाई अघि बढाए । उतारचढावका बीच कानुनी प्रक्रियाहरू पूरा भए । उत्तम नेपाल, नवराज नेपाललगायत पार्टनरहरू जोडिए । सुरुमा

तुफानी Pizza

www.tufanipizza.com



Location *New Baneshwor*	Menu	Location *Bagbazar*

BAG BAZAR OUTLET

Bagbazar, Salyani House

9744411212

HEAD OFFICE

New Baneshwor, Chakku Bakhu Marga

01-5312904

974-4411214

NEW BANESHWOR OUTLET

New Baneshwor, Chakku Bakhu Marga

974-4411211

चन्द्रागिरीमा कमल झवालीको पनि लगानी थियो । तर झवाली आर्थिक रूपमा अप्ठ्यारोमा परेपछि उनले त्यो सेयर बिक्री गरे, र भित्रिए मिनबहादुर गुरुङ । पौडेल भन्छन्, ``मीनबहादुर दाइसँग त्यहींबाट मेरो व्यक्तिगत कनेक्सन भएको हो ।''

चन्द्रागिरी केबलकार सुरु भएपछि छोटो समयमै उक्त परियोजनाले गति लियो । त्यसपछि सानि सेक्युरिटिज सञ्चालनमा आयो । उनी भन्छन्, ``अहिले पनि आईएमईको ८० प्रतिशत सेयर त्यसमा छ । राम्रो लाभांश दिने कम्पनी हो । त्यो कम्पनी पनि मैले आफ्नै हातले प्रबन्धपत्र बनाएर सुरु गरेको हो ।''

सानि सेक्युरिटीपछि अम्बिकाप्रसादले गैरजीवन बीमा कम्पनी एनबी इन्स्योरेन्स खरिद गरे । त्यसबेला एनबी इन्स्योरेन्सको सेयर प्रतिकित्ता १७ रुपैयाँमा झरेको थियो । अम्बिकाप्रसादले आफ्नो र परिवारको नाममा सेयर लिएपछि केही सुधार भयो । पछि आईएमई पनि प्रवेश गऱ्यो । समस्याग्रस्त भएर खारेजीमा


युवा अवस्थामा अम्बिका

जान लागेको उक्त कम्पनीले सेयर मूल्य बढ्दै गयो । पछि उक्त कम्पनी प्रुडेन्सियल इन्स्योरेन्सका नाममा अधि बढाइयो ।

नेपाल राष्ट्र बैंकले अरुण फाइनान्सलाई समस्याग्रस्त घोषणा गरेको थियो । कम्पनी बन्द भइसकेको थियो । अम्बिकाप्रसादले लिएपछि त्यो कम्पनी पनि ६ महिनामै पुनर्जीवित भयो । पछि ग्लोबल आईएमई बैंकसँग मर्ज भयो । यसरी समस्याग्रस्त भएर वित्तीय रूपमा अचेत अवस्थामा पुगेका संस्थाहरूलाई लिएर उनले सुरक्षित अवतरण गराए ।

"सञ्चालनको ३ वर्ष नपुग्दै धराशयी भएको हाथवे इन्भेष्टमेन्टलाई पनि पछि हामीले उठायौं । समस्याग्रस्त अवस्थाबाट ५० रुपैयाँको सेयर २५ रुपैयाँमा डिस्काउन्ट दिएर राइट सेयर जारी गरी पुनर्जागरण गराएँ," उनी भन्छन्, "दुई वर्षमै कम्पनी ५० प्रतिशतसम्म लाभांश बाँड्न सक्ने भयो ।"

अम्बिका प्रयोगशील र सृजनशील मात्र नभएर चुनौतीसँग जुधिरहने निरन्तर रूपमा व्यावसायिक यात्रु न परे । आईएमई समूहसँग झन्डै १२ वर्ष अनवरत एकाकार सहकर्मपछि उनलाई लाग्यो, "म त अम्बिका नै भइनछु ! ठूलो रुखको छायाँमुनि परेपछि सानो रुख त देखिँदै देखिँदैन ।" उनले यो विषयलाई सकारात्मक र अलिक फराकिलो उडानका हिसाबले लिए । त्यसैले उनले व्यावसायिक र हार्दिकतापूर्वक बिस्तारै आईएमईबाट अलग्गिएर उनले गौरा कन्स्ट्रक्सन सुरु गरे ।

गौरा कन्स्ट्रक्सनको वार्षिक कारोबार अहिले १ अर्बभन्दा धेरै छ । त्यसपछि समस्याग्रस्त अवस्थामा पुगेको डन बस्को स्कुललाई लिए, कान्जीरोवा नेसनल स्कुलका रूपमा सञ्चालन गरे । अहिले काठमाडौंको नाम चलेको स्कुलमा पर्छ कान्जीरोवा । १५ सयभन्दा बढी विद्यार्थी छन्, 'प्लस टू' सम्म पढाइ हुन्छ ।

त्यसपछि अम्बिकाप्रसादले समस्यामै रहेको लेमन ट्री होटल पनि लिए । ६ करोडको कम्पनी ४२ करोड घाटामा पुगेको थियो । अहिले लेमन ट्रीले आफ्नै लय समातिसकेको छ । नाफा कमाइरहेको छ । ``मैले आफ्नै हातले नयाँ बनाउनुभन्दा पनि समस्यामा परेका, गाह्रो-साह्रो भएका संस्थाहरूलाई व्यवस्थापकीय टेकओभर गरेर, सुशासन कायम गरी सफल बनाउने काम गरें," उनी भन्छन्, ``मेरो सिद्धान्त एकदम सरल छ– उस्तै प्रकृतिको एउटा कम्पनी उत्कृष्ट चल्ने र अर्को चाहिँ कोल्याप्स हुने किन हुन्छ ? त्यो व्यवस्थापनको कमजोरीले, सुशासनको कमीले र नेतृत्वको क्षमता नहुनाले हुन्छ । क्षेत्र त एउटै हो, देश एउटै हो, ग्राहक एउटै हुन् । तर एकै प्रकृतिका कुनै व्यवसाय चल्ने, कुनै नचल्ने किन भयो ? त्यसैले जहाँ सफा नियतका साथ सुशासन कायम गरेर व्यवस्थापन गरिन्छ, त्यहाँ असफल संस्था पनि सफल बन्छ ।''

आफूलाई नयाँ आविष्कार गर्ने मान्छेका रूपमा होइन, झइरहेका समस्याग्रस्त संस्थालाई व्यवस्थापकीय क्षमता दिएर गति दिने मान्छेका रूपमा चिनाउन रुचाउँछन् उनी ।

आगामी दिनमा अम्बिकाको सम्पूर्ण ध्यान र सोच नेपालमै उत्पादनमूलक उद्योग विस्तार गर्नेतर्फ छ । क्यापिटल मार्केटमा पैसा कमाउँदा आफूले मात्र कमाइन्छ, राज्यलाई अलिअलि कर जान्छ । तर उद्योग चलाउँदा सयौं-हजारौं मान्छेले रोजगारी पाउँछन् । त्यसैले आफूले मात्रै कमाउने भन्दा पनि समाजमै प्रत्यक्ष प्रभाव पर्ने र अरूले पनि रोजगारी प्राप्त गर्न सक्ने क्षेत्रमा काम गर्न चाहन्छन् उनी । यो उनको बाध्यताभन्दा पनि परोपकारी चिन्तन हो । ``बढीभन्दा बढी रोजगारी सिर्जना गर्ने र समाजसँग प्रत्यक्ष जोडिने उद्योग व्यवसाय नै मेरो अबको मुख्य बाटो हो,'' उनी भन्छन् ।

सेयर बजारको खेलाडीका रूमा चिनिए पनि उनी आफैं भने यस क्षेत्रसँग मात्रै जोडिएर चिनिन चाहन्नन् । बरु आगामी दिनमा उद्योगमा प्रयत्न गर्दै जाने उनको चाहना छ ।

"मैले साथीहरूसँग मिलेर सञ्चालन गरिरहेको हाइलाइफ उद्योगमा ४०० जनाले रोजगारी पाएका छन् । राज्यलाई कर तिर्न पाइएको छ । प्रत्यक्ष/अप्रत्यक्ष राज्यलाई योगदान गर्न पाइएको छ," उनी भन्छन्, "पुँजीबजारमा मैले पैसा त कमाएँ, तर मैले मात्रै कमाएँ । त्यसैले आगामी दिनमा उद्योग विस्तारमै लागेर समाज र राज्यसँग जोडिने कर्ममा लाग्छु ।"

"Reverence for your time, Great Place to unwind"



Opening **Soon**

AARUNYA
NATURE RESORT
BY ATMOSPHERE







Web: www.aarunyanatureresort.com
Email: info@aarunyanatureresort.com

Resort Location:
Nagidada, Banepa-12

Head Office:
Lazimpat, Kathmandu
Te: 4534003/6

"Get ready Experience the ultimate retreat surrounded by nature's splendor"





पुँजी बजार सामान्य औषधिले निको हुने अवस्थामा छैन

भरत रानाभाट
सञ्चालक,
कोहिनुर इन्भेष्टमेन्ट एन्ड सेक्युरिटिज

सेयर बजारमा उत्साह नदेखिनुको कारण एउटा मात्रै छैन । प्राकृतिक विपत्ति, निजी क्षेत्रको मनोबल, नीतिगत अन्योल र बजारको संरचनागत कमजोरी सबै एकअर्कासँग जोडिएका छन् ।

पुँजी बजारको विगत हेर्ने हो भने साउन-भदौलाई नयाँ आर्थिक वर्षसँगै नयाँ उत्साह र आशा पलाउने समयका रूपमा लिने गरिन्छ । नयाँ आर्थिक वर्ष सुरू भएपछि सूचीकृत कम्पनीहरूले अघिल्लो वर्षको वित्तीय विवरण सार्वजनिक गर्छन्, साधारणसभा बोलाउँछन्, लाभांश घोषणा गर्छन् र लगानीकर्ताहरू पनि आफ्नो 'पोर्टफोलियो' पुनः व्यवस्थापनमा सक्रिय हुन्छन् ।

यसपालि पनि लामो समयदेखि सुस्त रहेको बजारले साउनपछि नयाँ गति लिने अपेक्षा धेरैको थियो । ब्याजदर घटेको छ, बैंकिङ प्रणालीमा पर्याप्त तरलता छ, सरकारले बजेट र मौद्रिक नीतिमार्फत विभिन्न सहुलियत दिएको छ । तर पनि अपेक्षाअनुसार बजारमा उत्साह किन देखिएन ? प्रश्न उठ्न थालेको छ ।

मेरो बुझाइमा यसको कारण एउटा मात्र छैन । प्राकृतिक विपत्ति, निजी क्षेत्रको मनोबल, नीतिगत अन्योल र बजारको संरचनागत कमजोरी सबै एकअर्कासँग जोडिएका छन् ।

बाढीपहिरोको प्रत्यक्ष असर र त्यसको 'चेन इफेक्ट'

पछिल्लो समय बजारमा परेको अर्को ठूलो धक्का बाढीपहिरो हो । विशेषगरी भोटेकोशी त्रिशूली नदी प्रणालीमा गएको बाढीले त्यो करिडोरमा रहेका जलविद्युत् आयोजनाहरूमा ठूलो भौतिक क्षति भयो । बाँध तथा विद्युत्गृहमा क्षति पुग्दा कतिपय आयोजनाको उत्पादन नै प्रभावित भएको छ । यसको प्रत्यक्ष असर सम्बन्धित कम्पनीहरूको सेयर मूल्यमा देखियो ।

तर, समस्या केही हाइड्रोपावर कम्पनीमा मात्र सीमित रहेन । एउटा आयोजनामा भएको क्षतिले सम्पूर्ण जलविद्युत् क्षेत्रप्रति लगानीकर्ताको मनोविज्ञानमा असर पारेको छ । 'मेरो लगानी भएको आयोजनामा पनि यस्तै समस्या आउने त होइन ?' भन्ने डर बढ्यो र समग्र हाइड्रो समूहमा बिक्रीको दबाब सिर्जना भयो ।

यसको असर बीमा कम्पनी र बैंक तथा वित्तीय संस्थासम्म पुग्ने सम्भावना पनि छ । आयोजनामा ठूलो क्षति हुँदा बीमा कम्पनीमा दाबी बढ्छ । पुनर्बीमामार्फत जोखिम बाँडिए पनि दाबी फछ्र्योट, कम्पनीको आफ्नै प्रतिधारण र प्रशासनिक प्रक्रियाले तत्कालीन वित्तीय परिणाममा असर पार्न सक्छ ।

त्यस्तै, जलविद्युत् आयोजनामा ठूलो कर्जा लगानी गरेका बैंकहरूका लागि पनि आयोजना लामो समय बन्द हुनु चुनौती हो । उत्पादन रोकिँदा आयोजनाको नगद प्रवाह प्रभावित हुन्छ र त्यसले कर्जा भुक्तानीमा दबाब सिर्जना गर्न सक्छ । यसले बैंकहरूको खराब कर्जा बढ्ने जो खिमसमेत निम्त्याउन सक्छ ।

अर्थात् बाढीपहिरो एउटा प्राकृतिक विपत्ति मात्र रहेन, यसले ऊर्जा, बीमा, बैंकिङ र अन्ततः पुँजी बजारसम्म असर पार्ने 'चेन इफेक्ट' सिर्जना गऱ्यो ।

सस्तो ब्याजदर हुँदाहुँदै बजार किन चल्न सकेन ?

हामीले लामो समयदेखि एउटा सामान्य सिद्धान्त सुन्दै आएका छौं– ब्याजदर घट्यो भने सेयर बजार बढ्छ र ब्याजदर बढ्यो भने बजार घट्छ । तर, अहिलेको अवस्था हेर्दा ब्याजदर मात्र बजार चलाउने मुख्य आधार होइन भन्ने स्पष्ट हुन्छ ।

आज बैंकिङ प्रणालीमा पर्याप्त तरलता छ र कर्जाको ब्याजदर विगतको तुलनामा निकै तल आएको छ । सस्तो ब्याजदरमा पनि व्यवसायी र लगानीकर्ताले कर्जा लिन उत्साह देखाइरहेका छैनन् । यसको मुख्य कारण मागको कमजोरी र भविष्यप्रतिको अनिश्चितता हो ।

सरकारले करसम्बन्धी केही सहुलियत पनि दिएको छ । पुँजीगत लाभकरमा गरिएको कटौतीले पनि बजारलाई केही समय सकारात्मक प्रभाव पारेको थियो । त्यो प्रभाव दीर्घकालीन बन्न सकेन ।



बजार अब ब्याजदर, तरलता वा करको अंकगणितले मात्र चल्दैन । बजार को वास्तविक इन्धन भनेको विश्वास हो । लगानीकर्तालाई भोलिको अर्थतन्त्रप्रति विश्वास छैन भने ५ प्रतिशतको ब्याजदरले पनि उसलाई कर्जा लिएर लगानी गर्न बाध्य पार्दैन ।

यसबाट एउटा कुरा बुझ्न सकिन्छ– बजार अब ब्याजदर, तरलता वा करको अंकगणितले मात्र चल्दैन । बजारको वास्तविक इन्धन भनेको विश्वास हो । लगानीकर्तालाई भोलिको अर्थतन्त्रप्रति विश्वास छैन भने ५ प्रतिशतको ब्याजदरले पनि उसलाई कर्जा लिएर लगानी गर्न बाध्य पार्दैन । मेरो विचारमा नेपाली पुँजी बजार अहिले सामान्य औषधिले निको हुने अवस्थामा छैन । लामो समयदेखि सुस्त रहेको बजार र कमजोर अर्थतन्त्रले लगानीकर्ताको मनोबलमा गहिरो असर पारेको छ ।

निजी क्षेत्रको मनोबल कमजोर हुँदा त्यसको प्रत्यक्ष असर लगानीमा पर्छ । व्यवसायीले नयाँ परियोजना सुरु गर्न डराउँछ, व्यापार विस्तार रोक्छ र रोजगारी सिर्जना गर्ने क्षमता पनि घट्छ । अन्ततः यसको असर सेयर बजारमा देखिन्छ ।

सरकारले पछि निजी क्षेत्रसँग संवाद गर्ने, करमा सहुलियत दिने र नीतिगत लचकता देखाउने प्रयास गरेको छ । तर, गुमेको विश्वास एकैदिनमा फर्किँदैन । लगानीकर्ताले सरकारी निर्णय मात्र होइन, व्यवहारमा स्थिरता र आफ्नो लगानीप्रतिको सुरक्षा पनि अनुभूत गर्नुपर्छ ।

म्युचुअल फन्डले आफूलाई प्रमाणित गर्ने समय

नेपालमा म्युचुअल फन्डको भूमिका अझै अपेक्षाअनुसार बलियो बन्न सकेको छैन । विकसित बजारमा यस्ता संस्थागत लगानीकर्ताले बजारलाई स्थायित्व दिन महत्वपूर्ण भूमिका खेल्छन् । नेपालमा भने धेरै लगानीकर्ताको प्रश्न अझै पनि उही छ– 'म्युचुअल फन्डमा पैसा राखेर बजारभन्दा राम्रो प्रतिफल नै नआए किन लगानी गर्ने ?'



बजार बढ्दा सामान्य लगानीकर्ताले पनि राम्रो कमाउन सक्छ । तर बजार घट्दा दक्ष व्यवस्थापन भएको भनिएका फन्डहरूले पनि बजारभन्दा राम्रो प्रतिफल दिन नसकेमा त्यसको औचित्यमाथि प्रश्न उठ्छ । जुन, स्वाभाविक हो ।

अहिले मुद्दती निक्षेपको ब्याजदर पनि विगतको तुलनामा घटेको छ । त्यसैले म्युचुअल फन्डहरूका लागि आफूलाई प्रमाणित गर्ने अवसर आएको छ । अब सुरक्षित आईपीओ कोटामा मात्र भर नपरी राम्रो वित्तीय आधार भएका कम्पनी पहिचान गरेर दीर्घकालीन लगानी संस्कृति विकास गर्न आवश्यक छ ।

केही वर्षयता कम्पनीका प्राथमिक सेयर (आईपीओ) लाई लगानीभन्दा पनि छिटो नाफा कमाउने माध्यमका रूपमा हेर्ने प्रवृत्ति बढेको थियो । कम्पनीको वित्तीय अवस्था, ऋणको भार, व्यवसायको सम्भावना र व्यवस्थापनभन्दा पनि '१०० रुपैयाँमा लिएर सूचीकरणपछि कति पुग्छ?' भन्ने मानसिकता हाबी भयो ।

यसले कमजोर वित्तीय आधार भएका कम्पनीलाई पनि सर्वसाधारणबाट पुँजी उठाउने बाटो सहज बनायो । त्यसैले कम्पनीको वित्तीय स्वास्थ्य, नेटवर्थ र प्रवर्द्धकको प्रतिबद्धतालाई महत्व दिने नियामकीय व्यवस्था आवश्यक छ ।

प्रवर्द्धकको लक-इन अवधि सकिँदा ठूलो मात्रामा सेयर बिक्री हुन सक्ने भएकाले त्यसअघि सार्वजनिक जानकारी गराउने व्यवस्था पनि पारदर्शिताका लागि महत्वपूर्ण हुन सक्छ । तर यस्ता नियम बनाउँदा वास्तविक व्यवसाय र परियोजनाको प्रकृतिलाई पनि ध्यान दिनुपर्छ । जलविद्युतजस्ता पुँजी-गहन क्षेत्रमा परियोजनाको सुरुआती वित्तीय संरचना र दीर्घकालीन प्रतिफलको प्रकृति फरक हुन्छ ।

त्यसैले नियमनको उद्देश्य बजार बन्द गर्नु भन्दा सर्वसाधारणको लगानीलाई बढी पारदर्शी र जिम्मेवार बनाउनुपर्छ ।

बजारलाई आधुनिक बनाउने समय

नेपाली पुँजी बजारलाई अब पुरानै संरचनामा सीमित राखेर विकास गर्न सकिँदैन । मार्जिन कारोबार, इन्ट्राडे ट्रेडिङ, सर्ट सेलिङ र अक्सन मार्केटजस्ता आधुनिक औजारहरू क्रमशः विकास गर्न आवश्यक छ ।

मार्जिन कारोबारले लगानीकर्तालाई व्यवस्थित रूपमा थप पुँजी परिचालन गर्ने अवसर दिन सक्छ । इन्ट्राडे कारोबारले बजारको तरलता र कारोबार गतिविधि बढाउन सहयोग गर्न सक्छ । सर्ट सेलिङले बजार घट्दा पनि जोखिम व्यवस्थापन र मूल्य खोज प्रक्रियामा भूमिका खेल्न सक्छ ।

तर, यी सबै औजार ल्याउँदा जोखिम व्यवस्थापन, लगानीकर्ता संरक्षण र स्पष्ट नियमन उत्तिकै महत्वपूर्ण हुन्छ । विकसित बजारको मोडेल जस्ताको तस्तै नक्कल गर्नेभन्दा नेपालको बजारको आकार र संरचनाअनुसार कार्यान्वयन गर्नु उपयुक्त हुन्छ ।

नेप्सेको प्रविधि र कार्यशैलीमा सुधार आवश्यक

बजारको आकार र कारोबारको प्रविधि तीव्र रूपमा बदलिँदै जाँदा नेपाल स्टक एक्सचेन्ज (नेप्से) को पूर्वाधार पनि त्यही गतिमा अघि बढ्नुपर्छ । कारोबार प्रणालीमा प्राविधिक समस्या, क्षमता र आधुनिक आवश्यकतासँग सम्बन्धित कमजोरी दोहोरिनु हुँदैन ।

सीडीएससीले प्रविधिको क्षेत्रमा गरेको सुधार सकारात्मक उदाहरण हो । अब नेप्सेले पनि दक्षता, पारदर्शिता र प्रविधिलाई केन्द्रमा राखेर आफ्नो कार्यशैली सुधार गर्नुपर्छ ।

गुमेको विश्वास एकैदिनमा फर्किँदैन । लगानीकर्ताले सरकारी निर्णय मात्र होइन, व्यवहारमा स्थिरता र आफ्नो लगानीप्रतिको सुरक्षा पनि अनुभूति गर्नुपर्छ ।

सरकारी स्वामित्वमा हुनु आफैँमा समस्या होइन । समस्या तब हुन्छ जब निर्णय प्रक्रिया ढिलो हुन्छ र बजारको आवश्यकताअनुसार संस्था परिवर्तन हुन सक्दैन । त्यसैले निजीकरण वा प्रतिस्पर्धाको बहसभन्दा पहिले नेप्सेको दक्षता, प्रविधि, सुशासन र जवाफदेहितामा ठोस सुधार आवश्यक छ ।

अबको बाटो

अहिले नेपाली पुँजी बजारमा देखिएको शिथिलता चिन्ताजनक अवश्य छ । यसलाई बजारको अन्तिम अवस्था भनेर बुझ्नु हुँदैन । संकटले कमजोरी देखाइदिएको छ र यही कमजोरी सुधार्ने अवसर पनि दिएको छ ।

अब हामीले तीनवटा कुरामा विशेष ध्यान दिनुपर्छ– विश्वास, पारदर्शिता र संरचनागत सुधार ।

सरकारले निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ । नियामकले नीतिगत स्थिरता र निष्पक्षता कायम गर्नुपर्छ । कम्पनीहरूले पनि लगानीकर्ताप्रति जवाफदेही बन्नुपर्छ । नेप्से र सीडीएससीजस्ता संस्थाले प्रविधि र पूर्वाधारलाई समयअनुसार स्तरोन्नति गर्नुपर्छ । म्युचुअल फन्डले आफ्नो क्षमता प्रमाणित गर्नुपर्छ र लगानीकर्ताले पनि हल्लाभन्दा कम्पनीको वास्तविक वित्तीय अवस्था हेर्ने संस्कार विकास गर्नुपर्छ ।

अन्ततः सेयर बजार केवल सूचकांकको अंक होइन । यो अर्थतन्त्रप्रतिको सामूहिक विश्वासको प्रतिबिम्ब हो । विश्वास बलियो भयो भने बजारले विस्तारै आफ्नो बाटो आफैँ खोज्छ ।

त्यसैले अहिलेको चुनौतीबाट आत्तिनेभन्दा सिक्ने समय हो । बलियो वित्तीय आधार, स्वस्थ नगद प्रवाह, जिम्मेवार व्यवस्थापन र दीर्घकालीन सम्भावना भएका कम्पनी पहिचान गरेर लगानी गर्ने संस्कृति विकास गर्न सके नेपाली पुँजी बजार अझ परिपक्व र दिगो बन्न सक्छ ।





SINGATI HYDRO ENERGY LTD.

Redg no. 72937/066-067

Kotal Marga, Near Gahanapokhari, Kathmandu

Tel : 01-4443203,4443202

Email : shehydro@gmail.com

Url: www.singatihydro.com

IBM TRANSNEURON asian E-LEARNING

IBM
SCHOOL PROGRAM

Learn ABCs of Emerging Technologies

Why the IBM School Program?

- IBM Certification
- Project Based Learning
- International Exposure



- Artificial Intelligence
- Blockchain
- Cybersecurity

Grade 5-12

For more information:

4F, CTC Mall, Sundhara Kathmandu
Telephone: +01-5373988, +977- 9841995746
Email: info@asianelearning.com
Web: www.asianelearning.com

Join the conversation at :
facebook.com/asianelearning

Follow us :
linkedin.com/ibm-school-program

Follow us at :
instagram.com/asianelearning

प्राकृतिक विपत्तिपछि बजारको 'भी सेप्ड' यात्रा



विगत दुई दशकको तथ्यांक र प्रवृत्तिले एउटा निर्मम तर सत्य यथार्थ के अघि सार्छ भने नेपालजस्तो भौगोलिक जोखिमयुक्त देशमा प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा बजारमा मनोवैज्ञानिक आघात पुऱ्याए पनि, दीर्घकालमा यसले अर्थतन्त्र र सेयर बजारलाई तीव्र पुनरुत्थानको दिशामै धकेलेको पाइन्छ ।

देव गुरागाईं
विश्लेषक, लगानीकर्ता

वित्तीय अर्थशास्त्रको एउटा स्थापित मान्यता छ- पुँजीबजार अर्थतन्त्रको वर्तमान तस्बिर देखाउने ऐना मात्र होइन, यो भविष्यको प्रक्षेपण र लगानीकर्ताको अपेक्षाको संवाहक पनि हो ।

कुनै पनि मुलुक वा क्षेत्रमा बज्रिने प्राकृतिक विपत्ति, महाव्याधि वा जलवायु संकटले पहिलो चरणमा ठूलो जनधनको क्षति र मानवीय त्रासदी निम्त्याउँछन् । यस्तो त्रासदीले लगानीकर्ताको मनोविज्ञानमा तीव्र भय (प्यानिक) र असुरक्षाको भावना सिर्जना गर्नु स्वभाविक हो । जसको तत्कालीन असरस्वरूप बजारमा 'प्यानिक सेलिङ' (आत्तिएर सेयर बेच्ने प्रवृत्ति) हावी हुन्छ र परिसूचकहरू ओरालो लाग्छन् ।

तथापि, भावनात्मक आवरणलाई पन्छाएर आर्थिक इतिहास र बजारका तथ्यांकहरूलाई वस्तुनिष्ठ ढङ्गले नियाल्ने हो भने एउटा रोचक विरोधाभास देखा पर्छ । प्राकृतिक विपत्तिहरू अल्पकालमा संकट (क्राइसिस) देखिए पनि मध्यमदेखि दीर्घकालमा तिनै विपत्तिहरू संरचनात्मक रूपान्तरण र आर्थिक पुनरुत्थानको बलियो आधारशिला (क्याटलिस्ट फर रिकभरी) बन्ने गरेका छन् ।

विगत दुई दशक (वि.सं. २०६५ देखि २०८१ सम्म) को नेपाल स्टक एक्सचेन्ज (नेप्से) को ऐतिहासिक परिदृश्यले पनि यही तथ्यलाई पुष्टि गर्छ । विपत्तिलगत्तै बजारमा केही साता वा महिनासम्म मन्दी र बिक्री चाप देखिए पनि त्यसपछिको एकदेखि दुई वर्षको अवधिमा बजारले नयाँ उचाइ हासिल गर्दै तीव्र सुधार (बुलिस रिकभरी) को चक्र समातेको बलियो दृष्टान्त हाम्रै सामु छ ।

दुई दशकका प्रमुख विपत्ति र नेप्सेको ऐतिहासिक पदचाप

नेपाली पुँजीबजारले भोगेका पछिल्ला ठूला विपत्तिहरू र त्यसमा बजारले देखाएको प्रतिक्रियालाई विश्लेषण गर्दा अर्थतन्त्र र सेयर बजारको अन्तर्सम्बन्ध थप स्पष्ट हुन्छ ।

वि.सं. २०६५ को कोशी नदी कटान

वि.सं. २०६५ भदौ २ गते सुनसरीको पश्चिम कुशाहामा सप्तकोशीको तटबन्ध भत्किँदा आएको विनाशकारी बाढीले करिब एक लाख मानिसलाई प्रत्यक्ष प्रभावित गऱ्यो । करिब ३.७७

ISO 9001:2015
Certified Company

IS 269:2015
CM/L - 4100103756

IS 1489:2015
(Part 1)
CM/L - 4100103655

www.aclnepal.com

सबै भन्दा स्तरीय सिमेन्ट

सही गुणस्तर

सही मुल्य

सही तौल



अर्घाखाँची
सिमेन्ट लिमिटेड

अर्ब रुपैयाँको तत्कालीन प्रत्यक्ष क्षति तथा कृषि, उद्योग तथा पूर्वाधारमा परेको अप्रत्यक्ष असर निकै ठूलो थियो ।

तर, रोचक कुरा के छ भने, यो राष्ट्रिय विपत्तिले नेप्सेमा कुनै ठूलो उथलपुथल ल्याएन । यसको मुख्य कारण तत्कालीन बजारको संरचना थियो । त्यस समयमा नेप्सेमा बैङ्किङ क्षेत्रको पूर्ण वर्चस्व थियो भने जलविद्युत् वा उत्पादनमूलक (रियल सेक्टर) कम्पनीहरूको उपस्थिति शून्यप्रायः थियो । बजारमा पूर्ण कागजी माध्यममार्फत कारोबार हुन्थ्यो ।

त्यतिबेला बजार ओरालो लाग्नुको पछाडि को शीको बाढी नभई नेपाल राष्ट्र बैंकले सेयर धितो कर्जा (मार्जिन लेन्डिङ) मा ल्याएको नीतिगत कडाइ, प्रणालीमा देखिएको तरलता सङ्कुचन र बढ्दो ब्याजदर थियो । यसले एउटा महत्वपूर्ण तथ्य स्थापित गर्छ कि भौतिक विपत्तिले सूचीकृत कम्पनीको वासलात वा नाफामा प्रत्यक्ष क्षति नपुऱ्याएसम्म केवल प्रादेशिक वा भौगोलिक क्षतिले मात्र समग्र पुँजीबजारको दिगो दिशा परिवर्तन गर्न सक्दैन ।

२०७२ को गोरखा भूकम्प

वि.सं. २०७२ वैशाख १२ र २९ को विनाशकारी भूकम्पले नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को करिब एक-तिहाइ अर्थात् ७०६ अर्ब रुपैयाँ बराबरको आर्थिक क्षति पुऱ्यायो । भूकम्पका कारण करिब एक महिना बन्द भएर जेठ ११ गते खुलेको बजारमा पहिलो दिन नै परिसूचकमा तीव्र गिरावट आयो । पहिलो साताभित्रै नेप्से परिसूचक ८४१.९६ को बिन्दुसम्म ओर्लियो ।

तत्कालीन समयमा लगानीकर्तामा चरम निराशा छायो । तर, यो अल्पकालीन झट्कालगत्तै बजारले एउटा अकल्पनीय लय समात्यो । विपत्तिपछिको पुनर्निर्माणका लागि आएको

> विपत्तिले भत्काउने मात्रै गर्दैन, नयाँ निर्माण र लगानीको चक्र पनि सुरु गर्छ ।

वैदेशिक सहायता, बीमा दाबी भुक्तानी र सरकारी खर्चमार्फत बैङ्किङ प्रणालीमा व्यापक तरलता भित्रियो ।

ठीक त्यही समयमा नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाहरूको चुक्ता पुँजी चार गुणा बढाउने नीति अघि सार्‍यो । सस्तो ब्याजदर, पुँजी वृद्धिका लागि आएको हकप्रद र बोनस सेयरको बाढी तथा पुनर्निर्माणले अर्थतन्त्रमा ल्याएको गतिशीलताका कारण भूकम्प गएको १४ महिनाभित्रै (२०७३ साउन) नेप्सेले १८८१.४५ विन्दुको तत्कालीन ऐतिहासिक कीर्तिमान कायम गर्‍यो । भूकम्पले भत्काएको अर्थतन्त्रमा पुँजीबजारले भने सम्पत्ति सिर्जनाको नयाँ रेकर्ड बनायो ।

कोभिड-१९ महामारी

कोभिड-१९ महामारीका कारण वि.सं. २०७६ चैत ११ गतेदेखि सुरु भएको लकडाउनले सेयर बजार करिब तीन महिना पूर्ण रूपमा ठप्प भयो । २०७७ असारमा बजार खुल्दा सुरुवाती दिनमा सूचक ११०० बिन्दुको हाराहारीमा झर्‍यो ।

तर, यो महाव्याधि नेपाली पुँजीबजारका लागि सबैभन्दा ठूलो 'गेम चेन्जर' साबित भयो । भौतिक उपस्थितिमा हुने कारोबारलाई यसले बाध्यात्मक रूपमा पूर्ण प्रविधिमैत्री अनलाइन प्रणाली (टीएमएस) मा रूपान्तरण गरिदियो । घरमै बसेर कारोबार गर्न सकिने सुविधा, डिम्याट खाता र आईपीओमा आमसर्वसाधारणको बढ्दो आकर्षणले बजारमा खुद्रा लगानीकर्ता (रिटेल इन्भेस्टर) को अभूतपूर्व बाढी ल्यायो ।

व्यापार व्यवसाय ठप्प हुँदा लगानीका अन्य क्षेत्र सङ्कुचित भए, जसले गर्दा पुँजी सेयर बजारतिर सोझियो । केन्द्रीय बैंकको अत्यन्त लचिलो र सस्तो ब्याजदर नीतिका कारण नेप्से ११०० को बिन्दुबाट अगाडि बढेर २०७८ भदौ २ गते ३२०० अंकको सर्वकालीन उच्च विन्दु (अल टाइम हाइ) मा पुग्न सफल भयो ।

वि.सं. २०८१ असोजको बाढी-पहिरो

२०८१ असोज ११ र १२ गतेको अविरल वर्षा र बाढीले दर्जनौं जलविद्युत् आयोजना र पूर्वाधारमा गम्भीर भौतिक क्षति पुऱ्यायो । अब बजारमा रियल सेक्टर र जलविद्युत् कम्पनीहरूको हिस्सा उल्लेख्य भइसकेको हुनाले यस विपत्तिको असर सिधै बजारमा देखियो ।

विपत्तिलगत्तै जलविद्युत् समूह (हाइड्रोपावर इन्डेक्स) मा उच्च बिक्री चाप (प्यानिक सेलिङ) पऱ्यो । यद्यपि, बजारमा अघिल्ला दशकका जस्तो लामो समयसम्म प्यानिक टिकेन । निर्जीवन बीमा कम्पनीहरूमा परेको दाबी भुक्तानीको सुरुआत, पूर्वाधार पुनर्निर्माणका लागि राज्य संयन्त्रको परिचालन र राष्ट्र बैंकको निरन्तर लचिलो मौद्रिक नीति (घट्दो ब्याजदर) का कारण बजारले सम्हालिन धेरै समय लगाएन ।

भोटेकोशी-त्रिशूली बाढी

२०८३ भदौ १० (२६ अगस्ट २०२६) मा आएको भोटेकोशी-त्रिशूली बाढी र पहिरोले नेपालको सेयर बजार (नेप्से) मा अल्पकालीन तर प्रत्यक्ष नकारात्मक असर पारेको थियो । बाढी आएकै दिन (भदौ १०) नेप्से परिसूचक ३५.९२ अंक (१.३८ प्रतिशत) ले घटेर २,५५८.३५ विन्दुमा ओर्लिएको थियो ।



True Derma

SHOPPING FOR **DASHAIN?**



True Derma®

• पुँजीबजार

बाढीपछिको हप्ताभर बजार दबाबमा रहँदा नेप्से २५१३ विन्दुसम्म ओर्लियो, जसका कारण सेयर बजारको कुल पुँजीकरणमा लगानीकर्ताहरूले करिब १०५.६० अर्ब रुपैयाँभन्दा बढीको किताबी नोक्सानी (बुक लस) व्यहोर्नुपऱ्यो ।

क्षेत्रगत असर (सेक्टरल एनालाइसिस) का रूपमा मुख्य असर जलविद्युत् (हाइड्रोपावर) क्षेत्रमा देखियो, जहाँ व्यापक गिरावट र प्यानिक सेलिङ देखियो । रसुवा र भोटेकोशी-त्रिशूली करिडोरका चिलिमे (सीएचसीएल), रसुवागढी, सान्जेन, मैलुङलगायतका जलविद्युत् आयोजनाका बाँध (हेडवर्क्स), पेनस्टक पाइप, विद्युत् गृह र प्रसारण लाइनमा क्षति पुगी उत्पादन ठप्प हुन पुग्यो । त्यसैगरी, निर्जीवन बीमा (नन-लाइफ इन्स्योरेन्स) क्षेत्रका कम्पनीका सेयरमा बिक्री चाप बढ्दा मूल्यमा तीव्र गिरावट आयो । बाढीका कारण जलविद्युत्, सवारीसाधन र भौतिक सम्पत्तिमा ठूलो क्षति पुग्दा बीमा कम्पनीहरूमा करिब २१ अर्ब रुपैयाँभन्दा बढीको प्रारम्भिक दाबी (क्लेम्स) परेको हो ।

अप्रत्यक्ष दबाबमा रहेको बैंकिङ तथा वित्तीय (बैंकिङ एन्ड फाइनान्सियल) क्षेत्रमा पनि जोखिम देखियो । क्षतिग्रस्त जलविद्युत् आयोजनाहरूमा बैंकहरूको ठूलो ऋण (प्रोजेक्ट फाइनान्सिङ) रहेकाले साँवा-ब्याज असुली र सम्भावित खराब कर्जा (एनपीएल) बढ्ने जोखिमको त्रास देखिन्छ ।

जलविद्युत् आयोजनाहरूको भौतिक क्षति, बीमा भुक्तानीको स्थिति र मर्मतमा लाग्ने समयबारे प्रस्ट नभइसकेकाले लगानीकर्ता सतर्क बन्दा त्यसपछिका दिनमा बजारमा अल्पकालीन अनिश्चितता कायम रह्यो ।

सेयरबजार बढ्न नसक्नुको कारण र पुनरुत्थानको प्रयास

पुँजीबजारमा सुधारका लागि सरकारले 'पुँजीबजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजना, २०८३' अन्तर्गत २१ बुँदे कार्ययोजना अघि सारेको छ । यो कार्ययोजना कार्यान्वयन चरणमा अगाडि बढिसकेको छ ।

यहाँ रहेका २१ बुँदामध्ये धेरै उपायहरूले बजारको संरचना, तरलता (लिक्विडिटी) र मनोबल (कन्फिडेन्स) सुधार गर्न मद्दत पुऱ्याउँछन् । बजारको दीर्घकालीन मूल्य अन्ततः कम्पनीको नाफा, इक्विटीमा प्रतिफल (आरओई), लाभांश क्षमता (डिभिडेन्ड क्यापासिटी) र आर्थिक वृद्धि (इकोनोमिक ग्रोथ) ले निर्धारण गर्छ ।

> सङ्कटको समयमा केन्द्रीय बैंकले लिने नीति, बीमाको कभरेज र प्रविधिको प्रयोग नै पुँजीबजारलाई बचाउने मुख्य हतियार हुन् ।

यसले बैंकको कर्जा विस्तार (क्रेडिट ग्रोथ), उद्योगको उत्पादन वृद्धि, संस्थागत आम्दानी (कर्पोरेट अर्निङ्स) वृद्धि र आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन सक्छ । कार्ययोजनामा समेटिएका वस्तुगत बुँदाहरू, जस्तै कर सुधार र बैंकले सेयर होल्डिङ गर्ने अवधिसम्बन्धी व्यवस्था, कार्यान्वयनमा गइसकेका छन् ।

हिजो कोरोना संक्रमणको बेला सङ्कटको बाध्यताले सेयर बजारलाई प्रविधिसँग जोडेको थियो भने आजको राजनीतिक स्थिरता र नीतिगत दृढताले यसलाई पूर्ण सुसज्जित र विश्वस्तरीय पुँजीबजार बनाउन पनि सक्छ । २१ बुँदे कार्ययोजना कार्यान्वयनमा नीतिगत साहसिकता र आधुनिक औजारको सही संयोजन हुन सकेमा नेपाली पुँजीबजारले बहुआयामिक, परिपक्व र नवीन आधुनिक युगमा प्रवेश गर्ने सम्भावना अधिक देखिन्छ ।

दक्षिण एसियाली परिप्रेक्ष्य : सङ्कटपछिको `भी-सेप्ड´ पुनरुत्थान

प्राकृतिक विपत्ति र पुँजीबजारको यो विरो धाभासपूर्ण तर परिपूरक सम्बन्ध नेपालमा मात्र सीमित छैन । सन् २००१ को भारतको गुजरात भूकम्पपछि बम्बे स्टक एक्सचेन्ज (बीएसई सेन्सेक्स) मा तत्काल मन्दी आए पनि, सरकारको पुनर्निर्माण प्याकेज र सिमेन्ट/स्टिल उद्योगमा आएको उच्च मागका कारण एक वर्षभित्रै सेन्से क्सले `भी-सेप्ड´ पुनरुत्थान हासिल गरेको थियो । सन् २०१८ को केरल बाढीपछि पनि त्यहाँको बजारमा पूर्वाधारसम्बद्ध कम्पनीहरूको सेयर मूल्यमा बुलिस ट्रेन्ड देखिएको थियो ।

यसैगरी, श्रीलङ्कामा कोभिड-१९ र चरम आर्थिक सङ्कटका बीच कोलम्बो स्टक एक्सचेन्ज (सीएसई) ले अनलाइन प्रविधिको विस्तार र केन्द्रीय बैंकको तरलता प्रवाहका कारण खुद्रा लगानीकर्ताको बलियो उपस्थिति देखेको थियो ।

यसले के पुष्टि गर्छ भने सङ्कटको समयमा केन्द्रीय बैंकले लिने नीति, बीमाको कभरेज र प्रविधिको प्रयोग नै पुँजीबजारलाई बचाउने मुख्य हतियार हुन् ।

बजारलाई पुनरुत्थानतर्फ लैजाने मुख्य प्रेरक तत्वहरू

विपत्तिपछि बजार कसरी उकासिन्छ भन्ने पछाडि स्पष्ट आर्थिक विज्ञान र चक्र लुकेको हुन्छ । विपत्तिपछि वैदेशिक सहायता, सरकारको आपत्कालीन बजेट खर्च र सबैभन्दा महत्वपूर्ण विदेशी पुनर्बिमा कम्पनीहरूबाट आउने दाबी भुक्तानीले बैङ्किङ प्रणालीमा तरलता (लगानीयोग्य रकम) ह्वात्तै बढाउँछ ।

विपत्तिपछिको सम्भावित आर्थिक मन्दी टार्न केन्द्रीय बैंकहरू बाध्य भएर नीतिगत दरहरू घटाउने, पुनर्कर्जा दिने र सस्तो ब्याजदर कायम गर्ने नीति लिन्छन् । ब्याजदर घट्नु पुँजीबजार बढ्नुको सबैभन्दा बलियो आधार पनि हो ।

भत्किएका सडक, पुल, भवन र आयोजनाहरूको निर्माणले वास्तविक अर्थतन्त्र (रियल इकोनोमी) मा माग सिर्जना गर्छ । यसले सिमेन्ट, छड, बैंक कर्जा र रोजगारी बढाउँछ, जसको सकारात्मक प्रतिविम्ब सूचीकृत कम्पनीहरूको वासलातमा देखिन्छ । सङ्कटले पर म्परागत प्रणालीलाई भत्काएर नयाँ प्रविधि र प्रणाली अपनाउन बाध्य पार्छ, जसले बजारको दायरा र लगानीकर्ताको पहुँच विस्तार गर्छ ।

निष्कर्ष

विगत दुई दशकको तथ्याङ्क र प्रवृत्तिले एउटा निर्मम तर सत्य यथार्थ के अघि सार्छ भने नेपालजस्तो भौगोलिक जोखिमयुक्त देशमा प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा बजारमा मनोवैज्ञानिक आघात पुऱ्याए पनि, दीर्घकालमा यसले अर्थतन्त्र र सेयर बजारलाई तीव्र पुनरुत्थानको दिशामै धकेलेको पाइन्छ ।

विपत्तिले भत्काउँछ मात्रै होइन, नयाँ निर्माण र लगानीको चक्र पनि सुरु गर्छ । त्यसैले, लगानीकर्ताहरूले विपत्तिको त्रास (प्यानिक) मा परेर हतारमा घाटा खाएर सेयर बेच्नुभन्दा बजार चक्र, विगतका अनुभव तथा कम्पनीको आधारभूत पक्ष (फन्डामेन्टल्स), क्षतिको वास्तविक तथ्य, बीमा कभरेज र व्यवस्थापन तथा पुनर्निर्माण क्षमताको गहन विश्लेषण गरेर मात्र निर्णय लिनु बुद्धिमानी हुन्छ ।

विपत्तिलाई बजार विकासको अवसरका रूपमा सरकारले तथा नियामक निकायहरूले चालेका कदमहरूले सार्थकता पाएमा नेपालको पुँजीबजारको आधुनिकीकरण हुने सम्भावना प्रबल रहेको देखिन्छ ।

IMELIFE
Ensuring Future

सन्ततिको लागि आजै सोचौं आइएमई बालकिरण नै रोजौं



IMELIFE
बाल किरण
जीवन बीमा योजना

DOWNLOAD NOW !
OUR MOBILE APP



3rd Floor, Hathway Complex, Lainchaur, Kathmandu ☎ 977-01-4024071 977-01-5971433 info@imelifeinsurance.com



बैंक डुब्नुको कारण सञ्चालक समिति : सुशासन, अनुशासन र जवाफदेहिताको सवाल

नारायणराज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत, सिटिजन्स बैंक

नियम मिचेर होइन, नियमको सम्मान गरेर व्यवसाय गर्नुपर्छ । जोखिम लुकाएर होइन, पहिचान गरेर व्यवस्थापन गर्नुपर्छ । निर्णयको अधिकार प्रयोग गर्दा त्यसको जिम्मेवारी पनि स्वीकार गर्नुपर्छ ।

जब कुनै बैंक वा वित्तीय संस्था संकटमा पर्छ, कमजोर बन्दै जान्छ वा डुब्ने अवस्थामा पुग्छ, तब समाजमा अनेकौं चर्चा-परिचर्चा सुरु हुन्छन् । कर्मचारीको लापरबाही, बजारको मन्दी, तरलता अभाव, नियामकीय कमजोरी वा आर्थिक अनियमिततालाई त्यसका कारणका रूपमा औंल्याइन्छ । यीमध्ये कतिपय कारण वास्तविक पनि हुन सक्छन् । तर, कुनै पनि संस्थाको संकटलाई गहिराइबाट हेर्ने हो भने एउटा आधारभूत प्रश्न उठ्छ–त्यो संस्था कुन दिशामा जाँदैछ भनेर निर्णय गर्ने जिम्मेवारी कसको थियो ?

मेरो बुझाइमा, कुनै पनि बैंक तथा वित्तीय संस्थाको समग्र दिशा, नीति, जोखिमप्रतिको दृष्टिकोण र संस्थागत संस्कृतिको पहिलो जिम्मेवारी सञ्चालक समितिमाथि रहन्छ । बोर्डले संस्थालाई सही दिशामा डोऱ्याउने, जोखिम पहिचान गर्ने, व्यवस्थापनलाई उत्तरदायी बनाउने र संस्थागत हितलाई व्यक्तिगत स्वार्थभन्दा माथि राख्ने भूमिका निर्वाह गर्नुपर्छ ।

मैले बैंकिङ तथा संस्थागत सञ्चालनको अभ्यासबाट नजिकबाट बुझेको एउटा कुरा के हो भने–संस्था बाहिरबाट आएको आँधीले मात्र कमजोर हुँदैन, कतिपय अवस्थामा संस्थाभित्रै अनुशासन कमजोर भएपछि बाहिरी चुनौतीहरूका अगाडि त्यो टिक्न नसक्ने अवस्थामा पुग्छ ।

संस्थागत सुशासन र बोर्डको निर्णायक भूमिका

हामी जतिसुकै आधुनिक प्रविधि भित्र्यायौं, दक्ष कर्मचारी नियुक्त गरौं वा पर्याप्त पुँजी निर्माण गरौं, यदि संस्थाको नेतृत्व तह अनुशासित, जिम्मेवार र दूरदर्शी छैन भने संस्था जोखिममुक्त हुन सक्दैन ।

म बोर्डलाई संस्थाको स्टेयरिङसँग तुलना गर्छु । गाडीमा इन्जिन कति शक्तिशाली छ भन्ने मात्र महत्वपूर्ण हुँदैन; त्यसलाई सही बाटोमा कसरी चलाउने भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण हुन्छ । स्टेयरिङ सम्हाल्ने व्यक्तिले दिशा गुमायो भने राम्रो गाडी पनि दुर्घटनामा पर्न सक्छ । बैंक तथा वित्तीय संस्थामा बोर्डको भूमिका पनि यस्तै हो ।

बैंकमा जनताको पसिनाको कमाइ बचत हुन्छ । बचतकर्ताको विश्वास हुन्छ । व्यवसायीको भविष्य जोडिएको हुन्छ । अझ ठूलो अर्थमा हेर्दा, बैंकिङ प्रणालीसँग देशको अर्थतन्त्र नै जोडिएको हुन्छ । त्यसैले बैंकिङ संस्थामा निर्णय गर्ने अधिकारसँगै त्यसको जिम्मेवारी पनि उत्तिकै ठूलो हुन्छ ।

यदि बोर्डले नीति, नियम, कानुनी सीमा र संस्थागत प्रक्रियाभन्दा बाहिर गएर निर्णय गर्न थाल्यो भने समस्याको बीजारोपण त्यहींबाट हुन्छ । जोखिम मूल्यांकन नगरी कर्जा प्रवाह गर्नु, सम्बन्धित व्यक्ति वा संस्थालाई अनुचित लाभ पुग्ने गरी निर्णय गर्नु, व्यवस्थापनमाथि अनुचित दबाब सिर्जना गर्नु वा आन्तरिक नियन्त्रण प्रणालीलाई कमजोर बनाउनु संस्थागत सुशासनका गम्भीर चुनौती हुन् ।

संस्थालाई चलाउने आधार–अनुशासन

एउटा संस्था स्थापना गर्नु चुनौतीपूर्ण काम हो । तर त्यसलाई लामो समयसम्म स्वस्थ, सक्षम र विश्वसनीय बनाएर सञ्चालन गर्नु त्योभन्दा धेरै कठिन काम हो । यसका लागि पुँजी, प्रविधि र दक्ष जनशक्ति आवश्यक छन् । तर, यी सबैलाई सही दिशामा परिचालन गर्ने आधार भने को अनुशासन हो ।

GH MEDIHEALTH CONCERN PVT. LTD.

Medical Solutions

Buddhanagar, Kathmandu | Tel: +977-1-5706016, 570509

Hom Prasad (Mukunda)
Managing Director

Cell : +977-9851141089/9810332969
Email : ghnepal44@gmail.com



DEAL IN

Medicines, Surgical Items, Lab Chemicals, X-Ray Film, Dialysis Product Disposable Items, Hospital Furnitures & Many more...

KOHINOOR
Investment & Securities Pvt. Ltd.
Stock Broker No. 35

NEW FEATURE

INTRODUCING AMO

After-Market Order (AMO)

Is now available on Kohinoor TMS!"

"No need to wait for market hours to place your orders. Simply log in to your TMS account, place your **After Market Order (AMO)**, for the next trading session."

"Be ready for the next trading session."



- More flexibility
- Save time
- Trade at your convenience

AMO Window:
5:00 PM – 10:00 AM
(Next Day)

Log in to your **TMS** today and start using the new **After Market Order (AMO) feature.**

www.kohinoorinvestment.com | 01-4542858, 01-4542857 | admin@kohinoorinvestment.com

एउटा बैंकको भविष्य केवल त्यसको वित्तीय विवरणले निर्धारण गर्दैन । त्यसको भविष्य बोर्डको सोच, नेतृत्वको आचरण, कर्मचारीको संस्कार र संस्थाले जनताको विश्वासलाई कति सम्मान गर्छ भन्ने कुराले पनि निर्धारण गर्छ ।

अनुशासन भन्नाले कार्यालय समयमा उपस्थित हुनु वा औपचारिक पोसाक लगाउनु मात्र होइन । संस्थागत सन्दर्भमा अनुशासन भनेको नीतिगत इमानदारी, प्रक्रियाको पालना, नैतिक आचरण, निर्णयमा पारदर्शिता र संस्थाको हितप्रतिको प्रतिबद्धता हो । मैले सधैं महसुस गरेको कुरा के हो भने नेतृत्व आफैं अनुशासित नभई संस्थाभित्र अनुशासन कायम गर्न सकिँदैन । बोर्ड र प्रमुख कार्यकारी अधिकृत (सीईओ) ले नियमको सम्मान गरेनन् भने तल्लो तहका कर्मचारीबाट मात्र नियमपालनको अपेक्षा गर्नु व्यावहारिक हुँदैन ।

नेतृत्वले जे गर्छ, संगठनले त्यसैबाट सिक्छ । त्यसैले संस्थागत सुसंस्कृतिको सुरुवात माथिल्लो तहबाटै हुन्छ ।

व्यक्तिगत स्वार्थ र संस्थागत हित

कुनै पनि संस्थालाई कमजोर बनाउने प्रमुख कारणमध्ये व्यक्तिगत स्वार्थ पनि एक हो । जब कुनै सञ्चालक वा नेतृत्वकर्ताले संस्थालाई आफ्नो व्यक्तिगत वा व्यावसायिक स्वार्थ पूरा गर्ने माध्यमका रूपमा प्रयोग गर्न थाल्छ, त्यहाँबाट संस्थागत जोखिम बढ्न थाल्छ ।

कमजोर धितोमा कर्जा प्रवाह गर्ने, सम्बन्धित व्यक्ति वा समूहलाई अनुचित सुविधा दिने, संस्थाको स्रोतको दुरुपयोग गर्ने वा निर्णय प्रक्रियामा पारदर्शिता कायम नगर्ने प्रवृत्तिले अन्ततः संस्थालाई नै कमजोर बनाउँछ ।

सञ्चालक समितिमा बस्ने व्यक्तिले एउटा कुरा कहिल्यै बिर्सनु हुँदैन–उनीहरू केवल संस्थाका मालिक वा प्रतिनिधि होइनन्, संस्थाका संरक्षक पनि हुन् । बैंकमा पैसा राख्ने बचतकर्ताले आफ्नो आजको कमाइ मात्र राखेका हुँदैनन्, उनीहरूले आफ्नो भविष्यको आशा र विश्वास पनि त्यहाँ राखेका हुन्छन् । त्यसैले त्यो विश्वासको संरक्षण गर्नु सञ्चालकको नैतिक जिम्मेवारी हो ।

व्यक्ति होइन, प्रणाली बलियो हुनुपर्छ

अनुशासित संस्था कुनै एक व्यक्तिको इच्छामा होइन, बलियो प्रणाली र प्रक्रियामा आधारित हुन्छ । यदि कुनै बैंक एउटा व्यक्तिको निर्णय, प्रभाव वा सनकमा चल्न थाल्यो भने त्यसको संस्थागत आधार कमजोर हुँदै जान्छ । कर्जा प्रवाह, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण, अडिट, अनुपालन तथा अन्य सबै प्रक्रियामा निश्चित मापदण्ड हुनुपर्छ । नियम सबैका लागि समान हुनुपर्छ ।

हामी कहाँ कहिलेकाहीं 'एक पटकका लागि यस्तै गरौं' भन्ने मानसिकता देखिन्छ । तर, संस्थागत व्यवस्थापनमा त्यही एउटा अपवादले भोलि अर्को अपवादको बाटो खोल्न सक्छ । त्यसपछि नियम अपवाद बन्न थाल्छ र अपवाद नै नियमजस्तो देखिन थाल्छ । मेरो अनुभवमा, ठूलो समस्या थैरैपटक ठूलो निर्णयबाट होइन, सानो नियमलाई बेवास्ता गर्ने संस्कृतिबाट सुरु हुन्छ ।

नेतृत्वको नैतिक जिम्मेवारी

अधिकार र जिम्मेवारी सँगसँगै जान्छन् । निर्णय गर्ने अधिकार बोर्डसँग छ भने त्यस निर्णयको परिणामप्रति जवाफदेहिता पनि बोर्डकै हुनुपर्छ ।

संस्था राम्रो चलेको समयमा त्यसको सफलता व्यवस्थापन, कर्मचारी र बोर्ड सबैको साझा उपलब्धि हो । तर, संस्थामा गम्भीर समस्या देखिँदा जिम्मेवारी अरूमाथि मात्र थोपर्न खोज्नु नेतृत्वको उचित अभ्यास होइन ।

असल नेतृत्वले सफलता पाउँदा श्रेय बाँड्छ र समस्या आउँदा जिम्मेवारी लिन अगाडि सर्छ । गल्ती भएको छ भने त्यसबाट सिक्ने र त्यही गल्ती पुनः नदोहोरिने प्रणाली निर्माण गर्ने काम पनि नेतृत्वकै हो । यससँगै नियामक निकायको भूमिका पनि महत्वपूर्ण हुन्छ । प्रभावकारी नियमन, समयमै निगरानी, जोखिमको पहिचान र आवश्यक सुधारात्मक कदम वित्तीय स्थायित्वका लागि अपरिहार्य छन् । तर, नियमन मात्र बलियो भएर पुग्दैन; संस्थाभित्रैबाट जिम्मेवारी र आत्मअनुशासनको संस्कृति विकास हुनुपर्छ ।

अन्ततः बैंक भवन, प्रविधि, पुँजी र सफ्टवेयरले मात्र बलियो बन्दैन । बैंक बलियो बन्ने आधार भनेको जनताको विश्वास, सक्षम नेतृत्व, इमानदार कर्मचारी, प्रभावकारी प्रणाली र संस्थागत सुशासन हो ।

हामीले आफ्ना बैंक तथा वित्तीय संस्थालाई दीर्घकालीन रूपमा बलियो बनाउने हो भने संस्था व्यक्तिभन्दा ठूलो हो र संस्थागत हित व्यक्तिगत स्वार्थभन्दा माथि हुन्छ भन्ने एउटै स्पष्ट सन्देश बोर्डदेखि कर्मचारीको तल्लो तहसम्म स्थापित गर्नुपर्छ । नियम मिचेर होइन, नियमको सम्मान गरेर व्यवसाय गर्नुपर्छ । जोखिम लुकाएर होइन, पहिचान गरेर व्यवस्थापन गर्नुपर्छ । निर्णयको अधिकार प्रयोग गर्दा त्यसको जिम्मेवारी पनि स्वीकार गर्नुपर्छ । मेरो विचारमा, बैंकिङ क्षेत्रमा आजको सबैभन्दा ठूलो आवश्यकता केवल पुँजी वृद्धि वा प्रविधिको विस्तार होइन; अनुशासन, सुशासन र जवाफदेहिताको संस्थागत संस्कृति निर्माण गर्नु हो । एउटा बैंकको भविष्य केवल त्यसको वित्तीय विवरणले निर्धारण गर्दैन । त्यसको भविष्य बोर्डको सोच, नेतृत्वको आचरण, कर्मचारीको संस्कार र संस्थाले जनताको विश्वासलाई कति सम्मान गर्छ भन्ने कुराले पनि निर्धारण गर्छ ।

अन्ततः संस्था बचाउनु भनेको एउटा कम्पनी बचाउनु मात्र होइन । त्यससँग जोडिएको बचतकर्ताको विश्वास, कर्मचारीको भविष्य, व्यवसायीको आशा र समग्र अर्थतन्त्रको स्थायित्व जोगाउनु हो । त्यसैले बैंक तथा वित्तीय संस्थाको नेतृत्व गर्ने प्रत्येक व्यक्तिले आफ्नो पदलाई अधिकारभन्दा पहिले जिम्मेवारीका रूपमा बुझ्न आवश्यक छ । संस्थागत अनुशासन बलियो भयो भने संस्था बलियो हुन्छ, संस्था बलियो भयो भने वित्तीय प्रणाली बलियो हुन्छ र वित्तीय प्रणाली बलियो भयो भने मात्र जनताको विश्वास र अर्थतन्त्र दिगो रूपमा बलियो बन्न सक्छ ।

Shikhar Insurance
Happysurance

शिखर स्वास्थ्य सुरक्षा

शु - स्वास्थ्यको कामना

Shikhar Swasthya Surakshya designed for individuals and families covering Inpatient and Outpatient services in multispeciality network hospitals.



Shikhar Insurance
Happysurance

21 Years OF DELIVERING HAPPINESS

ICRA AA-
ISSUER RATING "[ICRANP-IR] AA-" FROM ICRA(NEPAL)

ISO/IEC 27001:2022

Shikhar Biz Center, Thapathali, Kathmandu, Nepal Ph: 01-5346101, 5346102
www.shikharinsurance.com | Email: inquiry@shikharinsurance.com





अर्थतन्त्रको `क्लोज सर्ट': `अब सानो सुधारले पुग्दैन'

अहिलेको सरकारको शक्ति कहाँ छ भन्ने कुरा लगानीकर्ताले बुझ्न सकेका छैनन् । शक्ति कहाँ छ भन्ने थाहा भए त्यहीं गएर कुरा गर्थे । जहाँ गएर कुरा गर्छन्, त्यहाँबाट कुनै सहारा प्राप्त नहुने र कहाँ गएर कुरा गर्दा समस्या समाधान हुन्छ भन्ने नै थाहा नहुने अवस्थामा लगानीकर्ता रहेको देखिन्छ ।

नेपाल सरकारका पूर्वसचिव **रामेश्वर खनाल** जेनजी आन्दोलनपछि गठित पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको मन्त्रिमण्डलमा अर्थमन्त्री भए । प्रशासनिक क्षेत्रका जटिल चुनौतीहरूलाई सहजै सुल्झाउन सक्ने क्षमता भएका उनी आफ्नो समयका सबैभन्दा समझदार प्रशासकका रूपमा चिनिन्छन् । आर्थिक प्रशासन क्षेत्रको गहिरो अनुभव बटुलेका खनालले जेनजी आन्दोलनपछि देशमा चरम निराशा छाएको वेला अर्थमन्त्रालयको नेतृत्व सम्हालेर उच्चस्तरीय नीतिगत सुधार, बजार स्थिरता र सुशासन अभिवृद्धि गरी शिथिल बनेको अर्थतन्त्रलाई गतिशीलता प्रदान गरे । लामो समयदेखि अर्थतन्त्रलाई नजिकबाट चियाएका उनै खनालसँग अर्थतन्त्रका विविध आयामहरूमा **नेपालक्लिक्स**का लागि सीता बुढाथोकीले गरेको संवादको सम्पादित अंश

पुराना दलहरूको नीति र नेतृत्वप्रतिको नागरिकको चरम निराशा जेनजी आन्दोलनमा प्रस्फुटन भयो । त्यसपछि बनेको चुनावी सरकारमा सामेल भइ शिथिल अर्थतन्त्रलाई एउटा गति दिने काम तपाईंबाट भयो । त्यसपछि दुई तिहाइ नजिकको शक्तिशाली सरकार बनेको छ । आम बुझाइ थियो, अब नीतिगत स्थिरता हुन्छ, अर्थतन्त्रले गति लिन्छ । तर सरकार गठनको ६ महिना बित्दा निजी क्षेत्रलाई विश्वासमा लिएको र अर्थतन्त्रले गति लिन नसकेको आम टिप्पणी छ । तपाईंले कसरी हेर्नुभएको छ ?

मैले धेरै जिल्ला घुमेर बुझेअनुसार आम मानिसको अपेक्षा मुखले एउटा कुरा बोल्ने र काम अर्को गर्ने, आफन्तलाई पोस्ने, सत्तामा पुगेपछि सार्वजनिक सम्पत्ति, सार्वजनिक स्रोत र प्राप्त कानुनी अधिकारको दुरुपयोग गर्ने तथा आफ्नालाई पक्षपोषण गर्ने प्रवृत्ति अब दोहोरिँदैन भन्ने थियो । त्यो भरोसा अहिले पनि आम मानिसमा पूर्ण रूपमा हराइसकेको जस्तो मलाई लाग्दैन । काठमाडौंको प्रबुद्ध वर्ग वा आफूलाई सुसूचित र विज्ञ ठान्ने वर्गले विभिन्न विषयमा टिप्पणी गरेको होला ।

तर आम मानिसमा अझै पनि यो सरकार भ्रष्टाचार गर्दैन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाएको छ भन्ने धारणा देखिन्छ । मन्त्रीका विषयमा एक-दुईवटा सार्वजनिक टिप्पणी आउँदा पनि हटाइएको छ । आफ्ना, नजिकका वा विगतमा सहयोग गरेका मानिसलाई संरक्षण गरेको छैन भन्ने धारणा पनि आम मानिसमा छ । त्यसैले आम मानिसले यो सरकारप्रति आशा गुमाइसकेको अवस्था छैन ।

तर अर्को पाटो पनि छ । नेपालमा एउटा साम्भ्रान्त वर्ग छ, जसको पहुँच सदा राष्ट्रिय स्रोतमा रहेको देखिन्छ । त्यसका केही संरचनागत र केही राजनीतिक शक्तिको उपयोगका कारण छन् ।

विशेषगरी व्यावसायिक जगतले करिब दुईतिहाइ शक्तिसहितको सरकार आएपछि अब सरकारले बोलेका कुरा पूरा गर्ला, पुराना दलको जस्तो व्यवहार नदेखाउला र नीतिगत स्थिरता देला भन्ने अपेक्षा गरेको थियो । विगतमा जस्तो लगानीका लागि अस्थिर वातावरण नहोला भन्ने अनुमान थियो । व्यवसायीहरूसँग प्रत्यक्ष र सरकार संलग्न नभएका बैठकमा अनौपचारिक रूपमा कुरा गर्दा लगानीको वातावरण ज्यादै खस्किएको महसुस हुन्छ । सरकार संलग्न बैठकमा भने उहाँहरू अलि संयमित देखिनुहुन्छ, सायद भय वा त्रासका कारण होला ।

व्यवसायीहरूले सबैभन्दा बढी उदाहरण करका दरको दिन्छन् । बजेट आइसकेपछि पनि करका दर परिवर्तन भएका छन् । आर्थिक वर्ष सुरु हुनुभन्दा अगाडि पनि परिवर्तन भए, बजेट पास गर्नुभन्दा अगाडि पनि परिवर्तन भए र अहिले पनि आज परिवर्तन हुन्छ कि भोलि अन्योल छ ।

त्यसकारण शक्ति कहाँ छ भन्ने कुरा लगानीकर्ताले बुझ्न सकेका छैनन् । शक्ति कहाँ छ भन्ने थाहा भए त्यहीँ गएर कुरा गर्थे । जहाँ गएर कुरा गर्छन्, त्यहाँबाट कुनै सहारा प्राप्त नहुने र कहाँ गएर कुरा गर्दा समस्या समाधान हुन्छ भन्ने नै थाहा नहुने अवस्थामा लगानीकर्ता रहेको मैले देखेको छु ।

सरकारले यो कुरा सुनेको छ कि छैन ?

मलाई थाहा छैन । सरकारी फोरममा उहाँहरूले यस्तो कुरा राख्नुहुन्न ।

जेनजी आन्दोलनको मूल मागमध्ये एक सुशासन थियो । भ्रष्टाचार नगर्नु मात्रै सुशासन होइन, तर यसैलाई मात्रै सुशासनको रूपमा सरकारले प्रस्तुत गर्न खोजेको हो कि भन्ने प्रश्न पनि उठ्छ । तपाईंले नजिकबाट हेर्दाको बुझाइ के छ ?

भ्रष्टाचार र सुशासन एउटै होइन भन्ने कुरामा दुविधा छैन । सुशासनको समग्र अवधारणाभित्र भ्रष्टाचार नियन्त्रण पनि पर्छ । तर भ्रष्टाचार नियन्त्रण गर्दैमा मात्रै सुशासन हुँदैन । अर्को कुरा, भ्रष्टाचार भनेको खाली आर्थिक स्रोत वा सम्पत्तिको दुरुपयोग मात्रै होइन । गलत आचरण गर्नु पनि भ्रष्टाचार हो । उदाहरणका लागि अवाञ्छित अधिकार सिर्जना गर्नु पनि भ्रष्टाचारकै एउटा रूप हो ।

आम मानिसले यस्ता विषयलाई उदाहरणबाट बुझ्छन् । सार्वजनिक सम्पत्तिमाथिको अतिक्रमणबारे नेपालमा विभिन्न धारणा छन् । सम्पत्ति नभएको मानिस गएर सार्वजनिक जग्गामा बस्यो भने त्यसलाई मानवीय संवेदनासहित हेर्ने दृष्टिकोण पनि हुन सक्छ । तर त्यस्तो बस्ती विस्तार हुँदै जाँदा त्यहाँका मानिसको जीवनमा पनि समस्या आउन सक्छ र उनीहरू त्यहींबाट बाहिर निस्कन नसक्ने अवस्थामा पुग्न सक्छन् ।

सरकारले सार्वजनिक जग्गा वा नदी किनारका अतिक्रमण हटाउँदा त्यसलाई मैले ऐतिहासिक रूपमा सबै समस्या समाधान भयो भनेर प्रशंसा गरेको होइन । तर आम मानिसले त्यसबाट एउटा कुरा सिकेका छन्– सरकारले बोलेपछि गर्दो रहेछ । त्यसैगरी, लामो समयसम्म लाइसेन्स नवीकरण नभएका मानिसहरूले अहिले समयमै लाइसेन्स पाएका छन् । सरकारले एक महिनामै काम सुरु गरेर तीन महिनाभित्र घरघरमा



हुलाकमार्फत पुऱ्याउने काम गऱ्यो । हुलाकबाट पासपोर्ट आउन थाल्यो । यस्ता कुराले आम मानिसलाई प्रत्यक्ष रूपमा छुन्छ । बुद्धिजीवीले किताब लेख्दा वा विश्लेषण गर्दा यस्ता कुरा ठूलो विषय नमान्न सक्छन् । तर आम मानिसका लागि यी अत्यन्त महत्वपूर्ण विषय हुन् ।

कृष्णभीरको बाटोको उदाहरण पनि त्यस्तै हो । अर्को सरकार भएको भए १२ दिनमा बन्थ्यो कि बन्दैनथ्यो, हामी तुलना गर्न सक्दैनौं । तर मानिसले के ठान्छ भने यही सरकार भएकाले १२ दिनमा बाटो बन्यो ।

भूकम्पको उदाहरण पनि छ । २०७२ सालको भूकम्प हामीले देखेका छौं । राहत, पुनःस्थापना र पुनर्निर्माणबीचको फरक हामीले अनुभव गरेका छौं । जाजरकोटको भूकम्प शक्तिशाली सरकार भएको वेलामा आयो । अहिले पनि त्यहाँ राहत र पुनःस्थापनाको काम बाँकी रहेको देखिन्छ, पुनर्निर्माणको कुरा छोडौं । अहिले सरकारले जुन स्केलमा काम गरेको देखिन्छ, त्यसले आम मानिसमा 'सरकारले बोलेको कुरा गर्छ' भन्ने धारणा बनाएको छ । एउटा सरकारले यो गर्छ, त्यो गर्छ र बोलेको कुरा पूरा गर्छ भन्ने कुरा देखेपछि त्यसले जनमानसमा सकारात्मक प्रभाव पार्छ ।

तर यो त 'लङ सट' भयो । 'मिड सट'मा हेर्दा मध्यमवर्ग वा एलिट वर्गको सरकारप्रतिको मूल्यांकन फरक छ । 'क्लोज सट'मा हेर्दा सरकारले बनाउन खोजेको संस्थागत प्रणाली, सुशासनको 'इको सिस्टम' र सुधारका विषयमा प्रश्न उठिरहेका छन् । खासगरी संस्थाप्रति जनविश्वास देखिँदैन । सरकारलाई 'रिफर्म' वा 'डिपार्चर' गर्न केले रोकेको छ ? संसद् बाधक हो कि सरकार आफैंले रोडम्याप छुट्याउन नसकेको हो ?

सरकारको 'स्पिरिट' ठीक हुँदाहुँदै पनि विधि र प्रक्रियाको सम्बन्धमा कतिपय ठाउँमा चुकेको छ । पहिलो कुरा यही हो । दोस्रो, अहिले सरकारमा रहेको नेतृत्व राजनीतिक नेतृत्व होइन भन्ने कुरा उहाँहरूले व्यवहार र बोलीबाट कतिपय ठाउँमा प्रकट गर्नुभएको छ । राजनीतिक नेतृत्व र गैरराजनीतिक नेतृत्वको चरित्र फरक हुन्छ ।

राजनीतिक नेतृत्वले संवादमा बढी विश्वास गर्छ र 'कन्फ्रन्टेसन'भन्दा सहकार्यमा विश्वास गर्छ । अहिले संसद्सँगको संवादहीनता ज्यादै

ग्लोबल आइएमईको भर, आफ्नै कार र घर

ग्लोबल निश्चिन्त आवास योजना
ग्लोबल ग्रीन होम लोन
ग्लोबल अठो लोन

*यो योजना सीमित अवधिको लागि मात्र ।
*सर्तहरु लागू हुनेछन् ।



लोन आवेदन दिनको लागि
QR स्क्यान गर्नुहोस्

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

थुनेर सुन्ने कि, सुनेर थुन्ने ? व्यवसायीलाई थुनिदिँदा त्यस व्यवसायमा आश्रित हजारौँ मानिसको रोजगारी संकटमा पर्न सक्छ । त्यसैले जमानी वा 'एन्टिसिपेटरी बेल'जस्ता कानुनी प्रावधानलाई प्रभावकारी बनाउन सकिन्छ ।

अस्वाभाविक छ । सरकारका कुनै पनि मन्त्रीले संसद्सँग त्यस्तो किसिमको संवाद गरेको देखिँदैन । कतिपय अवस्थामा संसद्मा छलफल एकाङ्गी रूपमा चलिरहेको हुन्छ, सरकारका प्रतिनिधि अनुपस्थित हुनुहुन्छ वा महत्वपूर्ण समयमा उठेर हिँड्नुहुन्छ । त्यो राजनीतिक चरित्र भएन । त्यसैका कारण कतिपय काम जुन गतिमा सरकारले अगाडि बढाउन चाहेको थियो, सरकार आफैँले पनि अगाडि बढाउन सकिरहेको छैन ।

नेपालको आर्थिक वातावरण सुधार्न दर्जनौँ ऐन परिवर्तन गर्नुपर्ने अवस्था छ । मैले काम गरेको आयोगले पनि दुई दर्जन ऐनको नामै तोकेर परिवर्तन गर्नुपर्ने सुझाव दिएको थियो । त्यसबाहेक अरू धेरै ऐनका निश्चित दफा परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याइएको थियो ।

'फरेन्सिक ल्याब'सम्बन्धी कानुन नभएका कारण कतिपय विषय टुंगिन सकेका छैनन् । अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु निर्यात गर्न गुणस्तरसम्बन्धी मापदण्डमा पनि कानुनी कमजोरी छन् । यी सबै सुधार गर्न सकिन्थ्यो । सरकार चैत १२ गते आएको हो । जेठ १५ सम्म बजेट निर्माणमा व्यस्त भयो भन्ने मानौँ । तर त्यसपछि पनि करिब ४ महिनाको अवधि बितिसकेको छ । बजेटसँग सम्बन्धित ऐनबाहेक अन्य महत्वपूर्ण ऐन कति पारित भए भनेर हेर्नुभयो भने उल्लेख्य संख्या देखिँदैन । यसको कारण राजनीतिक संस्कार र राजनीतिक अपरिपक्वता हो । संसद्सँग संवादहीनता भएकाले सहकार्य हुन सकेन ।

अहिले लाइसेन्स समयमै पाउने, पासपोर्टसम्बन्धी गतिरोध अन्त्य हुने, मालपोत कार्यालयमा बिचौलिया घट्ने, विभिन्न कार्यालयका कार्यविधिमा सुधार हुने जस्ता काम भएका छन् । त्यसैले अहिले पब्लिक तत्कालका लागि खुसी छ । तर 'लङ सट'का सुधार गर्न सकेन भने केही समयपछि वितृष्णा आउन सक्छ । २०७४ सालमा केपी ओलीको सरकार बनेपछि सुरुका ६ महिना पनि यस्तै उत्साह थियो । नियुक्तिदेखि अर्थमन्त्री छनोटसम्म राम्रो भयो भन्ने धारणा बन्यो । तर ६ महिनापछि परिस्थिति बदलियो र पार्टी आफैँ विखण्डनको बाटोमा गयो । त्यसैले अहिलेको सरकार पनि त्यस्तो जोखिममा जान सक्छ ।

त्यसो भए अहिलेको सरकारको ६ महिनाको अवधिप्रति तपाईं सन्तुष्ट हुनुहुन्न ?

मैले आफ्नो तर्फबाट बोलेको भए त यो ६ महिनामा ती सबै कानुन परिवर्तन गरिसक्थेँ । धेरै काम गर्न सकिन्थ्यो । तर त्यसको तात्पर्य म पूर्ण रूपमा असन्तुष्ट छु भन्ने होइन । मैले बोलेको कुरा मूलतः 'पब्लिक'को आवाज हो ।

अर्थमन्त्री र गभर्नरबीच नीतिगत मतभिन्नता देखिएको चर्चा पनि छ । वास्तविकता के हो ?

सार्वजनिक रूपमा र मिडियामा आएका विषयका आधारमा मैले दुवै जनासँग प्रत्यक्ष भेटेर कुरा गरेको छु । टेलिफोन र म्यासेजमा पनि कुरा गरेको छु । दुवै जना मेरा अनन्य मित्र हुनुहुन्छ ।

विगतमा अर्थमन्त्री र गभर्नरबीच ठूलो द्वन्द्व भएका कारण नेपाल राष्ट्र बैंकका कतिपय नीति समयमा सच्याउन नसकिएको अवस्था थियो । राष्ट्र बैंकबाट गरिने कतिपय काम 'एन्टिबायोटिक'जस्तै हुन्छन्– निश्चित समय काम गर्छन्, त्यसपछि बन्द गर्नुपर्छ । तर त्यतिबेला अर्थमन्त्रीले बन्द गर्न नदिएको, उल्टै गालीगलौज गरेको र गभर्नरलाई निलम्बनसम्म गरेको अवस्था आयो । त्यसको असर नेपालको अर्थतन्त्रले अहिलेसम्म भोगिरहेको छ ।

त्यसैले अहिले पनि अर्थमन्त्री र गभर्नरबीच संवाद छैन भन्ने समाचार आएपछि मैले दुवैलाई सोधेँ । दुवै जनाले 'होइन, हाम्रो अत्यन्त सुमधुर सम्बन्ध छ, परस्पर सल्लाहमा काम गरेका छौँ' भन्नुभयो । दुवै जनाले एउटै कुरा भन्नुभएको हो । मलाई उहाँहरूको भनाइ बनावटी जस्तो पनि लागेन । प्रधानमन्त्री र अर्थमन्त्रीबीच समन्वय छैन भन्ने चर्चा पनि थियो । अर्थमन्त्रीसँग सोध्दा उहाँले प्रधानमन्त्रीसँग निरन्तर संवाद हुने र आफूले दिएको सल्लाहअनुसार प्रधानमन्त्रीले कतिपय निर्णय गरेको बताउनुभयो ।

नीतिगत स्थिरताको अर्थ जडसूत्रवाद होइन । सरकारले कुनै गलत निर्णय गरेको छ भने सार्वजनिक हितका लागि त्यसलाई सच्याउनु नीतिगत अस्थिरता होइन । नीतिगत स्थिरता भनेको बजार र अर्थतन्त्रलाई गतिशील राख्न आवश्यक असल नीतिलाई निरन्तरता दिनु हो । त्यसैले आवश्यक ठाउँमा नीति सच्याउनु स्वाभाविक हो ।

सरकारको 'रोडम्याप'मै विरोधाभास देखिएको छ भन्ने प्रश्न पनि उठ्छ । अर्थमन्त्रीले निजी क्षेत्रलाई प्राथमिकता दिने संकेत गर्नुहुन्छ, तर प्रधानमन्त्रीले उदयपुर सिमेन्ट, हेटौँडा कपडा कारखानालगायत सरकारी उद्योग सञ्चालन गर्ने विषयमा जोड दिनुभएको देखिन्छ । यसलाई कसरी हेर्नुहुन्छ ?

अहिलेको सरकारका केही मन्त्री राजनीतिमा नयाँ भएकाले उहाँहरूलाई 'बेनिफिट अफ डाउट' दिनुपर्छ । सरकार चलाउने राजनीति नगरेको अवस्थामा सरकारको स्रोत कसको हो, राज्यको दायित्व के हो र सरकारको स्रोत कहाँबाट आउँछ भन्ने कुरा बुझ्न केही समय लाग्न सक्छ । विगतमा पनि यस्तै भएको थियो । कतिपय सरकारले जनताको करबाट आएको पैसा कसरी परिचालन गर्ने भन्ने कुरा नबुझ्दा गलत निर्णय गरेका उदाहरण छन् । सरकारले व्यवसाय गर्नु हुँदैन भन्ने धारणा पनि सही हो इन । अहिले संसारभर सरकार नियमनकारी मात्रै भएर बस्ने र अत्यन्त 'स्लिम' हुने पुरानो अवधारणा परिवर्तन भएको छ । मुलुकको विकास र नागरिकको समृद्धिका लागि जो प्रभावकारी हुन्छ, उसैलाई अगाडि बढाउने नयाँ धारणा हो ।


निजी क्षेत्र प्रभावकारी हुन्छ भने निजी क्षेत्रलाई स्थान दिनुपर्छ । निजी क्षेत्र एक्लैले गर्न सक्दैन भने सरकार र निजी क्षेत्र मिलेर गर्नुपर्छ । दुवैले गर्न नसक्ने अवस्थामा सरकारले अगाडि बढ्नुपर्छ ।

कृत्रिम बौद्धिकतामाथिको अनुसन्धान र लगानीलाई हेर्नुस् । अमेरिकादेखि चीनसम्म सरकार र निजी क्षेत्र दुवैको भूमिका छ । चीनका ठूला ईभी उत्पादक कम्पनीमा पनि सरकारी र निजी क्षेत्रको संयुक्त वा सरकारी स्वामित्व देखिन्छ । तर नेपाल सरकार अहिले ठूलो व्यवसाय सञ्चालन गर्ने क्षमतामा पुगेको छैन । नेपाली सेनाको अवस्था पनि त्यही हो ।

तपाईको सीपलाई व्यवसाय बनाउनुहोस्,

आत्मनिर्भर बन्दै आफूलाई उद्यमी बनाउनुहोस्

रिलायन्स महिला उद्यमी कर्जा









३ दिनमै
कर्जा सुविधा

* Conditions apply.

आत्मनिर्भर महिला, समृद्ध परिवार
समुन्नत भविष्यको लागि

• सुलभ ब्याजदर • सरल प्रकृया • लचिलो ऋण अवधि • सम्पूर्ण प्रक्रियामा व्यक्तिगत परामर्श

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

सुरक्षित स्थान । शान्त वातावरण ।
आधुनिक सुविधा सहितको जीवन ।

Greenhill City
Your Dream Home

तपाईंको सपना,
हाम्रो प्रतिबद्धता ।

Greenhill City,
your forever home.

सुविधा, शान्ति र आत्मीयताको समन्वयमा
विकसित यो आवासीय समुदायले तपाई र
तपाईको परिवारको लागि बनाउँछ
एक सुन्दर भविष्य ।

- सुरक्षित र भरपर्दो आवासीय वातावरण
- शान्त, स्वच्छ र हरियाली परिवेश
- सुगम पहुँच, उत्कृष्ट कनेक्टिभिटी
- आधुनिक डिजाइन र गुणस्तरीय निर्माण



आजको लगानी, भोलिको सुन्दर जीवन ।

सम्पर्कका लागि:
9801242010 | 9801242011

विस्तृत जानकारीको लागि:
www.thegreenhillcity.com

सुरक्षित जीवन | शान्त वातावरण | उत्कृष्ट स्थान | विचारपूर्वक डिजाइन | सम्पूर्ण परिवारको लागि

सेनालाई धेरै विषयमा प्रशंसा गर्न सकिन्छ । तर निर्माणसम्बन्धी जिम्मेवारी लिएका आयोजनाको समयसीमा हेर्दा प्रश्न उठ्छ । फास्ट ट्र्याकको समय पटक-पटक सरेको छ । निर्माणसम्बन्धी काम समयमा सम्पन्न गर्न नसक्ने संस्थाले हेटौंडा कपडा कारखाना चलाउन सक्छ कि सक्दैन भन्ने प्रश्न स्वाभाविक हो ।

हेटौंडा कपडा कारखानाको प्रविधि पनि अहिलेको अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा छैन । आधुनिक 'टेक्सटाइल' उद्योगमा मानवीय हस्तक्षेप न्यून हुन्छ । चीन र भारतका अत्याधुनिक 'प्लान्ट'सँग प्रतिस्पर्धा गर्ने हो भने पुरानो प्रविधिको कारखानालाई पुनर्जीवित गरेर मात्र पुग्दैन । त्यसैले सरकारले पुराना उद्योगलाई मर्मत गरेर निजी क्षेत्रलाई दिन सक्छ । विराटनगर जुट मिल, हेटौंडा कपडा कारखाना, जनकपुर चुरोट कारखाना वा वीरगन्ज चिनी कारखानाका जग्गा र संरचनालाई नयाँ ढंगले उपयोग गर्न सकिन्छ । तर जग्गा निजी क्षेत्रलाई दिँदा विगतका निजीकरणमा जस्तो समस्या दोहोरिनु हुँदैन ।

आर्थिक नीतिमा पनि अस्पष्टता देखिन्छ । एकातिर कर घटाइएको देखिन्छ, अर्कोतिर विभिन्न शीर्षकमा थप कर लगाइएको छ । यसलाई कसरी हेर्नुहुन्छ ?

सकेसम्म सरल कर प्रणाली राम्रो हो । कर घटाउनुपर्ने हो भने घटाऔं, थप्नुपर्ने हो भने स्पष्ट कारणसहित थपौं । एकातिर कर घटाएजस्तो गर्ने र अर्कोतिर तीन-चारवटा नयाँ कर थप्ने हो भने अन्योल सिर्जना हुन्छ । हामीले विगतका अनुभवबाट पाठ सिक्नुपर्छ । एउटै गल्ती फेरि दोहोऱ्याएर नयाँ पाठ सिर्जना गर्नु समय र प्रतिष्ठा दुवैको क्षति हो ।

अहिले सरकारसँग समय पनि धेरै छैन । स्थानीय तह र प्रदेशको निर्वाचन नजिकिँदै जाँदा सरकारको राजनीतिक 'म्यान्डेट'माथि प्रश्न उठ्न सक्छ । त्यसैले अहिले नै त्रुटिपूर्ण नीतिहरू सच्याउनुपर्छ । अर्थमन्त्री अर्थशास्त्रमा विद्यावारिधि गरेका व्यक्ति हुनुहुन्छ । योजना आयोगको उपाध्यक्ष पनि भइसक्नुभएको छ । तर डेलिभरीमा अपेक्षित प्रभाव देखिएको छैन । डाक्टर अर्थमन्त्री भएर पनि यस्तो हुँदो रहेछ ?

अर्थमन्त्री डाक्टर हुनु वा नहुनुले मात्रै खास फरक पार्दैन । संसारका उत्कृष्ट अर्थमन्त्रीमध्ये कतिपयले अर्थशास्त्र पढेका पनि छैनन् । अहिलेका अर्थमन्त्रीको 'इन्टेन्ट' मलाई सही लाग्छ । म मित्र भएकाले अलिकति पक्षपाती हुन सक्छु, तर उहाँलाई नजिकबाट देखेको हुनाले सकारात्मक कुरा भन्न सक्छु । अर्थमन्त्रीको पद ज्ञानको मात्रै पद होइन । प्राविधिक ज्ञानसँगै व्यवस्थापकीय क्षमता र नेपाल सरकारको प्रणालीसँग काम गर्ने विशिष्ट शैली बुझ्नुपर्छ । म मन्त्री हुँदा दुई-तीन दिनमै कामहरू अगाडि बढ्न थालेका थिए, किनभने मैले त्यो प्रणालीको शैली बुझेको थिएँ । अहिलेका मन्त्रीहरूलाई पनि त्यो शैली बुझ्न केही समय लाग्न सक्छ ।

निजी क्षेत्र अहिले सरकारसँग सशंकित देखिन्छ । आर्थिक अपराधमा अनुसन्धान र कारबाहीको विषयमा निजी क्षेत्रको डरलाई कसरी हेर्नुहुन्छ ?

गल्ती गरेको छ भने निजी क्षेत्र मात्रै होइन, जोसुकै भए पनि दण्डित हुनुपर्छ । तर दण्डका विधि पनि उपयुक्त हुनुपर्छ । विशेषगरी आर्थिक अपराधका विषयमा जेल नै पठाउनुपर्ने कि जरिवाना पर्याप्त हुने भन्ने बहस जायज छ । 'थुनेर सुन्ने कि, सुनेर थुन्ने' भन्ने प्रश्न पनि महत्वपूर्ण हो ।



कतिपय व्यवसायीलाई थुनिदिँदा त्यस व्यवसायमा आश्रित हजारौं मानिसको रोजगारी संकटमा पर्न सक्छ । त्यसैले जमानी वा 'एन्टिसिपेटरी बेल'जस्ता कानुनी प्रावधानलाई प्रभावकारी बनाउन सकिन्छ ।

यस्ता कानुनी सुधार गरिदिएको भए निजी क्षेत्रको 'कन्फिडेन्स' बढ्थ्यो । सरकारसँग ६ महिनाको अवसर थियो, तर त्यो अवसर कानुनी सुधारमा पर्याप्त प्रयोग हुन सकेन । सरकारसँग ठूलो नैतिक शक्ति थियो । ट्रेड युनियनको उदाहरण हेर्नुस् । सरकारले कडा रूपमा काम गर्ने संकेत दिएपछि कतिपय निकायमा 'ट्रेड युनियन' आफैं विघटन भएका छन् । जनक शिक्षा सामग्री केन्द्रका 'ट्रेड युनियन'ले पनि आफैं विघटन भएको घोषणा गरेका थिए । त्यो नैतिक शक्ति प्रयोग गरेर ६ महिनामै धेरै सुधार गर्न सकिन्थ्यो ।

निजी क्षेत्रसँग सरकारलाई 'काउन्टर' दिने वा सरकारसँग सहकार्य गरेर जाने क्षमता कति छ ?

सरकारको तुलनामा निजी क्षेत्र कति गुणा बढी सक्षम छ भनेर गणितीय हिसाबले भन्न सकिँदैन । तर उदाहरणबाट हेर्न सकिन्छ ।

भाटभटेनी सुपरमार्केटको उदाहरण लिनुस् । ध्वस्त भएको संरचना छोटो समयमै पुनर्निर्माण भयो । सरकारी ठेक्कामा त्यही स्केलको संरचना यति छोटो समयमा तयार भएको उदाहरण कति छ ? जहाँ निर्माण व्यवसायीलाई घुस दिनु परेन, स्थानीय अवरोध भएन, आवश्यक सामग्री समयमै प्राप्त भयो र कामको पूरा मूल्य पायो, त्यहाँ नेपाली निर्माण व्यवसायीले पनि समयमा काम गर्न सक्छ ।

रसुवागढी-गल्छी सडकमा पुल निर्माणदेखि कृष्णभीरको सडक पुनःनिर्माणसम्म निजी क्षेत्रले ठूलो भूमिका खेलेको छ । त्यसैले नेपाली निजी क्षेत्र अन्तर्राष्ट्रिय स्तरको सबैभन्दा अगाडि पुगेको छ भन्न नसकिए पनि क्षमता भने छ । आफूसँग क्षमता नपुगे बाहिरबाट क्षमता ल्याएर काम गर्न सक्ने सामर्थ्य पनि निजी क्षेत्रमा छ ।

भ्रष्टाचार भनेको खाली आर्थिक स्रोत वा सम्पत्तिको दुरुपयोग मात्रै होइन । गलत आचरण गर्नु पनि भ्रष्टाचार हो । अवाञ्छित अधिकार सिर्जना गर्नु पनि भ्रष्टाचारकै एउटा रूप हो । भ्रष्टाचार नियन्त्रण गर्दैमा मात्रै सुशासन हुँदैन ।

सरकारले उपभोग बढाएर अर्थतन्त्र चलायमान बनाउने नीति लिएको देखिन्छ । त्यससँगै कर्पोरेट कर घटाएर लगानीको वातावरण बनाउनुपर्ने होइन ?

अहिले नेपालको सन्दर्भमा उपभोग बढाएर अर्थतन्त्र सुधारिन्छ भन्ने मान्यता नै गलत हो । अर्थतन्त्र सुधार्ने हो भने लगानी बढाउनुपर्छ । लगानी र उपभोगको प्रकृति दीर्घकालमा एउटै हुन्छ । भवन बनाउँदा लगानी हुन्छ, तर दीर्घकालमा त्यो पनि उपभोग नै हो । अहिलेको आवश्यकता अल्पकालीन उपभोग बढाउने होइन, उत्पादनशील लगानी बढाउने हो । अल्पकालीन माग बढाउँदा आयात बढ्न सक्छ र विदेशी मुद्रा खपत हुन्छ । अहिले हामीसँग विदेशी मुद्रा छ । त्यसलाई उत्पादनशील लगानीतर्फ परिचालन गर्नुपर्छ ।

त्यसो भए अहिले अर्थतन्त्रलाई गति दिन नयाँ `रोडम्याप' के हो ?

अहिले नेपालले `म्यासिभ इन्भेस्टमेन्ट प्लान' बनाउनुपर्छ । सरकारी प्रक्रिया लामो छ भने त्यसलाई छोट्याउनुपर्छ । विपद्का बेला जसरी छिटो काम गर्न सकिन्छ, त्यही किसिमको गति विकास आयोजनामा पनि आवश्यक छ । युरोपले दोस्रो विश्वयुद्धपछि पुनर्निर्माणका लागि `मार्सल प्लान' लागू गऱ्यो । दक्षिण कोरियाले `हेभी एन्ड केमिकल इन्डस्ट्रिज'मा ठूलो लगानी गऱ्यो । चीनले सन् २००८ को विश्वव्यापी वित्तीय संकटपछि ठूलो दीर्घकालीन लगानी गऱ्यो ।

नेपालले पनि आगामी डेढ-दुई वर्षमा ठूलो पुँजीगत लगानी गर्ने योजना बनाउनुपर्छ । सरकारले आफैं गर्न नसके निजी क्षेत्रलाई परिचालन गर्नुपर्छ ।

निजगढजस्ता आयोजनाका लागि निजी क्षेत्रलाई बोलाएर सरकारले के सहयोग गर्नुपर्छ, कति लगानी गर्न सक्छ, कर छुट वा भन्सार सुविधा चाहिन्छ कि चाहिँदैन, वित्तीय स्रोत कसरी जुटाउने भन्ने विषयमा प्रस्ताव माग्न सकिन्छ । `म्यासिभ इन्भेस्टमेन्ट' भनेको पाँच-छ सय अर्बको मात्र होइन । दुई सयदेखि तीन सय अर्बको उत्पादनशील लगानीबाट पनि अर्थतन्त्रको संरचनामा ठूलो परिवर्तन ल्याउन सकिन्छ । हामीसँग जलविद्युत् र श्रमको तुलनात्मक लाभ छ । भारत र चीनको बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्योग पहिचान गर्नुपर्छ ।

यसलाई `लिपफ्रग' गर्ने विकास रणनीति भन्न सकिन्छ ?

हो । `लिपफ्रग' भन्नाले अर्थतन्त्रलाई एक तहबाट अर्को तहमा पुऱ्याउनु हो । भारत एक समय तीनदेखि साढे तीन प्रतिशतको `हिन्दु ग्रोथ रेट' मा थियो । पछि सातदेखि आठ प्रतिशतको वृद्धिदरमा पुग्यो । त्यो अर्थतन्त्रको अर्को तहमा पुगेको उदाहरण हो ।

चीनले पनि देङ सियाओपिङको नेतृत्वमा औद्योगिक पूर्वाधारमा ठूलो लगानी गऱ्यो । नेपालमा सरकारले सबै आफैं गर्नुपर्छ भन्ने होइन । निजी क्षेत्रलाई आवश्यक स्पेस सिर्जना गरिदिनुपर्छ । धेरै मुलुकको प्रारम्भिक आर्थिक वृद्धि रियल इस्टेट तथा सहरी विकासबाट पनि भएको छ । नेपालमा धेरै बस्ती स्थानान्तरण गर्नुपर्ने अवस्था छ । मानिसलाई जबर्जस्ती सार्न सकिँदैन । तर बजारमा आधारित बसाइँसराइलाई प्रोत्साहन गर्न सकिन्छ । जुम्ला, पर्वत वा पाल्पाको मानिस काठमाडौं आउँदा कसैले जबर्जस्ती धपाएको होइन । रोजगारीको बजारले तानेर आएको हो । त्यसलाई `मार्केट बेस्ड माइग्रेसन' भन्न सकिन्छ । त्यसैले सुरक्षित र व्यवस्थित स्थानमा ठूला सहर विकास गर्ने हो भने मानिस त्यहाँ जान्छ । निजी क्षेत्रलाई १०-१२ लाख जनसंख्या धान्न सक्ने नयाँ सहरी केन्द्र विकास गर्न आमन्त्रण गर्न सकिन्छ ।

यसले विदेशी लगानी पनि आकर्षित गर्न सक्छ । अहिले चीनमा `रियल इस्टेट' कम्पनीहरू कठिन अवस्थामा छन् । उनीहरूलाई नयाँ बजार चाहिएको छ । सरकारले व्यवस्थित जग्गा व्यवस्थापन र पूर्वाधार सुनिश्चित गर्ने हो भने निजी क्षेत्रले ठूलो लगानी गर्न सक्छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थलजस्ता ठूला आयोजना पनि त्यही `म्यासिभ इन्भेस्टमेन्ट'को हिस्सा हुन सक्छन् । तर त्यस्ता आयोजना भावनात्मक आधारमा होइन, आर्थिक र व्यावहारिक आधारमा मूल्याङ्कन गर्नुपर्छ । निजगढजस्तो आयोजना ठूलो लगानीको आयोजना हुन सक्छ । त्यसैगरी नेपाललाई कम्तीमा तीनवटा भरपर्दा उत्तर-दक्षिण करिडोर आवश्यक छन् ।

हामी चीनबाट सामान ल्याएर नेपालमा मूल्य अभिवृद्धि गरी भारतमा निर्यात गर्न सक्छौं । केही क्षेत्रमा शून्य वा न्यून शुल्कको सुविधा प्रयोग गर्न सकिन्छ । औषधि उद्योग यसको एउटा उदाहरण हुन सक्छ । चीनबाट `बल्क'मा सामग्री ल्याएर नेपालमा प्रशोधन तथा `प्याकेजिङ' गरी बाहिर निर्यात गर्न सकिन्छ । तर त्यसका लागि `कनेक्टिभिटी' चाहिन्छ । अहिले `कनेक्टिभिटी' कमजोर भएकै कारण उद्योग प्रतिस्पर्धी बन्न सकेका छैनन् ।

त्यसैले तीन-चार हजार अर्ब रुपैयाँ बराबरका ठूला आयोजना एकैपटक `प्याकेज'का रूपमा घोषणा गर्न सकिन्छ । सरकारले कति गर्ने, निजी क्षेत्रले कति गर्ने, दैलेखको ग्यास कसले गर्ने, निजगढ कसले बनाउने, उत्तर-दक्षिण करिडोर कसले बनाउने र ठूला सहरी आयोजना कसले गर्ने भन्ने स्पष्ट खाका चाहिन्छ । एकैपटक ठूलो प्याकेज घोषणा गरेर कार्यान्वयनमा जान सकिन्छ ।

तपाईंले नेतृत्व गरेको आयोगले दिएको सुझाव कति कार्यान्वयन भइरहेको छ ?

वर्तमान अर्थमन्त्रीले त्यसलाई बोकेरै हिँड्नुभएको छ । बजेट वक्तव्य हेर्नुभयो भने करिब-करिब सबै सुझाव सम्बोधन गर्ने प्रयास गरिएको छ ।

हामीले पहिचान गरेका ऐनहरू कानुन मन्त्रालयमा पठाइसकेको उहाँले बताउनुभएको छ । तर ती सबै संसद्मा गएर छलफलमा पुगेका छन् भनेर म भन्न सक्दिनँ । समय धेरै भइसकेको छ ।

धेरै आयोगका रिपोर्ट बने, तर कार्यान्वयन कमजोर भयो भन्ने आरोप छ । दृष्टिकोण राम्रो छ । अघिल्लो केपी ओली सरकारले पनि त्यसलाई राम्रोसँग अगाडि बढाएको थियो । त्यो बेलाको कुरा हो । अहिलेको सरकारले पनि त्यसलाई उपयोग गर्न खोजेको देखिन्छ ।



● बैकिङ

नेपाली अर्थतन्त्रको `प्याराडक्स अफ प्लेन्टी´

गुरुप्रसाद पौडेल
कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

विदेशी मुद्रा सञ्चिति कीर्तिमानी अवस्थामा छ, बैंकका ढुकुटीमा पैसाको थुप्रो छ र ब्याजदर इतिहासकै न्यून बिन्दुमा झरेको छ । तर, व्यवसायी ऋण लिन तर्सिन्छन्, बैंक जोखिम मोल्न मान्दैनन् । किन ?

सामान्यतया विकासोन्मुख मुलुकको साझा पीडा हुन्छ- पुँजीको अभाव, प्रविधिको अभाव र लगानीको खडेरी । तर, आजको दिनमा नेपाल ठ्याक्कै उल्टो, अनौठो र विरोधाभासपूर्ण आर्थिक मोडमा उभिएको छ । पर्याप्त विदेशी मुद्रा सञ्चिति छ, रेमिटेन्सको बाढीले बैंकका भल्ट भरिभराउ छन्, ऋणको ब्याजदर सस्तो बिन्दुमा झरेको छ । तर बजारमा कर्जाको माग छैन, उद्योगीहरू नयाँ लगानी गर्न आँट गरिरहेका छैनन् ।

स्रोतलाई उत्पादन, उद्योग, पूर्वाधार र रोजगारीमा रूपान्तरण गर्ने क्षमता अपेक्षाअनुसार विस्तार हुन सकेको छैन । यसलाई अर्थशास्त्रको भाषामा `प्याराडक्स अफ प्लेन्टी´ भनिन्छ । अर्थात्, स्रोतको अभाव नभए पनि उपलब्ध स्रोतलाई प्रभावकारी रूपमा उपयोग गर्न नसक्ने अवस्था । नेपालको अहिलेको अवस्था `प्याराडक्स अफ प्लेन्टी´सँग धेरै हदसम्म मिल्छ ।

रेमिटेन्स बढ्यो, तर लगानी बढेन

नेपालको बैंकिङ प्रणालीमा तरलता बढ्नुको एउटा प्रमुख आधार रेमिटेन्स हो । वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाएको पैसा औपचारिक माध्यमबाट नेपाल भित्रिदा विदेशी मुद्रा सञ्चिति बढ्छ र बैंकिङ प्रणालीमा निक्षेप पनि थपिन्छ । नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा खरिद गर्दा वित्तीय प्रणालीमा नेपाली रुपैयाँको तरलता थपिने दबाब पर्छ । त्यसैले रेमिटेन्सको निरन्तर वृद्धिले बैंकिङ प्रणालीमा लगानीयोग्य रकम बढाउन सहयोग गर्छ ।

रेमिटेन्सबाट आएको पैसा बैंकमा जम्मा भयो, बैंकसँग ऋण दिने क्षमता बढ्यो, ब्याजदर घट्यो । तर त्यो पैसा ऋणका रूपमा लिएर उद्योग, व्यवसाय, पूर्वाधार वा नयाँ परियोजनामा लगानी गर्ने माग त्यही अनुपातमा बढ्न सकेन । यदि यही विदेशी मुद्रा र बैंकिङ प्रणालीमा आएको तरलता जलविद्युत्, सडक, ऊर्जा, उद्योग, पर्यटन, कृषि प्रशोधन वा अन्य ठूला उत्पादनमूलक क्षेत्रमा परिचालन हुन सकेको भए त्यसको प्रभाव अर्थतन्त्रमा निकै फरक देखिन्थ्यो । ठूला परियोजनाका लागि मेसिनरी, उपकरण र कच्चा पदार्थ आयात हुन्थ्यो । निर्माण गतिविधि बढ्थ्यो । रोजगारी सिर्जना हुन्थ्यो । बैंकको कर्जा बढ्थ्यो । उत्पादन बढ्थ्यो र अन्ततः अर्थतन्त्रमा माग पनि विस्तार हुन्थ्यो । तर लगानीको वातावरण कमजोर हुँदा त्यस्तो हुन सकेको छैन । त्यसैले एकातिर विदेशी मुद्रा थुप्रिएको छ, अर्कोतिर त्यसलाई उत्पादनमा प्रयोग गर्ने क्यापिटल गुड्स अर्थात् पुँजीगत वस्तुको आयात अपेक्षाअनुसार बढ्न सकेको छैन ।

यही हो `प्याराडक्स अफ प्लेन्टी´ –पैसा र स्रोतको अभाव नभएर त्यसलाई उत्पादनमा रूपान्तरण गर्ने अवसर र क्षमता कमजोर हुनु ।

कमजोर पूर्वाधारले बढायो उत्पादन लागत

नेपालमा लगानीको वातावरण कमजोर हुनुको एउटा प्रमुख कारण पूर्वाधारको अवस्था हो । सरकारी पुँजीगत खर्च अपेक्षाअनुसार हुन नसक्दा सडक, ऊर्जा, सिँचाइ, औद्योगिक क्षेत्र, डिजिटल पूर्वाधार र ढुवानी व्यवस्थामा आवश्यक सुधार हुन सकेको छैन ।

नेपाल भूपरिवेष्ठित देश भएकाले कच्चा पदार्थ, मेसिनरी र उपकरणको ठूलो हिस्सा बाहिरबाट ल्याउनुपर्छ । सीमापार ढुवानीमै लागत लाग्छ । त्यसमा नेपालभित्रको कमजोर सडक, महँगो ढुवानी र लजिस्टिक व्यवस्थापन थपिँदा उद्योगको उत्पादन लागत अझ बढ्छ । उत्पादन लागत महँगो भएपछि नेपाली उद्योगले छिमेकी मुलुकका उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन हुन्छ । उद्योगीले बजारको माग, लागत र प्रतिफल हेरेर मात्रै नयाँ लगानी गर्छ । लागत धेरै र प्रतिफल अनिश्चित छ भने बैंकको ब्याजदर कम हुनु मात्र पर्याप्त हुँदैन । त्यसैले अहिले कर्जाको माग नबढ्नुको जडमा ब्याजदरभन्दा बाहिरका कारण पनि उत्तिकै महत्वपूर्ण छन् ।

उद्योग नखुलेपछि रोजगारी कहाँबाट आउँछ ?

उद्योग र व्यवसाय विस्तार नहुँदा रोजगारी सिर्जना हुँदैन । रोजगारी नहुँदा युवाले विदेश रोज्छन् । युवाहरू विदेश गएपछि रेमिटेन्स बढ्छ । रेमिटेन्स बढेपछि बैंकमा निक्षेप थपिन्छ । तर त्यो पैसा फेरि स्वदेशमै उद्योग खोल्न प्रयोग भएन भने अर्थतन्त्र एउटा चक्रमा फस्छ । युवा विदेश जान्छन्, रेमिटेन्स आउँछ, बैंकमा पैसा जम्मा हुन्छ, तर त्यसबाट पर्याप्त उद्योग र रोजगारी सिर्जना हुँदैन । यो चक्र लामो समयसम्म चलिरहँदा रेमिटेन्सले विदेशी मुद्रा सञ्चिति र उपभोग धान्न ठूलो योगदान त गर्छ, तर उत्पादन क्षमता विस्तार गर्ने आधार बन्न सक्दैन । त्यसैले रेमिटेन्सलाई केवल उपभोगको स्रोत होइन, उत्पादन र लगानीको आधार बनाउने चुनौती अहिले अझ महत्वपूर्ण भएको छ ।

दशैंले ल्याओस् घर-घरमा खुशी, तिहारले उज्यालो बनाओस् जीवन, छठले भरिदिओस् आस्था र विश्वास । सबै नेपालीमा स्वास्थ्य, शान्ति र समृद्धि छाओस् ! यही हाम्रो शुभकामना !



Rameshwar Shah
Chairman

KTM
Together we are

KTM SECURITY SERVICES

Gyaneswor, Kathmandu
Tel: +977 (01) 454 4545, 98 1400 2727
Email: info@ktmgroups.com

कालोसूची बढ्दा कर्जा लिने आधार पनि साँघुरियो

कर्जा माग कमजोर हुनुमा अर्को गम्भीर पक्ष कालोसूचीमा परेका ऋणीको बढ्दो संख्या हो । कर्जा सूचना केन्द्रको तथ्यांकअनुसार नेपालमा कालोसूचीमा परेका व्यक्ति तथा संस्थाको संख्या १ लाख ७० हजार नाघिसकेको छ । आर्थिक वर्ष २०८२/८३ मा मात्रै ६० हजारभन्दा बढी नयाँ व्यक्ति तथा फर्म कालोसूचीमा थपिएको तथ्यांकले पनि समस्या कति ठूलो बन्दै गएको छ भन्ने देखाउँछ ।

कालोसूचीमा पर्ने सबै व्यक्ति वा संस्था जानाजानी कर्जा नतिर्ने मात्र हुँदैनन् । कतिपय व्यवसायी वास्तविक नगद प्रवाहको समस्यामा परेका हुन सक्छन् । एउटा व्यवसायीले अर्कोबाट भुक्तानी नपाउँदा उसको चेक बाउन्स हुन सक्छ, त्यसको असर अर्को पक्षमा पर्न सक्छ र अन्ततः एउटा व्यवसायको समस्या पूरै आपूर्ति शृंखलामा फैलिन सक्छ ।

विशेषगरी साना तथा मझौला व्यवसायमा यस्तो समस्या बढी संवेदनशील हुन्छ । कालोसूचीमा परेपछि नयाँ कर्जा लिन कठिन हुन्छ । कतिपय अवस्थामा एलसी खोल्नसमेत समस्या हुन्छ । व्यवसाय विस्तार रोकिँदा त्यससँग जोडिएका वितरक, आपूर्तिकर्ता, ठेकेदार र कामदारसम्म यसको असर पुग्छ । यसरी कालोसूचीको वृद्धि बैंकिङ पहुँचमा मात्र होइन, समग्र आर्थिक गतिविधिमै प्रभाव पार्ने विषय बन्न सक्छ ।

बैंकसँग पैसा भए पनि जोखिम लिन चाहँदैन


अर्कोतर्फ बैंकहरू पनि पहिलेको जस्तो सहज अवस्थामा छैनन् । बैंक तथा वित्तीय संस्थामा निष्क्रिय कर्जा अर्थात् एनपीएल बढ्दा नयाँ कर्जा प्रवाहमा स्वाभाविक रूपमा सतर्कता बढ्छ । धितो लिलाम गरेर कर्जा असुल गर्न कठिन हुँदा बैंकमा गैरबैंकिङ सम्पत्ति थुप्रिन सक्छ । यस्तो अवस्थामा बैंकले केवल तरलता छ भन्दैमा कमजोर व्यावसायिक आधार भएका परियोजनामा ऋण दिन सक्दैन । कर्जा नतिर्न प्रोत्साहित गर्ने वा ऋणीलाई भुक्तानी अनुशासनबाट विमुख गराउने कुनै समूह वा गतिविधि भए त्यसलाई पनि नियामक निकायले गम्भीर रूपमा हेर्नुपर्छ । किनकि कर्जा अनुशासन कमजोर हुँदै जाँदा त्यसको प्रत्यक्ष असर बैंकको जोखिम धारणामा पर्छ र अन्ततः नयाँ ऋणीसमेत त्यसको असरमा पर्न सक्छन् ।


निजी क्षेत्र अझै `पर्ख र हेर´मा

अहिले निजी क्षेत्रको आत्मविश्वास पूर्ण रूपमा फर्किएको छैन । महँगो इन्धन, कमजोर सडक, लजिस्टिक झन्झट, बजारको अनिश्चितता, मागमा आएको सुस्तता र नीतिगत अन्योलजस्ता वित्तीय तथा गैरवित्तीय अवरोधले उद्योगी-व्यवसायीलाई नयाँ लगानीमा जानुअघि धेरैपटक सोच्न बाध्य बनाएको छ । त्यसैले निजी क्षेत्र अहिले धेरै हदसम्म `पर्ख र हेर´ को अवस्थामा देखिन्छ । ब्याजदर ५-६ प्रतिशतमा झरे पनि व्यवसायीले ऋण लिएर नयाँ परियोजना सुरु गर्न बजार सुनिश्चित देख्नुपर्छ । ऋण सस्तो भयो भन्दैमा मात्र लगानी हुँदैन । लगानीका लागि बजार, पूर्वाधार, लागत, नीतिगत स्थिरता र प्रतिफलको विश्वास आवश्यक हुन्छ । यही विश्वास कमजोर हुँदा बैंकको पैसा बैंकमै बस्छ ।

कालोसूचीमा परेका ऋणीको वार्षिक तथ्यांक

	०७१/०७२	०६२/०७३	०७३/०७४	०७४/०७५	०७५/०७६	०७६/०७७	०७७/०७८	०७८/०७९	०७९/०८०	०८०/०८१	०८१/०८२	०८२/०८३
कालोसूचीमा परेका ऋणीहरू	९३०	८३३	८३४	१,३३५	२,८३७	४,६२०	६,५१४	१५,९९५	३५,०८१	५२,३०३	५३,५७९	६०,४४७
कालोसूचीबाट हटाइएका ऋणीहरू	२७९	३०८	३७२	३४१	६२७	७८०	१,८१८	३,२०२	७,२६३	१४,४२४	१८,०७४	१९,६२८
हाल कालोसूचीमा रहेका कुल ऋणीहरू	४,२६०	४,७८५	५,२४७	६,२४१	८,४५१	१२,२९१	१६,९८७	२९,७८०	५८,५९८	९४,४७७	१२९,९७४	१७०,७९३







अनमोल गिरी

दशैंले ल्याओस् घर-घरमा खुशी, तिहारले उज्यालो बनाओस् जीवन, छठले भरिदिओस् आस्था र विश्वास। सबै नेपालीमा स्वास्थ्य, शान्ति र समृद्धि छाओस् - यही हाम्रो शुभकामना!

EVEREST PHONES
WWW.EVERESTPHONES.COM

EVEREST ELECTRONICS

North Carolina. USA
130 Kilmayne Dr, Cary, NC 27511
Phone: 781-325-6897
Email: everestphones@gmail.com

तुफानी पिज्जाः शून्यबाट खडा साम्राज्य

कुनै समय फुटपाथमा कपडा बेच्ने नेपालले यो साम्राज्य कसरी खडा गरे ? शून्यबाट सुरु भएको उनको व्यावसायिक उडानपछाडि के कस्ता संघर्ष र हण्डर-ठक्करहरू छन् ? ■ काशीराम बजगाई

यदि तपाईं पिज्जाको पारखी हुनुहुन्छ भने `तुफानी पिज्जा'बारे सम्भवतः सुन्नुभएकै होला, वा त्यहाँको स्वाद चाख्नुभएकै होला । तर, कल्पना गर्नुहोस् त- कुनै समय सडकको फुटपाथमा लिलामीका पुराना कपडा बेच्ने एक बालकले यहाँसम्मको यात्रा कसरी तय गऱ्यो होला ? शून्यबाट सुरु भएको उसको व्यावसायिक उडानपछाडि के कस्ता संघर्ष र हण्डर-ठक्करहरू छन् ?

गफगाफका क्रममा कुनै मनीषीले जस्तो उत्प्रेरक प्रवचन दिने तुफानी पिज्जाका सञ्चालक माधव नेपालको जीवन-भोगाइ र संघर्ष, सानातिना ठेस लाग्दा हरेस खाने धेरै युवाका लागि प्रेरणा हुनसक्छ । ``म न घरबाट २ रुपैयाँ बोकेर आएको हुँ, नससुरालीतिरबाट । म एकदमै सामान्य प्रोफाइलबाट उठें । साथीभाइको मन जितेर `खै तपाईंको गल्लामा कति छ दिनुस्, मैले एउटा काम आँटें, गर्नुपऱ्यो' भनेर ऋणसापटी गरेर व्यवसाय सुरु गरेको थिएँ । होटल व्यवसाय सुरु गर्ने आँट गनुपूर्व उनले धेरै हण्डर-ठक्कर खाइसकेका थिए, जसले उनलाई भित्रैदेखि जब्बर बनाएको थियो । नेपालले ४ कक्षासम्म नुवाकोटमै पढे । ५ कक्षा पास गरेपछि उनलाई लाग्यो, ``जसरी पनि पैसा कमाउनुपर्ने रहेछ । अनि काम गर्न सुरु गरें ।''

उनी यसरी सानैदेखि कामतिर लाग्नुको कारण थियो पारिवारिक आर्थिक पृष्ठभूमि । सामान्य पारिवारिक पृष्ठभूमिका उनले काठमाडौंको फुटपाथलाई नै उनले आफ्नो पाठशाला बनाए । `विदेशमा प्रयोग भएर आएका पुराना कपडा, जसलाई लटको माल भनिन्थ्यो । चाबहिलको फुटपाथमा त्रिपाल ओछ्याएर बेच्न थालें,' उनी सम्झिन्छन्, `दिनमा हजार-पाँच सय कमाउने लक्ष्य हुन्थ्यो ।'

सानो फुटपाथमा कपडा बेच्न थालेका उनलाई त्यो पेसामा त्यति सहज भने भएन । कहिले महानगरले उठाएर लगिदिन्थ्यो त कहिले सामान नै खराब परेर मूल्य उठाउन पनि गाह्रो । दिनभरि घामपानी नभनी २०-५० रुपैयाँ नाफा राखेर कपडा बेच्थे, तर जति पसिना बगाए पनि प्रतिफल हात लागेन । उनका साइँला दाइ राजेन्द्रप्रसाद इलेक्ट्रिसियनको काम गर्थे । त्यसपछि केही समय दाइसँगै हिँडेर नेपालले इलेक्ट्रिसियनको काम सिके ।



यस बीचमा उनले सानातिना काम गर्दै पैसाभन्दा धेरै कमाए साथीभाइ । साथीभाइको विश्वास कमाए । उनी भन्छन्, `पैसा भनेको तलमाथि भैराख्ने कुरा हो । तर, त्यो भन्दा महत्वपूर्ण सम्बन्ध हो ।'

हुन पनि जब उनले आफ्नै व्यवसाय गर्छु भनेर आँट गरेर साथीहरूले उनलाई सहयोग गरे । ऋण सापटी गरेर २०६९ सालमा नयाँ बसपार्कमा एउटा सानो खाजा पसल सञ्चालन गरे । लगानी थियो १८ लाख । देशैभरका मानिसहरूको आवतजावत हुने र वैदेशिक रोजगारमा जाने/फर्किनेको चहलपहल हुने भएकाले उनले उक्त स्थान रोजेका थिए ।

तीन वर्ष खाजा पसल चलाएपछि उनलाई लाग्यो अब बस्ने/खाने व्यवस्थासहितको होटल सञ्चालन गर्नुपर्छ । भूकम्पपछि कोटेश्वरमा होटल चलाए । होटल व्यवसाय राम्रै भइरहेको थियो, तर २४सै घण्टा खटिनपर्ने भएकाले एक्लै व्यवस्थापन गर्न कठिन भयो । त्यसपछि बर्गर हाउसका वसन्त तामाङ र चिकेन स्टेसनका निकेश ताम्राकारसँग सहकार्य गरेर रेस्टुरेन्टतिर लागे । व्यवसाय निकै राम्रो थियो, तर माधवको स्वभावसँग भने त्यो क्षेत्र मिलेन । मदिरा पिएका ग्राहकसँगको लफडा, पैसा उठाउनुपर्ने झमेलाजस्ता टाउको दुखाइका कारण त्यहाँबाट अलग्गिने निर्णयमा पुगे ।

अनि स्याङ्को कट्टीरोलका सञ्चालक ज्ञानप्रसाद राईलाई भेटेर आउटलेट लिए । त्यसबेला उनले राईलाई भनेका थिए, `म एक/दुईटा होइन, २५ वटा आउटलेट खोल्छु ।' विभिन्न चोक र घुम्तीहरूमा पुगेर उपयुक्त स्थानको खोजी गरे । नयाँ बानेश्वरबाट सुरु गरेर काठमाडौं उपत्यका तीन जिल्लामा विभिन्न स्थान गरेर १३ ठाउँमा उनले आउटलेट खोले । `आफैं बसेर मिस्त्री लगाएर आउटलेट तयार गर्ने । खानेकुरा म आफैं बनाउन सक्छु । यसरी दुई-तीन महिनाको फरकमा थप एउटा आउटलेट बन्दै गयो,' उनले भने ।

पैदल हिँड्ने, चहलपहल हुने र कार्यालयहरू भएका स्थान उनले लोकेसनका रूपमा रोजेका थिए । त्यस्ता स्थानमा धेरै रेस्टुरेन्ट सञ्चालनमा थिएनन् । त्यो देखेर कतिपयले त्यहाँ व्यवसाय सुरु नगर्न सुझाव पनि दिन्थे । तर उनी ढुक्क थिए । भन्छन्, ``मैले हेरेका लोकेसनहरू ८० प्रतिशत भन्दा धेरै नै सक्सेस भए । कसैलाई एकदमै फेलियर हुन्छ भनेको लोकेसन पनि मैले एकदमै सक्सेस गरेको थिएँ ।''

कट्टीरोल हुँदै अहिले उनी `तुफानी पिज्जा'लाई ब्रान्ड बनाउने तयारीसाथ अघि बढेका छन् । सहकर्मीहरूको साथ, सहयोग र हौसलाकै कारण `तुफानी पिज्जा'सम्मको यात्रा सम्भव भएको उनी बताउँछन् । तुफानी पिज्जामा नेपालसहित मनमोहन रिमाल र टीकाराम कार्की जोडिएका छन् । `तपाईं खत्रै व्यापार गर्नुस्, तपाईंको अकाउन्टिङ राम्रो छैन भने तपाईं सस्टेनेबल हुनुहुन्न । तपाईंको खाना गतिलो छैन भने केही समयलाई खतरा हुन्छ, लामो समय जाँदैन । खाना पनि राम्रो, अकाउन्टिङ पनि राम्रो तर सर्भिस छैन भने त्यो बिजनेस पनि लामो समय जाँदैन,' उनले भने, `यस

Mohan Kumar Gurung
Security Director

ओसियन ब्राइट सेक्युरिटी सर्भिस प्रा. लि.
OCEAN BRIGHT SECURITY SERVICE PVT. LTD.

Address: Budhanilkantha-9, Sukedhara, Kathmandu
Telephone: +977-1-5918675, 5918674
Mobile: 9823105005, 9857080172
Email: oceanbrightso@gmail.com

सुरक्षा सेवामा समर्पित संस्था
हाईड्रोपावर प्रजेक्ट सुरक्षामा अब्बल
धेरै कम्पनीहरूमा सुरक्षा गार्डको आपुर्ती गरी स्थापित संस्था
विश्वसनिय सेवाका लागि सधैँ सम्झनुहोस् ।

तपाईंको विश्वास नै हाम्रो प्रतिबद्धता



REMIT HYDRO
रेमिट हाइड्रो लिमिटेड

घुन्सा खोला जलविद्युत आयोजना ७७.५ मे.वा.
फक्ताङलुङ गाउँपालिका, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल ।

व्यवसायमा हामी तीनजना साथीहरू जोडिएका छौं । म खानाको एक्सपिरियन्स भएँ, सर्भिसमा मनमोहन र अकाउन्टिङमा टीकाराम हुनुहुन्छ ।'' उनले `स्लोगन' बनाएका छन्- टेस्ट, हाइजिन र फास्ट ।

नेपालीको स्वभाव १० मिनेटमा तयार हुन्छ भन्दा नकुर्ने अनुभव उनको छ । `चिया राम्रोसँग उमाल्न पनि समय लागिहाल्छ । तर १० मिनेटभन्दा खाना खान कुर्ने स्वभाव कमै रहेको पाएँ । त्यसैले टेस्ट र हाइजिनका साथै फास्ट पनि मैले प्लानिङ गरेँ,' उनले भने । हाल काठमाडौंमा नयाँ बानेश्वर र बागबजारमा रहेको `तुफानी पिज्जा' यी दुई ठाउँमा मात्रै सीमित नराखी काठमाडौं उपत्यकाका विभिन्न स्थान र उपत्यकाबाहिर बुटवल, चितवन, पोखरामा पनि विस्तार गर्ने तयारी रहेको नेपाल बताउँछन् । उनी हतारमा भने छैनन् । किनकि उनी सचेत छन्, चाँडो आउटलेट विस्तार गरेर गुणस्तर खस्काउनुभन्दा कम आउटलेटमा गुणस्तरीय सेवा दिनुपर्नेमा । ब्रान्डको साख जोगाउनेगरी बिस्तारै `तुफानी पिज्जा'लाई विस्तार गर्दै जाने उनले बताए ।

कठिन हुन्छ छोटो बाटो


नेपालले कट्टीरोलमा राम्रै गरिरहेको वेला विश्वव्यापी कोरोना महामारी आयो । व्यापार व्यवसाय बन्द भए । बिस्तारै लकडाउन खुल्यो । बजार चलायमान हुन थाल्यो । तर कोरोनाका कारण नेपाल भने व्यवसाय भने ह्वात्तै ओरालो लागिसकेका थिए । व्यवसायबाट उनले सानो घडेरी जोडेका थिए । कोरोनाताका त्यो डुब्यो । कमाएको पैसा सकियो । थप ६७ लाख ऋणमा पुगेका थिए उनी । त्यसपछि नेपाल छिटो पैसा कमाउन र यहाँ भएको घाटालाई मुनाफामा बदल्न दुबई गएर व्यवसाय गर्ने निर्णयमा पुगे ।

`पहिलो कोरोना सकिएपछि २०२०/२१ तिर दुबई गएँ, रेस्टुरेन्ट खोल्नका लागि । कम्पनी खोलेँ,' उनी सम्झिन्छन्, `साथीहरूले एउटा सीमित लगानी जुटाए पुग्छ, बाँकी यतैबाट ऋण लिएर कमाएर तिरे पुग्छ भन्नुभयो । सजिलो बाटोबाट कमाएर तिर्ने, कर पनि लाग्दैन भन्नुभयो । तर हामीजस्तो सानो लगानीबाट सुरु गर्नेका लागि रहेनछ दुबई । आजकाल मलाई कसैले सजिलो बाटो भन्यो भने शंका लाग्छ ।' उनी सजिलो बाटोबाट हिँड्नु सबैभन्दा कठिन हुने बताउँछन् । `एक त सानो लगानीबाट त्यहाँ व्यवसाय गर्ने स्थिति रहेन । दोस्रो त्यहाँ प्राकृतिक जीवन नै भेटिनँ मैले । म विदेश जाँदा म मेरा भाइ, साथी, बुवाआमा, छिमेकी, आफन्त, दिदीबहि(नी सबै त लिएर जान सक्तिनँ । त्यसो हुँदा जीवनको एउटा महत्वपूर्ण पाटो नै छुट्ने रहेछ । फर्किएँ ।''

६७ लाख ऋण यतै थियो, दुबई गएर १२ लाख ऋण थपेर फर्किए उनी । अहिले उनले आफ्नै एउटा ब्रान्ड बनाएका छन् । दुई तुफानी पिज्जासहित पेवा हस्पिटालिटी, पेवा फुड्स, स्वाद गुलेली, कट्टी रोललगायत व्यवसायमा जमेका नेपालले ८७ जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् । उनी भन्छन्, ``जीवनमा उतारचढावहरू आउँछन् । व्यवसाय तलमाथि भैरहन्छ । तर सबैभन्दा ठूलो कुरा हो आत्मविश्वास र सम्बन्ध । यही आत्मबल र साथले म फेरि उठेँ ।'' नेपालमा व्यवसायमा राम्रो सम्भावना देखे पनि उनी एउटा कुरामा भने चिन्ता व्यक्त गर्छन् - नयाँ पुस्ता । `अहिलेको जेनजी भाइबहिनीलाई सम्हालेर काम गराउनु बहुत च्यालेन्ज छ । फलामको चिउरा चपाए सरह हो ! ६ महिनादेखि वर्षदिनभन्दा कुनै पनि म्यानपावर टिक्दैन । उनीहरूको सपना विदेश जाने हुन्छ,' उनी भन्छन् ।

नेपालमा राम्रो सेवा र तलब दिएको कर्मचारी पनि विदेश गएको स्मरण गर्दै उनले भने, `वैदेशिक रोजगारी हाम्रो बाध्यता हो । तर कतिपय अवस्थामा भने यो रहर पनि भैदिएको छ । यता राम्रो सम्भावना भएका र राम्रो गरिरहेका मान्छेहरू पनि विदेशिएको मैले देखेको छु ।' उनी युवा पलायन रोकेर उनीहरूलाई कसरी नेपालमै उद्यमी बनाउन सकिन्छ भनेर गृहकार्य पनि गरिरहेका छन् । उनी भन्छन्, ``कामदारलाई कसरी स्वामित्व दिने भन्ने छलफल चलिरहेको छ । काम गर्ने कर्मचारीलाई मात्रै फ्रेन्चाइज दिनेगरी पनि तयारी चलिरहेको छ ।''





दशैंले ल्याओस् घर–घरमा खुशी, तिहारले उज्यालो बनाओस् जीवन, छठले भरिदिओस् आस्था र विश्वास । सबै नेपालीमा स्वास्थ्य, शान्ति र समृद्धि छाओस् ! यही हाम्रो शुभकामना !

Sangrila Urja Ltd.
2074
Kathmandu

SANGRILA URJA LTD

Chhujung Khola Hydropower

(63MW-4 HOURS PEAKING)

Bhotkhola -2, Sankhuwasabha

Tell: 01-4513159

E-mail: info@gmail.com


ट्राफिक प्रहरी
TRAFFIC POLI

निर्माण उद्यममा जमेका युवा इन्जिनियर, १० लाखदेखि २० करोडसम्मको उडान

आफ्नो ज्ञानमाथि विश्वास छ र रातारात धनी बन्ने होडबाजीमा नलागी इमानदारीसाथ काम गर्ने हो भने शून्यबाट साम्राज्य खडा गर्न सकिन्छ ।

काशीराम बजगाई

...त्यसपछि हिमालयजंग क्षेत्रीले एउटा प्रण गरे- बरु वर्षमा एउटा मात्रै काम लिन्छु, तर सरकारी ठेक्कामा हात हाल्दिनँ ।

***

निजी क्षेत्रमा मात्रै केन्द्रित भएर उनले ६ वर्षअघि स्थापना गरेको हिमालय चामसेले अहिले वार्षिक १५ देखि २० करोडको कारोबार गरिरहेको छ । जबकि, यसको सुरुवाती लगानी १० लाख मात्रै थियो । नेपालमै केही गर्न चाहने युवाका लागि उनको यो कथा प्रेरणादायी हुनसक्छ, तर यहाँसम्म आइपुग्न उनका अगाडि फूलको ओछ्यान भने थिएन ।

चितवनको शान्त परिवेशमा हुर्किएका क्षेत्रीसँग एसएलसीपछि काठमाडौं आउँदा इन्जिनियरिङ पढ्ने कुनै योजना थिएन । सुरुमा त उनी विदेश जान चाहन्थे । तर `व्यावसायिक पृष्ठभूमि' भएका साथीहरूसँग संगत बढेपछि उनको पनि व्यवसायप्रति आकर्षण बढ्यो ।

तर लगानी कसरी जुटाउने ?

उनले योजना बनाए- विदेश जाने, केही समय बसेर पुँजी जम्मा गर्ने, अनि स्वदेश फर्किएर व्यवसायमा होमिने ।

तर त्यसैवेला उनी एपेन्डिक्सको समस्याले थला परे । लगत्तै २०७२ सालको महाभूकम्पले देश थला पाऱ्यो । त्यससँगै उनको वैदेशिक रोजगारीको योजनामा पूर्णबिराम लाग्यो ।

`माओवादी द्वन्द्व हामीले सुनेका मात्रै थियौं । मैले आफ्नै आँखाले देखे-भोगेको देशको सबैभन्दा ठूलो विपत्ति त्यही भूकम्प हो,' उनले भने, `त्यसपछि मलाई लाग्यो आमाबुवालाई छाडेर विदेश जान्नँ । जे गर्छु, यही देशमा गर्छु ।'

नेपाली समाजमा अधिकांश परिवारको सपना हो- छोराछोरी ठूला भएर सरकारी जागिर खाऊन् । अझ यस्तो दबाब पारिवारिक पृष्ठभूमि सरकारी जागिर भएका घरमा ज्यादा हुन्छ । त्यस्तै इच्छा थियो हिमालयजंग क्षेत्रीका बुवाको पनि । उनले चाहेका थिए- छोराले पढाइ सकेर जागिर गरोस् । तर हिमालयजंग चाहन्थे व्यवसायी बन्न ।

`बुवा आफू व्यावसायिक पृष्ठभूमिको नभएकाले पढाइपछि केही समय काम गरोस् भन्ने चाहनुहुन्थ्यो । उहाँलाई व्यवसायतिर गए पनि त्यसपछि बल्ल जाओस् भन्ने थियो,' उनी भन्छन्, `तर आखिरमा व्यवसायमै जाने भनेपछि सिक्ने समय अरूकोमा किन अल्झिने ? काम गर्दा कामै भन्ने मानसिकतामा भइन्छ, व्यवहारिक पाटोमा त आफू परिन्न । त्यसैले सुरुदेखि नै व्यवसायमै किन नलाग्ने भन्ने भयो र यतै लागें ।'

तर व्यावसायिक पृष्ठभूमि नभएकाले सुरुमै ठूलो आँट गर्न गाह्रो भएको उनी सुनाउँछन् । `साथीभाइहरू मिलेर सुरुमा एउटा क्याफे सुरु गऱ्यौं,' व्यावसायिक यात्राको सुरुवाती थालनीबारे उनी भन्छन्, `तर व्यवसाय सानो थियो, पार्टनर धेरै भयौं, खासै उन्नति गर्न सकिएन ।'

३ जना अन्य साथीहरूसँग मिलेर एयरपोर्टमा हिमालय जाभा क्याफे सञ्चालन गरेको केही समयपछि उनले रक्सी पसलमा राम्रो सम्भावना देखे । `अनि लहलहैमा पैसा जोडजाम गरेर हामीले बूढानीलकण्ठमा रक्सी पसल खोल्यौं,' उनी भन्छन्, `तर पढाइको हिसाबले आफू इन्जिनियरिङतिरको मान्छे । त्यस क्षेत्रको ज्ञान भएन । त्यो पनि भएन ।'

अनुभव पनि भएन । मार्गदर्शन गरिदिने मान्छे पनि भएन । पाटो नै फरक भएपछि त्यता पनि खासै गर्न नसकेको उनको अनुभव छ । त्यसवेला उनले आफ्नो क्षेत्रभन्दा बाहिर चमकधमक देखेर हात हालिहाल्न नहुने बुझे ।

`त्यसपछि हामीहरूले पनि पढाइमा पनि टेको हुने र आफ्नो पढाइको अनुभवले व्यवसायमा पनि टेको पुग्ने ठानेर कन्स्ट्रक्सनतिर हात हाल्यौं,' क्षेत्रीले भने ।

सुरुवाती दिनमा नेपालका अधिकांश निर्माण व्यवसायीले जस्तै उनले पनि सरकारी ठेक्कापट्टामा आँखा लगाएका थिए । तर, जब उनी यो प्रणालीभित्र छिरे, त्यहाँको फोहोर देखेर वाक्क भए । एउटा सामान्य बिल पास गराउन तल्लो तहको सुब्बादेखि हाकिमसम्मका दर्जनौं ढोका धाउनुपर्ने । सबैलाई `खुसी' पार्नुपर्ने । काम सकिएपछि पनि भुक्तानीका लागि महिनौं कुर्नुपर्ने । यता बैंकको ब्याज मिटर जस्तै घुमिरहने, उता कर्मचारीहरू `ढुकुटीमा पैसा छैन' भनेर पन्छिने ।

> ६ महिनामा हुने काम ३ महिनामै भयो भने हामी खुसी हुन्छौं । तर आवश्यक समयभन्दा छिटो काम गर्दा गुणस्तरमा सम्झौता भइरहेको हुन्छ ।

उनले आफ्नै वरपरका केही ठेकेदारहरूको नियत पनि देखे । सरकारबाट काम सुरु गर्न भनेर अग्रिम भुक्तानी बापत लिएको पैसा निर्माण कार्यमा नलगाइ जग्गा प्लटिङ र सेयर बजारमा खन्याउने, अनि यता साइट अलपत्र पार्ने प्रवृत्ति व्याप्त थियो ।

गुणस्तरमा सम्झौता गरेर, चाकडी गरेर, सधैं तनाव बोकेर काम गर्न नसक्ने निष्कर्षमा पुगेपछि उनले सरकारी कामबाट सधैंका लागि हात झिके । सरकारी निर्माण क्षेत्रको सबैभन्दा ठूलो समस्या नै 'लो बिडिङ' भएको निष्कर्ष उनको छ ।

'सरकारी काममा १०० रूपैयाँको इस्टिमेट भयो भने ठेकेदारले ३० रूपैयाँमा काम गर्छु भनेर 'लो बिडिङ' गर्छ । अनि आँखा चिम्लिएर सरकारले उसैलाई ठेक्का दिन्छ । जहाँ लागत नै उठ्दैन, त्यहाँ त्यो ठेकेदारले कस्तो गुणस्तर देला ? त्यस्तो संरचनाले बाढी, पहिरो, भूकम्पजस्ता विपद् कसरी धान्ला ?' ।

'सरकारी काममा उच्च प्रतिस्पर्धा छ । 'लो बिडिङ'मा जानुपर्ने मापदण्ड । एकदम घटेर काम गर्नुपर्दा गुणस्तरको काम गर्न नसकिने,' उनी भन्छन्, 'त्यसमाथि कर्मचारीको असहयोग । भुक्तानीमा ढिलाइ । क्वालिटीमा कम्प्रमाइज गर्दा मलाई त्यति मजा आएन अनि सरकारी काम पूर्णरूपमा छाडेर निजी ठेक्कातर्फ मात्रै केन्द्रित भइयो ।'

सरकारी ठेक्कामा पूर्वाधार कम पैसामा निर्माण हुने तर त्यो गुणस्तरीय र दिगो नहुने अनुभव उनको छ । निजी क्षेत्रतर्फ सक्रिय भएर सुरुवाती चरणमै हिमालय चामसेले नेपालको ठूलो औद्योगिक घराना चौधरी ग्रुपअन्तर्गत सुनाकोठीमा अरुण चौधरीको नेतृत्वमा निर्माण भएको सिजी भिलेज निर्माण गऱ्यो । धापाखेलमा सिजी ले कभ्यु । त्यसपछि आफूहरूले पछाडि फर्केर हेर्न नपरेको क्षेत्री सुनाउँछन् । उनी भन्छन्, 'अहिले हामी पूर्णरूपमा निजी क्षेत्रको मात्रै काम गरिरहेका छौं ।'

सरकारी भन्दा निजी क्षेत्रको काम गर्नु सहज हुने अनुभव उनको छ । 'निजी क्षेत्रमा विभिन्न प्राविधिकसँग समन्वय गरेर गुणस्तरीय काम हुन्छ । बरु २ रूपैयाँ महँगो होस्, तर गुणस्तरीय होस् भन्ने मानसिकता हुन्छ निजीमा,' उनी भन्छन् । हिमालय चामसे कन्स्ट्रक्सनले चौधरी ग्रुपका लक्जरी हाउजिङदेखि चर्चित विद्युतीय गाडी बीवाईडीका अत्याधुनिक शोरुमसम्म निर्माण गरिसकेको क्षेत्री बताउँछन् ।

कम्पनीले काठमाडौं आसपासका ठूला हाउजिङ, वीरगञ्ज र पोखरामा ३०० बढी घर, व्यापारिक भवनहरू, शोरुम निर्माणका साथै अन्य विभिन्न ब्रान्डमा काम गरेको छ ।

हिमालय चामसेले आगामी दिनमा विशालनगरमा अपार्टमेन्ट बनाउने तयारी गरिरहेको छ । त्यसका लागि ४० आना जग्गा खरिद गरेर तयारी अघि बढाइएको छ । सिंगापुरको एक कम्पनीसँग मिलेर ज्वइन्ट भेन्चरमा ४३ युनिटको अपार्टमेन्ट बनाउने तयारी गरिरहेको क्षेत्रीले बताए ।

हाल क्षेत्रीले १८-२० जना इन्जिनियरसँग काम गरिरहेका छन् । ८०० देखि १००० मजदुरलाई परियोजनाअनुसार रोजगारी दिइरहेका छन् ।

नेपालमा युवाहरू व्यवसायमा आउँदा अदृश्य सिन्डिकेट रहेको अनुभव गरेका उनी सरकारी नीति नयाँलाई प्रोत्साहन गर्ने हुनुपर्ने विश्वास राख्छन् । बैंकमा कति रकम छ र विगतमा कति गरिस् भन्दा योग्यता र नयाँ प्रविधिको ज्ञानलाई प्राथमिकता दिनुपर्ने उनी बताउँछन् । यस्ता अदृश्य अवरोध रोक्न नीति निर्माणकै तहमा पुग्नुपर्ने ठानेर उनी लामो दौडधुपपछि अहिले निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको शहरी विकास समितिको आमन्त्रित सदस्य बनेका छन् । साथै, नेपाल युवा उद्यमी मञ्चमा पनि सक्रिय छन् ।

युवा उद्यमीको आवाज बन्नुपर्छ भनेर लागिरहेका उनले आगामी दिनमा टनेल, सिँचाइ र हाइड्रोपावर परियोजनामा पनि हात हाल्ने योजना बनाइरहेका छन् । नेपालमा केही सम्भावना छैन भनी विदेश उडिरहेका युवाहरूलाई उनको सन्देश छ, 'आफ्नो ज्ञानमाथि विश्वास छ र रातारात धनी बन्ने होडबाजीमा नलागी इमानदारीसाथ काम गर्ने हो भने शून्यबाट साम्राज्य खडा गर्न सकिन्छ ।'

हाम्रा संरचना किन तासको घर झैं ढल्छन् ?

सानो सानो प्राकृतिक विपद्मा पनि हाम्रा संरचनाहरू तासको घरजस्तै ढल्ने गरेका छन् । इन्जिनियरको चस्माले हेर्दा यो गडबडीको मुख्य कारण हडबडी भएको बताउँछन् क्षेत्री । 'चाहे त्यो सरकारी होस् या निजी, उहाँहरूलाई एकदमै छिटो चाहिन्छ,' उनी भन्छन्, '६ महिनामा हुने काम ३ महिनामा भयो भने खुसी हुने, आवश्यक समयभन्दा छिटो गर्दा गुणस्तरमा सम्झौता भइरहेको हुन्छ, त्यो बुझ्नुपर्ने हुन्छ ।'

अर्को मुख्य कारण डिजाइन हो । यत्तिको भए चलिहाल्छ नि भन्ने मानसिकता र कम लागतमा निर्माण गर्ने चाहनाले भविष्यमा भवितव्यलाई निमन्त्रण दिइरहेको हुने उनी बताउँछन् ।

'हालैको भीषण बाढीमा धेरै घरहरू बग्दा केही घरहरू नहल्लिकन बसेको हामीले देख्यौं । डिजाइनको सफलता र क्वालिटी कन्ट्रोलले गर्दा त्यो सम्भव भएको हो,' उनले भने, 'जहिले पनि प्राकृतिक प्रकोपमा निजी क्षेत्रभन्दा सरकारी संरचनामै बढी क्षति हुने कारण टाइमफ्रेम कम हुनु डिजाइनमा क्वालिटी कन्ट्रोल नहुनु हो,' उनी बताउँछन्, 'निजी क्षेत्रले त अब नेपालमा भएको पनि उत्कृष्ट प्राविधिक प्लस बाहिरबाट पनि ल्याउन थालेको छ । एउटा सामान्य घर बनाउँदा पनि निजी क्षेत्र जिम्मेवार हुन थालेको देखिन्छ ।'

सरकारले भएका प्राविधिकलाई दक्ष बनाउनुभन्दा भएकै क्षमता मात्रै चलाउने, जबर्जस्ती काममा लाद्ने गर्नाले उसले पनि विवेकले भ्याएसम्म मात्रै गर्ने हुँदा समस्या भइरहेको उनको बुझाइ छ ।

यसको समाधानका लागि अहिलेको सरकारी मापदण्ड नै फेर्नुपर्ने उनी बताउँछन् । 'लो बिडिङभन्दा पनि प्राविधिक मूल्यांकनलाई बलियो बनाउन पऱ्यो । प्राविधिक रूपमा कम्पनी कत्तिको सक्षम छ र त्यसलाई कसरी प्रस्तुत गर्न सक्छ हेर्न जरुरी छ,' उनी भन्छन् ।

NEEK®
SINCE 1992

ISO 9001 CERTIFICATE
ISO 9001:2015

NS No. 166

ISO 14001:2015

NEA TEST CERTIFIED

ISO 45001

MGMT. SYS.
RvA C 046

"Powering Nepal's Progress Since 1992"

WHERE VISION MEETS VOLTAGE

Nepal's Most Trusted Power Solution — Built Here. For Here.



01-5970391, 01-5343436, 01-5344857

info@neek-transformer.com

भोटेकोशीपछि नेपालको जलविद्युत् : अब हामीले के सिक्ने ?

नेपालमा जलविद्युत्को कुरा गर्दा हामी प्रायः सम्भावनाको कुरा मात्र गर्छौं । हाम्रो देशमा यति धेरै नदी छन्, यति ठूलो जलविद्युत् उत्पादनको सम्भावना छ । विद्युत् उत्पादन बढाएर देशको अर्थतन्त्र बलियो बनाउन सकिन्छ भन्ने कुरा हामीले धेरै वर्षदेखि सुन्दै आएका छौं । म पनि जलविद्युत्लाई नेपालको आर्थिक विकासको एउटा महत्वपूर्ण आधारका रूपमा हेर्छु ।

तर, पछिल्ला केही घटनाले मलाई एउटा कुरा गम्भीर रूपमा सोच्न बाध्य बनाएको छ–हामीले विद्युत् उत्पादन गर्ने कुरामा मात्र ध्यान दिएर पुग्दैन । त्यो विद्युत् उत्पादन गर्ने संरचना कति सुरक्षित छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण रहेछ ।

गत भदौ १० मा आएको भोटेकोशी तथा त्रिशूली नदी प्रणालीमा आएको प्रलय यसैको एउटा गम्भीर उदाहरण हो । बाढीले गरेको क्षति हेर्दा यो सामान्य प्राकृतिक विपद् मात्र हैन । एउटा ठूलो नदी करिडोरमा आएको विपद्ले आयोजना, सडक, प्रसारण संरचना र अन्य पूर्वाधारलाई एकैपटक असर गर्न सक्छ । आयोजना केही दिन बन्द हुने होइन, महिनौंसम्म उत्पादन रोकिएर बस्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले अब हामीले जलविद्युत् निर्माणको पुरानो तरिकालाई पुनर्विचार गर्नुपर्ने बेला आएको छ ।

भोटेकोशीमा बाढी आयो भन्दैमा नेपालले जलविद्युत् बनाउन छोड्ने भन्ने कुरा समाधान होइन । बरु हामीले जलविद्युत्लाई अझ सुरक्षित बनाएर अघि बढ्नुपर्छ ।

> एउटा करिडोरबाट ८००-९०० मेगावाटसम्म विद्युत् आउने अवस्था बनायौं भने त्यसको वैकल्पिक व्यवस्था पनि सोच्नुपर्छ । एउटै बाटो बन्द हुँदा अर्को बाटोबाट विद्युत् लैजान सकिने प्रणाली चाहिन्छ ।

नेपालका लागि जलविद्युत्को महत्व धेरै ठूलो छ । हामीसँग पेट्रोलियमको ठूलो स्रोत छैन । हाम्रो अर्थतन्त्र अहिले पनि विभिन्न प्रकारका आयातमा निर्भर छ । विश्वमा पेट्रोलियमको मूल्य र आपूर्ति कहिले के हुन्छ भन्ने निश्चित हुँदैन । त्यसमा युद्ध, अन्तर्राष्ट्रिय तनाव र जलवायु परिवर्तनका कारण भविष्य अझ जटिल हुँदै गएको छ ।



गणेश कार्की
पूर्वअध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादहरूको संस्था (इप्पान)

यस्तो अवस्थामा आफ्नै देशमा उत्पादन गर्न सकिने स्वच्छ ऊर्जालाई हामीले बेवास्ता गर्न मिल्दैन । त्यसैले मेरो विचारमा अब जलविद्युत् बनाउने कि नबनाउने ? भन्ने प्रश्न गर्नु भन्दा अब जलविद्युत्लाई कसरी सुरक्षित र दिगो बनाउने ? भन्ने तिर सोच्नुपर्ने बेला आएको छ ।

भोटेकोशीको घटनाले अर्को एउटा महत्वपूर्ण कमजोरी पनि देखाएको छ– हाम्रो ऊर्जा प्रणाली एउटै करिडोरमा धेरै निर्भर हुन सक्छ । कुनै एउटा प्रमुख करिडोरमा ठूलो बाढी वा पहिरो आयो र त्यहाँबाट उत्पादन हुने सयौं मेगावाट विद्युत् एकैपटक बन्द भयो भने त्यसको असर देशभर पर्न सक्छ । हामीले एउटा करिडोरबाट ८००-९०० मेगावाटसम्म विद्युत् आउने अवस्था बनायौं भने त्यसको वैकल्पिक व्यवस्था पनि सोच्नुपर्छ । एउटै बाटो बन्द हुँदा अर्को बाटोबाट विद्युत् लैजान सकिने प्रणाली चाहिन्छ । त्यसैले राष्ट्रिय प्रसारण प्रणालीमा १५ देखि २० प्रतिशतसम्म अतिरिक्त ब्याकअप क्षमता राख्ने विषयलाई गम्भीर रूपमा लिनुपर्छ भन्ने मलाई लाग्छ ।

अब आयोजना कसरी बनाउने ?

हामीले पहिले धेरै ठाउँमा नदीको बहावलाई हेरेर संरचना बनायौं । तर ठूलो बाढी आउँदा त्यही नदीको बहाव हाम्रो सबैभन्दा ठूलो जोखिम बन्न

HAPPY DASHAIN!
MAY THIS FESTIVAL BRING YOU BLESSINGS OF HAPPINESS, GOOD HEALTH, AND PROSPERITY



Dilipsing Gurung

Health and Safety Consultant for the Asia Pacific region

Registered Safety Officer with Hong Kong Labour Department

Registered Safety Auditor with Hong Kong Labour Department

MSc in Occupational Environment, Health and Safety – Plymouth University, United Kingdom

सक्छ । उदाहरणका लागि इन्टेक नदीको मुख्य बहावतिर सोझै फर्किएको छ भने बाढीसँगै आएको ढुंगा र लेदो सिधै सुरुङभित्र पस्न सक्छ । त्यसैले अब नयाँ आयोजनाको डिजाइनमा एन्टी-डाइरेक्सन इन्टेकको अवधारणालाई प्राथमिकता दिनुपर्छ । अर्थात् नदीको बाढी सिधै टनेलको मुखमा नठोक्किने गरी इन्टेकको दिशा र कोण निर्धारण गर्नुपर्छ ।

त्यस्तै, सम्भव भएका ठाउँमा भूमिगत विद्युत्गृह बनाउने विषयमा पनि हामीले सोच्नुपर्छ । सतहमा रहेको संरचना बाढीको प्रत्यक्ष प्रहारमा पर्न सक्छ । भूमिगत संरचना बनाउन सुरुमा केही बढी खर्च लाग्ला । तर, दीर्घकालमा त्यसले जोखिम कम गर्न सक्छ । विशेषगरी उच्च जोखिम भएका ठूला नदी करिडोरमा यो विकल्पलाई गम्भीरतापूर्वक हेर्नुपर्छ ।

कामदारको सुरक्षा

हामी आयोजना, मेसिन र उत्पादन क्षमताको कुरा धेरै गर्छौं । त्यहाँ काम गर्ने मानिसको सुरक्षाबारे कति सोचिरहेका छौं ? कुनै आकस्मिक बाढी टनेलभित्र पस्यो भने त्यहाँ रहेका इन्जिनियर, प्राविधिक र कामदार कहाँबाट बाहिर निस्कने ? त्यसैले टनेलभित्र सम्भावित बाढीको सतहभन्दा माथि सुरक्षित उद्धार मार्ग र आवश्यक ठाउँमा वैकल्पिक निकासको व्यवस्था हुनुपर्छ । जलविद्युत् आयोजना सुरक्षित बनाउन पावरहाउस मात्र सुरक्षित भएर पनि पुग्दैन । पहुँच सडकको अवस्था पनि उत्तिकै महत्वपूर्ण छ ।

विगतमा कतिपय ठाउँमा लागत कम गर्ने क्रममा नदीको किनारैकिनार सडक बनाइयो । सामान्य अवस्थामा त्यो सडक ठीक देखिन सक्छ । तर, ठूलो बाढी आएपछि नदीले सडक नै बगाइदियो भने आयोजना स्थलसम्म पुग्ने बाटो बन्द हुन्छ । त्यसपछि उद्धार गर्न पनि समस्या, मर्मतका लागि मेसिन लैजान पनि समस्या । त्यसैले अब पहुँच सडक बनाउँदा सस्तो र सजिलो विकल्प मात्र हेर्नु हुँदैन । सम्भव भएसम्म बाढीको सतहभन्दा माथि सुरक्षित पहाडी भागबाट सडक लैजानुपर्छ । सबस्टेसन र प्रसारण टावरको हकमा पनि यही कुरा लागू हुन्छ । एउटा महत्वपूर्ण टावर ढल्यो वा सबस्टेसन डुब्यो भने उत्पादन भएको विद्युत् उपभोक्तासम्म पुग्याउन नसकिने अवस्था आउन सक्छ ।

पूर्वसूचना प्रणाली

हिमाली क्षेत्रमा माथिल्लो भागमा पहिरो गएर नदी थुनिन सक्छ । केही समयपछि त्यो थुनिएको नदी अचानक फुट्यो भने तलतिर ठूलो बाढी आउन सक्छ । यस्तो घटना हुने सम्भावना पहिल्यै पहिचान गर्न सकियो भने धेरै क्षति रोक्न सकिन्छ ।

यसका लागि माथिल्लो जलाधार क्षेत्रमा स्वचालित सेन्सर, क्यामेरा, जलसतह मापन गर्ने उपकरण र आवश्यक प्रविधि जडान गर्नुपर्छ । यस्तो सूचना आयोजनासम्म तुरुन्त पुग्ने व्यवस्था हुनुपर्छ । आधा घण्टा वा एक घण्टा अगाडि मात्र सूचना पाए पनि धेरै अवस्थामा मानिसलाई सुरक्षित ठाउँमा सार्न र आवश्यक संरचनात्मक तयारी गर्न सकिन्छ । सुरक्षित आयोजना बनाउन सस्तो हुँदैन । भूमिगत पावरहाउस, बलियो इन्टेक, सुरक्षित सडक, आधुनिक सेन्सर प्रणाली र बलियो प्रसारण संरचना बनाउँदा आयोजना निर्माणको लागत बढ्छ । अहिले नै ठूलो ऋण लिएर आयोजना बनाइरहेका प्रवर्द्धकका लागि थप लागत ठूलो चुनौती हुन सक्छ ।



विगतमा कतिपय ठाउँमा लागत कम गर्ने क्रममा नदीको किनारैकिनार सडक बनाइयो । जसले उद्धार गर्न पनि समस्या, मर्मतका लागि मेसिन लैजान पनि समस्या भयो । अब सम्भव भएसम्म बाढीको सतहभन्दा माथि सुरक्षित पहाडी भागबाट सडक लैजानुपर्छ ।

त्यसैले सुरक्षित आयोजना बनाउन सरकारको भूमिका पनि आवश्यक छ । प्राकृतिक विपद्को जोखिम समेटिएको प्रभावकारी बीमा हुनुपर्छ । बैंकले ऋण दिँदा आयोजनाले जलवायु र विपद्को जोखिम कति व्यवस्थापन गरेको छ भन्ने पनि हेर्नुपर्छ । विपद् आयो भने प्रवर्द्धक मात्र डुब्ने होइन, बैंकको ऋण र सर्वसाधारणको निक्षेपसमेत जोखिममा पर्न सक्छ ।

त्यसैगरी, सरकारले पनि सुरक्षित आयोजना बनाउन खोज्ने प्रवर्द्धकलाई केही सहयोग गर्नुपर्ने देखिन्छ । सुरक्षित डिजाइनका कारण लागत बढेको छ भने नीति तथा नियमनमार्फत त्यसलाई सम्बोधन गर्ने बाटो खोज्न सकिन्छ । विद्युत् खरिद सम्झौता (पीपीए), कर तथा भन्सार सुविधा, पहुँच सडक र प्रसारण पूर्वाधारमा राज्यको साझेदारीजस्ता विषयमा पनि सोच्नुपर्छ ।

अन्ततः मेरो बुझाइमा भोटेकोशीको बाढीलाई केवल एउटा विपद्का रूपमा हेरेर सकिँदैन । यसले हामीलाई आफ्नो कमजोरी देखाएको छ ।

हामीले अब जलविद्युत् बनाउन डराउने होइन । तर, पहिले जसरी आयोजना बनाउँदै आएका छौं, त्यसैगरी बनाइरहने पनि होइन । प्रकृतिको जोखिम बदलिँदै छ भने हाम्रो डिजाइन र योजना पनि बदलिनुपर्छ ।

अब बन्ने प्रत्येक आयोजनाको सुरुदेखि नै जलवायु परिवर्तन, बाढी, पहिरो र सम्भावित विपद्को जोखिमलाई ध्यानमा राखिनुपर्छ । सुरक्षित इन्टेक, भूमिगत संरचना, सुरक्षित पहुँच सडक, भरपर्दो प्रसारण प्रणाली र पूर्वसुचना प्रणालीलाई आयोजनाको आधारभूत आवश्यकता मान्नुपर्छ ।

भोटेकोशीले हामीलाई एउटा कठोर पाठ दिएको छ । त्यो पाठबाट हामीले सही कुरा सिक्यौं भने आगामी दिनमा अझ सुरक्षित र बलियो जलविद्युत् संरचना बनाउन सक्छौं । हाम्रो उद्देश्य केवल धेरै मेगावाट विद्युत् उत्पादन गर्नु होइन । त्यो विद्युत् उत्पादन गर्ने आयोजना, त्यहाँ काम गर्ने मानिस, लगानी गर्ने व्यक्ति र त्यसबाट ऊर्जा पाउने देश–सबैलाई सुरक्षित बनाउनु हो ।



दशैंले ल्याओस् घर-घरमा खुशी,
तिहारले उज्यालो बनाओस् जीवन,
छठले भरिदिओस् आस्था र विश्वास ।
सबै नेपालीमा स्वास्थ्य, शान्ति र समृद्धि
छाओस् - यही हाम्रो शुभकामना



Remsha Bastola
Director

CHAMSE
CONSTRUCTION



एनसेलमाथि राज्यको वक्रदृष्टि

कुनै समय नेपालमा चर्को शुल्क तिर्दा पनि सिम कार्ड किन्न पाउनु 'महाभारत' जितेसरह हुन्थ्यो । त्यस्तो समयमा नेपाल छिऱ्यो एनसेल (तत्कालीन अवस्थामा मेरो मोबाइल) । नेपाल टेलिकम र भारतीय लगानीको युनाइटेड टेलिकम लिमिटेड (यूटीएल)को एकाधिकार तोड्दै सर्वसाधारणको हात-हातमा सस्तो मोबाइल सेवा पुऱ्याएर दूरसञ्चार क्षेत्रमा क्रान्ति ल्याएको एनसेल आज २२ वर्षपछि इतिहासकै सबैभन्दा कठिन मोडमा छ । राज्यलाई पौने ४ खर्ब राजस्व बुझाइसकेको र १ करोड ४० लाखभन्दा बढी प्रयोगकर्ता रहेको यो कम्पनी यतिवेला राज्यकै वक्रदृष्टिको सिकार बनेको छ ।

सन् २००४ मा सञ्चालन अनुमतिपत्र (लाइसेन्स) पाएको स्पाइस नेपाल प्रालिले २००५ देखि 'मेरो मोबाइल' ब्रान्डबाट दूरसञ्चार सेवा सुरु गरेको थियो । यूटीएलले लिमिटेड मोबिलिटी सेवाको अनुमति पाएको थियो । स्पाइसले मेरो मोबाइलका नाममा सिम बिक्री गर्न थालेपछि नेपालको टेलिकम बजारमा वास्तविक रूपमा प्रतिस्पर्धा सुरु भयो ।

मूल्य सस्तो भएपछि मोबाइल पहुँच ह्वात्तै बढ्यो । देशका विभिन्न स्थानमा धमाधम 'मेरो मोबाइल'का टावर बन्न थाले । समयक्रमसँगै मेरो मोबाइल एनसेल बन्यो । एनसेलले मोबाइलको विकसित प्रविधि नेपाल भित्र्यायो । अधिकांश स्थानमा गुणस्तरीय फोन र इन्टरनेटको सुविधा उपलब्ध गरायो ।

एनसेल आउनुअघि नेपालको मोबाइल सेवाको गुणस्तर कमजोर थियो । ग्रामीण क्षेत्रमा सीमित कभरेज मात्रै थियो । एनसेल नआएको भए नेपालको दूरसञ्चार क्षेत्र यति तीव्र रूपमा विकास हुन कठिन थियो । एनसेल नहुँदो हो भने टुजीदेखि फोरजीसम्मको यात्रा यति छिटो नहुन सक्थ्यो । आज एनसेलले फाइभजी सेवा दिने अवस्थामा पुगेको छ ।

मुलुकमा मोबाइल सेवामा क्रान्ति ल्याएको एनसेलमाथि आज सरकारले तीन दशक पुरानो दूरसञ्चार ऐनको प्रावधान कार्यान्वयन गर्ने भन्दै कब्जा जमाउने योजना बुनेको छ । यति मात्र हैन सरकारको अनुमतिबेगर आफ्नो चल-अचल सम्पत्ति धितोमा राख्ने, बन्धकी दिने, बिक्री गर्ने वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न नपाउने भन्दै नियामक नेपाल दूरसञ्चार प्राधिकरणले रोक लगाएको छ ।

मुलुकमा सबैभन्दा ठूलो वैदेशिक लगानीद्वारा स्थापित, नेपाल र नेपाली बजारलाई दूरसञ्चारमार्फत जोडेको उक्त कम्पनी आफैं भने टुट्ने अवस्थामा पुगेको छ । यसलाई मिहिन रूपले अध्ययन गरेर वालेन्द्र शाह नेतृत्व सरकारले 'बोल्ड डिसिजन' गर्न नसके त्यसको नकारात्मक असर पर्ने छ । यदि, सरकारले बोल्ड डिसिजन नगरे आगामी दिनमा नेपालमा वैदेशिक लगानीको कुरा परै जाओस स्वदेशी लगानी पनि नहुने अवस्था आउन सक्नेछ । आम नेपालीले यसको दुर्गति वर्षौंसम्म भोग्नुपर्ने छ । जुन विषय राष्ट्रिय मुद्दाका रूपमा स्थापित हुन सकेको छ, न त सरोकारवालाहरूको चासोको विषय बनेको छ ।

अँग्रेजीमा एउटा भनाइ छ 'इट इज इजी टू मेक इजी डिसिजन बट टफ डिसिजन्स टेस्ट लिडरसीप' । अर्थात्, सहज निर्णय जो-कसैले लिन सक्छ तर, अप्ठ्यारो विषय वा परिस्थितिबारे निर्णयले भने नेतृत्वको साँचो परीक्षा लिन्छ । बालेन नेतृत्वको सरकार ठ्याक्कै यही विन्दुमा आइपुगेको छ । २२ वर्ष पार गरिसकेको एनसेलको अस्तित्व यति बेला धरापमा परेको छ । २०८६ मा २५ वर्षे अनुमतिपत्र सकिएसँगै राष्ट्रियकरण हुने वा सरकारको स्वामित्वमा कम्पनी जाने भाष्य यति बेला तीव्र बनाइएको छ । आम सर्वसाधारण लक्षित लोकप्रियवाद यति बेला उत्कर्षमा छ । तर यस्तो लोकप्रियवादले निम्त्याएका दुष्परिणामको भुक्तभोगी नेपाली समाज पटक

पटक भइसकेको अवस्थामा एनसेलजस्तो वैदेशिक लगानीको 'इकोसिस्टम कम्पनी' भविष्यलाई सामान्य विषय जसरी हेरियो भने यसले नेपालको दूरसञ्चार यात्रा र त्योसँग जोडिएको डिजिटल नेपालको परिकल्पना तासको घर जसरी ढल्न सक्ने अवस्था छ ।

एनसेल किन समस्यामा छ ?

लाइसेन्स अवधि समाप्त हुन लागेको छ । तर, दूरसञ्चार ऐनले एनसेल सरकारीकरण हुने बाटो मात्र परिकल्पना गरेको छैन । लाइसेन्स अवधि समाप्त भएपछि सरकारले कम्पनीको मूल्य (भ्यालु) निर्धारण गर्न र त्यो रकम तिर्ने सर्तमा विद्यमान लगानीकर्तालाई नै अर्को २५ वर्षका लागि अनुमतिपत्र दिन सक्छ । कारणवश लगानीकर्ताले नसके वा नचाहेको अवस्थामा ग्लोबल टेन्डरमार्फत निर्धारित रकम तिरेर नयाँ लगानीकर्ताले एनसेलको २५ वर्षे लाइसेन्स लिन सक्ने अवस्था रहन्छ ।

गत भदौ १५ गते नेपाल दूरसञ्चार प्राधिकरणले पत्र काट्दै एनसेललाई बैंक तथा वित्तीय संस्थाबाट ऋण लिने बाटो बन्द गरिदिएको छ । सामग्री आयातमा पनि समस्या सिर्जना गरेको छ । घुमाउरो तरिकाले सरकारले एनसेललाई आफ्नो अधीनमा ल्याइसकेको छ । विगतमा ६ वटा दूरसञ्चार सेवा प्रदायक रहेको नेपालमा अहिले जम्मा दुई मात्र छन् । प्राधिकरणको अक्षमताका कारण हालसालै स्मार्ट टेलिकमसहित अन्य कम्पनीहरू सञ्चालनमा नरहेको कुरा जगजाहेर छ । यस्तो अवस्थामा सरकारीकरण गरेर एनसेल सञ्चालन हुने विषय सुन्दा त मज्जा लाग्न सक्छ तर यो न त सम्भव देखिन्छ न फलदायी ।

कसरी गर्न सकिन्छ समाधान ?

एनसेलले तत्कालीन प्रधानमन्त्री सुशीला कार्की र पछि बालेन शाह नेतृत्वको सरकारलाई बुझाएको पत्रमा कसरी सबैका लागि उत्तम निकास सहितका उपायहरू सुझाइएको छ । ती विकल्पहरू कार्यान्वयन गरे एनसेल झन् आक्रामक भएर आउनेछ । लगानी पनि विस्तार हुनेछ ।

त्यसमाथि राज्यलाई राजस्व बुझाउने कम्पनीका रूपमा एनसेल ठूलो करदातामध्ये पर्छ । आर्थिक वर्ष २०८२/८३ मा मात्रै कम्पनीले कर, शुल्क, रोयल्टी तथा अन्य सरकारी भुक्तानीबापत १७ अर्ब २४ करोड रूपैयाँभन्दा बढी बुझाएको थियो । स्थापनादेखि हालसम्म कम्पनीको सरकारलाई गरेको कुल योगदान ३ खर्ब ७५ अर्ब रूपैयाँ पुगिसकेको छ ।

एनसेल नभए के हुन्छ ?

मानवीय स्वभाव हो तपाईंसँग कुनै चीज हुँदासम्म त्यसको महत्व थाहा हुँदैन । तर त्यही चीज गुम्यो भने बल्ल त्यसले तपाईंको जीवनमा पारेको प्रभाव थाहा हुन्छ । एनसेल आजको दिनमा १ करोड ४० लाख भन्दा बढी सर्वसाधारणसँग जोडिएको छ ।

उचित समाधान के ?

सरकारले एनसेलसँग कुरै गर्नुहुँदैन भन्ने खालको मानसिकता देखिएको छ । विगतका केही कुरामा सरकारको फरक धारणा भए संवाद मार्फत ती कुरा समाधान गर्न सकिन्छ । एनसेलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) माइकल फोलेको राजीनामाको एउटा प्रमुख कारण नेपालको नियामकीय अस्पष्टता र कम्पनीप्रति सरकारको नकारात्मक धारणा रहेको चर्चा बजारमा व्याप्त छ । विदेशी कर्मचारी त्यसमाथि पनि दूरसञ्चार बजारमा निकै अनुभवी भनिएका फोले जस्ता नेतृत्वकर्ताहरूको त्यस्तो बुझाइले नेपालमा लगानी वातावरण प्रभावित पार्छ । आखिर विदेशी लगानीकर्ताले सुन्ने भनेको यो बजारको अनुभूति लिइसकेकाहरूकै हो ।

यदि समयमै सरकारले आफ्नो विचार सार्वजनिक नगरे नेटवर्क प्रभावित हुन सक्छ । मृत्यु निश्चित भएको बुझाइले बल पाए लगानीकर्ताको मनोबल घट्छ । उसमा थप लगानी गर्ने ऊर्जा हुँदैन । यसले जति प्रभाव लगानीकर्तालाई पर्छ त्यो भन्दा धेरै गुणा आम नेपालीलाई पार्नेछ । एनसेलले झण्डै थप ३० अर्ब रूपैयाँ लगानीको घोषणा गरिसकेको छ ।

सरकारको स्वामित्वमा आउने भनिएको एनसेलको सम्पत्ति सामान्य सरकारी सम्पत्ति मात्र होइन । दुई दशकभन्दा बढी समयदेखि नेपालको दूरसञ्चार क्षेत्रमा निजी तथा विदेशी लगानीमार्फत खडा भएको ठूलो पूर्वाधार र नेटवर्क पनि यसैभित्र पर्छ ।

यसअघि सञ्चालनमा रहेकै अवस्थामा स्मार्ट टेलिकमलाई दूरसञ्चार प्राधिकरणले हत्याउन खोज्दा कम्पनीको अस्तित्व सकिएको छ । यदि एनसेल पनि राज्यको स्वामित्वमा गएमा यस्तो अवस्था आउन सक्छ । यसरी हेर्दा, एनसेलको अनुमतिपत्र सकिएपछि सरकारको स्वामित्वमा आउने भनिएको विषय केवल एउटा कम्पनीको लाइसेन्स सकिने विषयमा मात्र सीमित छैन । विदेशी तथा निजी लगानीबाट दुई दशकभन्दा बढी समय लगाएर निर्माण भएको दूरसञ्चार पूर्वाधार, नेटवर्क र सम्पत्तिको भविष्यसँग जोडिएको विषयसमेत हो । त्यसैले यसलाई हलुका ढंगले राज्यले लिनु आफैंमा जोखिमपूर्ण देखिन्छ । यसका साथै चलिरहेको सबल निजी कम्पनी सरकारको स्वामित्वमा ल्याउने कानुनी प्रावधान आफैंमा अव्यवहारिक र अवैज्ञानिक भएको भन्दै यसलाई हटाउनुपर्ने माग उठ्ने गरेको छ । सरकारको उक्त निर्णय दूरसञ्चार नियमावली विपरीत थियो । 'अनुमतिपत्र बहालमा नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली २०७९' को नियम ६ अनुसार कम्पनीले २०८३ भदौ १५ अघि सम्पत्ति र सेयर खरिदबिक्री गर्न सक्ने विकल्प छ । अहिले एनसेलको ८० प्रतिशत सेयर स्वामित्व स्पेक्ट्रलाइट यूके लिमिटेडमा छ, जसका सञ्चालक व्यवसायी सतिशलाल आचार्य हुन् । बाँकी २० प्रतिशत सुनेभेरा क्यापिटल लिमिटेडको स्वामित्वमा छ ।

अनुमतिपत्र नवीकरणसँग जोडेर स्वामित्व संरचनामा कुनै परिवर्तन गर्न नपाइने, भविष्यमा सम्पत्ति राज्यको हुने सुनिश्चितता अहिले नै सर्तका रूपमा लादिने जस्ता निर्णयहरू कानुनी स्पष्टताको दृष्टिले विवादास्पद देखिन्छन् । दूरसञ्चार ऐनले अनुमतिपत्र समाप्त भएपछि सेवासँग सम्बन्धित भौतिक संरचनाको स्वामित्व राज्यमा जाने व्यवस्था गरेको छ । तर, कम्पनीको सेयर संरचना परिवर्तन गर्न नपाइने भन्ने व्यवस्था ऐनमा उल्लेख छैन । नियमावली संशोधनमार्फत ऐनले परिकल्पना नगरेका विषय थपिनु कानुनी निश्चितताको सिद्धान्तसँग मेल खाँदैन ।



भोटेकोशी महाप्रलयको पाठः अबको जलविद्युत् जमिनमुनि

बटु लामिछाने
अध्यक्ष, बिजी ग्रुप

सतहको संरचनाभन्दा जमिनमुनि संरचना बनाउँदा तीन गुणा बढी महँगो पर्नसक्छ, तर यसले दीर्घकालीन सुरक्षाको ग्यारेन्टी गर्छ । अब हामीले सस्तो होइन, सुरक्षित र टिकाउ विकासलाई प्राथमिकता दिनुपर्छ । नदीले आफ्नो बाटो कहिल्यै बिर्सदैन, त्यसैले नदीको बाटो नछेकौं ।

गत भदौ १० गते भोटेकोशी र त्रिशूलीमा विशाल बाढी आयो । त्यो सामान्य विपत्ति थिएन, एउटा 'महाप्रलय' थियो । जसले केरुङ नाकाका बलिया संरचनालाई समेत तासको घरझैं ढालिदियो । विपद् आउनेबित्तिकै जलविद्युत् आयोजनालाई सराप्ने एउटा जत्था सलबलाउँछ, तर ऊर्जाबिनाको देश फेरि अन्धकार युगमै फर्किन्छ भन्ने हामीले बिर्सन हुँदैन ।

जब हामी प्रकृतिसँग जोरी खोज्छौं वा प्रकृतिको रौद्र रूप अगाडि आउँछ, तब मानवीय प्रयासहरू निकै कमजोर साबित हुन्छन् । तर, यसको अर्थ यो होइन कि हामीले विकासका प्रयासहरू रोक्नुपर्छ । बरू, यो विपत्तिले हामीलाई एउटा गम्भीर पाठ सिकाएको छ– हाम्रो जलविद्युत् विकासको मोडल र संरचनात्मक सुरक्षालाई अब नयाँ ढंगले सोच्ने बेला आएको छ । छिमेकी राष्ट्र चीनको तिब्बततर्फ रहेको हिमचट्टान फुटेर ल्हेन्दे खोलामा खसेपछि त्यसले सिर्जना गरेको बहाव हाम्रो भोटेकोशीमा मिसिन आयो । जसले केरुङ नाकाका अध्यागमन भवनदेखि धादिङसम्मका बस्ती र पूर्वाधारहरूमा ठूलो क्षति पुऱ्यायो । यो प्राकृतिक प्रकोप हाम्रो नियन्त्रण बाहिरको कुरा थियो । यस्तो 'एक कालमा पर्ने' प्रलयलाई सामना गर्न हाम्रा वर्तमान संरचनाहरू मात्र होइन, संसारकै धेरै ठूला प्रविधिलाई पनि हम्मे-हम्मे पर्छ ।

जलविद्युत् विकासः किन अपरिहार्य ?

विपत्ति आउने बित्तिकै एउटा जमातले जलविद्युत् आयोजनाहरूकै कारण यस्तो भएको हो कि भन्ने तर्क गर्छन् । तर, हामीले के बिर्सनु हुँदैन भने यदि आज हामीले जलविद्युत्मा लगानी नगरेको भए हामी अझै पनि अन्धकार (लोडसेडिङ) मा हुन्थ्यौं । रेमिटेन्सबाट प्राप्त हुने ठूलो रकम छिमेकी मुलुकबाट बिजुली किन्नमै खर्च हुन्थ्यो । आज हामी ऊर्जामा आत्मनिर्भर बन्ने दिशामा छौं भने त्यो जलविद्युत् क्षेत्रकै देन हो । विकासका क्रममा केही कमजोरीहरू हुन सक्छन्, जसलाई नियमन र सुधार गर्दै लैजानुपर्छ । तर, विकास नै रोक्नु भनेको देशलाई पछाडि धकेल्नु हो ।

अब सबै 'अन्डरग्राउन्ड' ?

यस प्रलयले हामीलाई सिकाएको सबैभन्दा ठूलो पाठ भनेको अब हाम्रा जलविद्युत् संरचनाहरूलाई सतहमा भन्दा पनि जमिनमुनि लैजानु पर्ने हो । सतहमा बनाइएका विद्युत्गृह र बाँध जस्ता ठूला संरचनाहरु बाढी र पहिरोको उच्च जोखिममा हुन्छन् । जमिनमुनि बनाइएका संरचनाहरू तुलनात्मक रूपमा सुरक्षित हुन्छन् ।

यद्यपि, यो भन्न जति सजिलो छ, कार्यान्वयन गर्न त्यति नै खर्चिलो छ । उदाहरणका लागि, सतहमा बनाइने एउटा 'डिसेन्डिङ बेसिन' (बालुवा थिर्याउने पोखरी) लाई बनाउन ८-१० करोड रुपैयाँ लाग्छ भने, त्यही संरचना जमिनमुनि बनाउँदा २५-३० करोड रुपैयाँसम्म पर्न सक्छ ।

यसले आयोजनाको कुल लागत त बढाउँछ । तर दीर्घकालीन सुरक्षाको ग्यारेन्टी पनि गर्छ । अब हामीले सस्तो भन्दा पनि सुरक्षित र टिकाउ विकासलाई प्राथमिकता दिनुपर्छ ।



ठूला हेलिकप्टरको आवश्यकता

विपत्ति पछिको उद्धार र पुनर्निर्माणमा हामी सधैं ढिलो हुने गर्छौं । धेरैले यस्तो बेला विदेशी सेना वा विदेशी सहयोगको कुरा गर्छन् । तर, नेपाललाई विदेशी सेना चाहिन्न भन्ने मेरो मान्यता हो । हामीसँग हाम्रा आफ्नै दक्ष जनशक्ति र वीर नेपाली सेना छ । अभाव छ त केवल आधुनिक उपकरणको ।

आज हामीसँग भएका एमआई १७ हेलिकप्टरहरूले ३२०० केजीभन्दा बढी भार बोक्न सक्दैनन् । एउटा स्क्याभेटरलाई टुक्रा पारेर लैजान र फेरि जोड्न १०-१२ दिन लाग्छ । यदि हामीसँग २५ टन क्षमताका ठूला हेलिकप्टरहरू हुन्थे भने हामीले सिधै मेसिनरीहरू प्रभावित क्षेत्रमा पुऱ्याउन सक्थ्यौं र पुनर्निर्माणको काम हप्तौं अगाडि सकिन्थ्यो । यस्ता ठूला हेलिकप्टर निजी क्षेत्रले किन्न सक्दैन । यो सरकारले किनेर सेनालाई जिम्मा दिनुपर्छ । व्यावसायिक रूपमा प्रयोग गर्दा यसको लागत पनि कम गर्न सकिन्छ ।

नदीको बाटो नछेकौं

हाम्रा पुर्खाहरूले भन्थे– 'डाँडामा बस्नु, तल खेतीपाती गर्नु ।' त्यो निकै वैज्ञानिक थियो । तर, आधुनिक सहरीकरणले नदी किनारलाई मिच्दै लग्यो । हामीले नदीलाई हामीभन्दा सानो ठान्यौं र नदीको बाटोमै घर र संरचनाहरू बनायौं । नदीले आफ्नो बाटो कहिल्यै बिर्सदैन । सय वर्षको तथ्यांक हेरेर संरचना बनाउँदा पनि त्यसमा थप २० प्रतिशत सुरक्षा मार्जिन राख्नुपर्छ । जलविद्युत् आयोजना बनाउँदा पनि नदीको प्राकृतिक बहावलाई न्यूनतम अवरोध हुने गरी डिजाइन गर्नुपर्छ । नदीलाई स्वतन्त्र रूपमा बग्न दिनुपर्छ । जब हामी नदीको घाटी थिच्छौं, तब उसले आफ्नो शक्ति देखाउँछ र आसपासका सबै संरचना ध्वस्त पार्छ ।

आत्मनिर्भरता र साहसको बाटो

हामी ४६० मेगावाटभन्दा ठूला आयोजनाहरू आफ्नै पौरखले बनाउन सक्ने क्षमतामा पुगिसकेका छौं । यो गर्वको कुरा हो । सरकारले अहिले देखाएको तदारुकता र नेपाली सेना तथा प्रहरीको उद्धार कार्य प्रशंसनीय छ । तर अबको बाटो अदक्ष विकासबाट दक्ष र सुरक्षित विकासतर्फ केन्द्रित हुनुपर्छ । हामीलाई विदेशी सल्लाहकार भन्दा पनि आफ्नै माटो बुझेका इन्जिनियर र प्राविधिकहरूको खाँचो छ । यो प्रलय एउटा चेतावनी हो । साथै हाम्रो जलविद्युत् नीतिलाई परिमार्जन गर्ने र भविष्यका पुस्ताका लागि सुरक्षित पूर्वाधार छोड्ने एउटा अवसर पनि हो । प्रकृतिलाई सम्मान गरौं, प्रविधिलाई अँगालौं र विकासको यात्रालाई निरन्तरता दिऔं ।

विजयादशमी, तिहार र छठको पावन
अवसरमा स्वास्थ्य, शान्ति, सुख-समृद्धि र
सफलता सबैको जीवनमा भरियोस् भन्ने
शुभेच्छा ।



GAURA

GAURA CONSTRUCTION PVT. LTD.

MAHARAJGUNJ -03 KATHMANDU

Gmail: guraco@gmail.com



रमेश ढकाल, अध्यक्ष

नयाँ वर्षले ल्याओस् घर-घरमा खुशी ।
सबै नेपालीमा स्वास्थ्य, शान्ति र सम्मृद्धि
छाओस् - यही हाम्रो शुभकामना !



An ISO 9001:2015 Certified Company

Sagramatha Multi Service Pvt.Ldt.

Tinkune, Kathmandu (Near V.S. Niketan College)

Email: dhakalramesh100@gmail.com, rsdsuppliers1000@gmail.com, info@sagarmathamultiservice.com.np

Phone: 01-5199004, 9851013934 Ramesh Dhakal (Chairman), 9841968814-Kailash Pudasaini (Director),
9843872537-Ganga Tamang (Supervisor)

लोक बुझिरहेका लोकराज



सफलताको मानक के हो ? मनग्य पैसा, ठूलो कम्पनी वा समाजमा सुनाम ? यदि, यी नै सफलता नाप्ने परिचायक हुन् भने त्यो सफलता लोकराज शर्माले उहिल्यै हासिल गरिसके ।

२१ वर्ष युरोप बसाइँ । इन्जिनियरिङदेखि, डिजिटल पेमेन्ट कम्पनी र हजारौँलाई उद्यमी बनाउने `एनआरएन लघुवित्त'सम्मको विशाल व्यापारिक `पोर्टफोलियो' । डेनमार्कमा इन्टरनेसनल ट्रेडिङ र इनर्जी कम्पनीदेखि नेपालमा मातृभूमि लघुवित्त, नेपाल पेमेन्ट सोलुसन, सम्पन्न क्यापिटल, डिजिहब, लेखापाल, रोतेक, कोको एग्रो, बिल्डर ३६०, डिजिटल किसान एप, ग्लोहब जस्ता दर्जनौँ कम्पनी सञ्चालन गरेका उनी आफ्ना उपलब्धिहरू गनेर मख्ख पर्दैनन् । बरु बेचैन हुन्छन् ।

स्वदेश फर्केर दर्जनौँ क्षेत्रमा लगानी गर्दा पनि नेपालको राज्य प्रणाली, स्रोतमाथिको सीमित वर्गको कब्जा र आम मानिसले अवसर नपाउने संरचना देखेर उनको मुटु भित्रैदेखि निचोरिन्छ । भन्छन्, `सबै कुरा हुँदाहुँदै पनि म यहाँ केही न केही चीजले भताभुंग भएर बसिरहेको छु ।'

***

नेपाली भाषा र खस सभ्यताको उद्गमस्थल जुम्लाको सिँजामा कक्षा ६ मा पढ्दै गरेका शर्माले एकदिन घोषणा गरे, `म क्लब खोल्छु ।' २०५० को दशक । त्यो युवा तथा बाल क्लब खोल्ने, भित्ते पत्रिका लेख्ने, चन्दा उठाएर बुद्धिचाल, हाजिरीजवाफ, भलिबल प्रतियोगिता, बाटोघाटो सफा गर्ने र गाउँलेलाई एक ठाउँमा जम्मा गरेर नाटक देखाउने समय थियो । काठको फलेकमा चुनले संसार बदल्ने अठोटका साथ क्लबको नाम लेखिन्थ्यो न मोबाइलको लत, न इन्टरनेटको कचकच । त्यही हुटहुटीले शर्माले केही साथीभाइ जुटाए । बुवासँग पाँच सय रुपैयाँ चन्दा मागे र नाम राखे– `रोप्नी क्लब ।'

गाउँमा सामाजिक संस्था खोल्ने प्रयास पहिले पनि भएका थिए । स्रोत र साधन भएका अग्रजहरूले समेत त्यस्तो संस्था टिकाउन सकेका थिएनन् । तर शर्मालाई त्यसले रोकेन । पाँच सय रुपैयाँ त्यतिबेला ठूलो र कम थियो । पछि गाउँका अरू मानिसले पनि ३००, ४००, ५००, १०० रुपैयाँ गर्दै सहयोग गरे । केही रकम जम्मा भएपछि क्लबले युवा तथा बालबालिकाका लागि आवश्यक सामग्री जुटायो । विस्तारै गाउँका ठूला दाइ र अंकलहरू पनि सदस्य बन्न थाले । आफूभन्दा ५-१० वर्ष जेठा मानिसहरू सदस्य बन्दै गएपछि सानो उमेरका शर्मालाई असहज पनि भयो । अनि उनले नेतृत्व छाडे, निर्माताका रूपमा सक्रिय भए ।

त्यही क्लबबाट गाउँमा पुल बन्यो, मन्दिर बन्यो । क्लबको रकम सकिँदै गएपछि बाँकी रकम घर-घरमा बाँडियो । आज शर्मा आफ्नो नेतृत्व, उद्यमशीलता र सामाजिक विश्वासको जरा खोज्दा त्यही बाल्यकालको संस्थासम्म पुग्छन् । `आज जुन मेरो नेतृत्व क्षमता, उद्यमशीलता र सामाजिक विश्वास छ, त्यसको निर्माण गर्ने जग त्यही संस्था थियो,' उनी सम्झन्छन् ।

शर्माको पारिवारिक पृष्ठभूमि राम्रो थियो, बुवा ५ जना हजुरबाहरूका एक मात्रै छोरा र राष्ट्रिय-अन्तर्राष्ट्रिय अवार्ड पाएका चर्चित ज्योतिषी । दर बारसम्म पहुँच थियो । तर उनको जीवन सधैँ एकै गतिमा रहेन । उनी १५ वर्षको हुँदा बुवाको निधन भयो ।

`बुवा बितेपछि कान्छो भए पनि म सानैदेखि गम्भीर स्वभावको भएकाले आर्थिक र व्यावहारिक गतिविधिको जिम्मा मेरो काँधमा आयो,' उनी भन्छन्, `बुवाले मेरो नाममा राष्ट्रिय वाणिज्य बैंकमा मलाई थाहै नदिई केही पैसा जम्मा गरिदिनुभएको रहेछ, त्यो रकमले पछि काठमाडौँमा मेरो उच्च शिक्षामा ठूलो सहयोग गऱ्यो ।'

काठमाडौँको विभेद र युरोपको उडान

जाडो याममा स्कुल बन्द हुन्थ्यो । उनी बुवासँगै बेसी झर्थे । गर्मीमा लेक उक्लन्थे । यसरी उनको पढाइ प्रभावित भयो । बिस्तारै गाउँमा



माओवादीको प्रभाव पनि बढ्दै गएको थियो । 'बुवालाई डर होइन,पढ्ने केटो यहाँ यसरी बस्नुभन्दा काठमाडौं जाओस् भनेर मलाई पठाउनुभयो,' ८ कक्षापछि काठमाडौं आएको सम्झँदै उनी भन्छन्, 'त्यसको केही समयमै हृदयघातबाट बुवाको निधन भयो ।'

काठमाडौं आएपछि उनले विभेद महसुस गरे । जुम्लामा ८ कक्षासम्म पढेका उनलाई सरकारी स्कुलले भर्ना लिन मानेन । 'क्षेत्रपाटीको शान्ति शिक्षा विद्यालयमा भर्ना हुन गएको ८ कक्षा दोहोऱ्याउन, सके त ७ क्लासबाटै सुरु गर्न भनियो,' उनी सम्झिन्छन् । तर उनले चुनौती दिँदै भने- मलाई ३ महिनाको 'कन्डिसनल एडमिसन' दिनुस्, कुनै विषयमा फेल भएँ भने निकालिदिनुहोला ।

त्यसपछि बल्ल आफूले भर्ना पाएको उनी बताउँछन् । जुम्लाबाट आएको भन्दै स्कुलमा भर्ना नदिने समाजको संकीर्ण सोचलाई उनले चुनौती दिँदै चिरे पनि । उपत्यकाव्यापी हाजिरीजवाफ प्रतियोगितामा दोस्रो भए । डा. केशरबहादुर रायमाझीको हातबाट पुरस्कार पाए ।

एसएलसीपछि शर्माले थापाथली इन्जिनियरिङ कलेजबाट सिभिल इन्जिनियरिङमा डिप्लोमा (३ वर्षे) सके । साथीहरूको लहैलहैमा ग्रीसको भिसाका लागि आवेदन दिए । करिब ७० जनाले आवेदन दिएकोमा उनीसहित दुईजनाको मात्रै भिसा आयो । ग्रीस पुगेपछि उक्त देश संकटमा जान लागेको बुझेपछि उनी डेनमार्क हान्निए । इन्टरनेसनल बिजनेस एकेडेमीमा अध्ययन गर्दा उत्कृष्ट विद्यार्थी बनेका उनले पछि बेलायतबाट अन्तर्राष्ट्रिय व्यवसाय व्यस्थापनमा स्नातकोत्तर र डेनमार्कबाट नेतृत्वसम्बन्धी डिप्लोमा हासिल गरे । डेनमार्कमा आर्थिक रूपमा स्थापित गर्न आफूले 'गे बार'मा काम गर्नेदेखि विद्यार्थीलाई पढाउने 'स्टडी कोचका रूपमा काम गरेको उनी बताउँछन् ।

'गे बारदेखि क्लिनिङसम्मका काम गरेँ । एक-डेढ वर्षपछि म कलेज भर्ना भएँ । पहिलो सेमेस्टरमै १२ मा पूर्ण टप गरेँ र स्कलरशिप पाएँ । म त्यहाँ एक किसिमको सेलिब्रिटी जस्तै भएँ । त्यसपछि मैले विद्यार्थीहरूलाई 'स्टडी कोच' भएर पढाउन थालेँ,' उनी डेनमार्कको सुरुवाती संघर्ष सम्झिन्छन्, ''पढ्दा पनि स्कलरशिपको पैसा आउने र पढाउँदा पनि आउने भयो। २० मिनेट पढाएको २० हजारदेखि ५० हजार रुपैयाँसम्म आउँथ्यो ।''

उद्यमशीलता र कम्पनीको विस्तार

सन् २००७ तिर शर्माले डेनमार्कमा 'इन्टरनेसनल ट्रेडिङ' कम्पनी खोलेर व्यवसाय सुरु गरे । नेपालबाट हिन्वा वाइन, घिउ र फेल्टका सामान युरोप लैजान थाले । 'मेरो 'फेल्ट स्नो' भन्ने ब्रान्ड अझै पनि युरोपमा गइरहेको छ,' उनी भन्छन् ।

त्यसपछि उनले ऊर्जा क्षेत्रमा हात हाले । 'डेनमार्कमा अहिले मेरो मुख्य व्यवसाय इनर्जी सेक्टरमा छ । डेनमार्कमा हाम्रो पब्लिक लिमिटेड कम्पनी छ । त्यहाँका साझा यातायात जस्ता पब्लिक गाडीहरूले हाम्रो इनर्जी कन्जुम गर्छन्,' उनी भन्छन्, 'हामीसँग १२ मेगावाटभन्दा बढीको ब्याट्री स्टोरेज सिस्टम छ । ऊर्जाको माग कम भएको बेला स्टोर गर्ने र माग उच्च भएको बेला बेच्ने प्रविधिमा काम गरिरहेका छौं ।'

व्यवसाय हुँदै उनी एनआरएन अभियानमा पनि जोडिए । सन् २०१५ मा शेष घले अध्यक्ष हुँदा उनी आईसीसीको पदाधिकारी थिए । त्यसवेला उनले 'सोसियल अन्टरप्रेनरसिप कमिटी' खोल्ने प्रस्ताव राखे । त्यसको अध्यक्ष बने । उक्त कमिटीको उद्देश्य थियो युवाहरूलाई बिनाधितो पैसा, पुँजी र प्रविधि दिएर उद्यमी बनाउने । त्यसपछि ग्लोबल युथ कन्फरेन्समार्फत सरकारसँग समन्वय गरी 'एनआरएन लघुवित्त'को स्थापना गरे । त्यसलाई पछि १० वटा फाइनान्स मर्ज गरेर 'मातृभूमि लघुवित्त' बनाएको उनी बताउँछन् । २ लाख सदस्य रहेको मातृभूमि लघुवित्तले २५० शाखामार्फत १२ अर्बभन्दा बढी ऋण प्रवाह गरेको छ । हजारौं साना उद्यमीले बिना धितो ऋण पाइरहेका छन् ।

'यसमा करिब एघार सय कर्मचारी र १२-१३ अर्बको पोर्टफोलियो छ । आठ महिनाअघि मैले यसको अध्यक्ष पद छोडेँ,'' उनले भने । अहिले उनी फिनटेक र प्रविधिको क्षेत्रमा सक्रिय छन् । नेपालमा फन्ड ट्रान्सफरको शुल्क ६०-७० रुपैयाँसम्म हुँदा उनले 'नेपाल पेमेन्ट सोलुसन'मार्फत १ रुपैयाँमा सेवा सुरु गरेका थिए । 'अहिले यो पब्लिक लिमिटेड कम्पनी हो र हामी दैनिक झन्डै ३ अर्बको सेटलमेन्ट गर्छौं,' उनी भन्छन्, 'ट्रान्जेक्सन भोलुममा मासिक रूपमा ३० प्रतिशत वृद्धि हुँदै गएको छ । नेपालमा आउने ६० देखि ७० प्रतिशत रेमिटेन्स हामी नै प्रोसेसिङ गर्छौं ।''

नेपाल पेमेन्ट सोलुसनले नेपालको करिब ९० प्रतिशत बैंक तथा वित्तीय संस्थासँग सहकार्य गरी केन्द्रीय सेवा तथा भुक्तानी हबका रूपमा काम गरिरहेको उनी बताउँछन् । कम्पनीको प्रविधि र व्यावसायिक मोडलका



म आफ्ना कर्मचारीलाई कम्पनीको सीईओलाई भन्दा बढी तलब दिने हिम्मत राख्छु । किनकि, मेरो लागि उद्यम भनेको मानिसको श्रम र योगदानको वास्तविक मूल्य चुकाउनु हो । मैले १० हजार मानिसलाई रोजगारी दिने लक्ष्य राखेको थिएँ । तर, २ हजार १०० पुगेपछि म आफैं थाकें ।

कारण कारोबार लागत २० गुणसम्म घटेर डिजिटल भुक्तानी थप सस्तो र सहज बनेको उनको भनाइ छ ।

उनी 'सम्पन्न क्यापिटल' (इन्भेस्टमेन्ट बैंक) को मेजोरिटी सेयर होल्डर र बोर्ड सदस्य पनि हुन् । यसबाहेक सेयर बजारलाई पूर्ण डिजिटाइजेसन गर्ने टीएमएस सिस्टम 'डिजिहब' को स्थापना पनि उनैले गरेका हुन् । तर साढे दुई वर्षअघि उनले डिजीहब बिक्री गरिसकेका छन् ।

होटलहरूको डिजिटलाइजेसन गर्ने सफल सफ्टवेयर, जसले नेपालका ६५ प्रतिशत होटल समेट्थ्यो । शर्माले त्यसमा पनि रहेर काम गरे । यसैगरी नेपालमा पसलदेखि कर्पोरेटसम्मले प्रयोग गर्न सक्ने ओम्नीच्यानल ईआरपी सिस्टम 'लेखापाल' सञ्चालन गरिरहेका छन् । यसको प्रबन्धक कम्पनी डेनमार्कको 'ग्लोहब' हो । जुन अहिले युरोप, अफ्रिका र नेपाल गरी ७ वटा देशमा सञ्चालनमा छ ।

उनका कम्पनीहरूले अन्तर्राष्ट्रिय बजारमा समेत सफ्टवेयर निर्यात गर्दै आए छन्, जसले नेपालमा विदेशबाट सफ्टवेयर आयात गर्नुपर्ने आवश्यकता र त्यसमा हुने खर्च घटाउन सहयोग गरेको उनी बताउँछन् ।

वातावरण र रिसाइक्लिङको क्षेत्रमा कुलेखानीमा 'रोतेक' फ्याक्ट्री र रोल्पामा 'कोको एग्रो' मार्फत उडन फ्याक्ट्री पनि उनले सञ्चालन गरिरहेका छन् । यसबाहेक उनी जनरल इको टेक (जीईटी) मार्फत ई-वेस्ट रिसाइक्लिङमा पनि सक्रिय छन्, जहाँ देशभरबाट संकलित प्रयोगविहीन मोबाइललगायत विद्युतीय सामग्री 'रिसाइकल' गरिन्छ ।

निर्माण क्षेत्रमा डेनमार्कको वातावरण मन्त्रालयसँग मिलेर कोटेश्वरमा 'बिल्डर ३६०' कम्पनी छ, जसले रोबोट र थ्रीडी प्रिन्टरको प्रयोग गरी घर र फर्निचर प्रिन्ट गर्छ ।

उनका अनुसार उक्त प्रविधिबाट तीन महिनाभित्र घर निर्माण गर्न सकिन्छ भने कर्नालीमा स्थानीयवासीको सहयोगमा काठ संकलन गरी रोजगारी र आम्दानीको अवसरसमेत सिर्जना गरिएको छ ।

उनले कृषि क्षेत्रमा कृषि विकास बैंकसँग मिलेर 'डिजिटल किसान एप' र किसान क्रेडिट कार्ड लन्च गरेका थिए । जसबाट हालसम्म करिब ४ अर्ब रुपैयाँ किसानसम्म पुगेको छ । यसैगरी काठमाडौंका उत्कृष्ट शिक्षकले जुम्लाका विद्यार्थीलाई पढाउने परिकल्पनासहित 'डिजिटल स्कुल' पनि उनले सञ्चालन गरिरहेका छन् ।

राज्य प्रणाली र 'क्रोनी क्यापिटलिज्म'

शर्मा दुई वर्षअघिसम्म कर्नालीबाट यार्चागुम्बा सिधै खरिद गरेर विदेश निर्यात गर्ने ठूलो निर्यातकर्ता थिए । तर, अहिले छोडिदिए । नेपालमा राज्य, व्यवसायी र पब्लिक कसैमा पनि दूरदर्शिता नभएको उनी बताउँछन् ।

``उत्पादकत्व घट्यो, किसानको मेहनत बढ्यो र सोर्समै यार्चाको मूल्य अत्यधिक बढ्यो । उता मुख्य बजार चीनमा भने आफै फार्मिङ हुन थाल्यो, जसले गर्दा गुणस्तर बढ्यो तर मूल्य घट्यो,'' उनी भन्छन्, ``बजार सन्तुलन नहुँदा पछिल्लो दुई वर्ष घाटा भएपछि मैले यो व्यवसाय छोडें । नेपालमा गलैंचा र पश्मिनाको व्यापार जसरी एक्कासी ओरालो लाग्यो, यार्चामा पनि त्यही भयो ।''

शर्माले आफ्नो कम्पनीमार्फत १० हजार मान्छेलाई रोजगारी दिने अभियान सुरु गरेका थिए । तर, २१०० जना पुगेपछि आफै थाकेको महसुस भएको उनी बताउँछन् ।

``मेरो अफिसमा ६५०-७०० जना स्टाफले एउटै फ्लोरमा काम गर्थे, ब्रेकमा निस्किँदा जुलुस निस्किए जस्तो हुन्थ्यो । म आफ्नै कम्पनीको सीईओ भए पनि मभन्दा ३० गुणा बढी तलब म मेरा अन्य सीईओहरूलाई दिन्छु,' उनी भन्छन्, 'म डेनमार्क जस्तो संसारकै सबैभन्दा कम भ्रष्टाचार हुने देशमा २१ वर्ष बसें, मेरो ब्रेन त्यहीं विकास भयो । अहिले संसारकै उच्च भ्रष्टाचार हुने देशमा काम गर्न मलाई कति गाह्रो भइरहेको छ, अनुमान गर्न सक्नुहुन्छ । यहाँको मुख्य समस्या भनेको सबै मानिसको 'करप्टेड माइन्डसेट' हो ।'

यहाँ पैसा कमाउन जे पनि गर्ने र पछि धर्मकर्म गर्ने प्रवृत्ति भएको उनी बताउँछन् । 'नेपालमा हाइ लेभलको ब्युरोक्रेसी, पोलिटिसियन र बिजनेस पिपुलबीच डरलाग्दो अन्तरघुलन छ । यहाँ सीमित व्यापारीहरूको सिन्डिकेट छ । जो राइज हुन खोज्छ, उसलाई सिध्याउन षड्यन्त्र रचिन्छ,' उनी भन्छन्, 'आज राज्यको स्रोत, बैंक, इन्स्योरेन्स र उद्योग सबै एउटै व्यक्तिको हातमा छ । हामी पूर्ण रूपमा 'क्रोनी क्यापिटलिज्म'मा छौं ।'

यस मोडलले देशको स्रोतसाधनको दोहन मात्र गर्ने उनी बताउँछन् । देशको अर्थतन्त्रको मेरुदण्ड मानिने साना तथा मझौला उद्योगहरू मर्दै गएको बुझाइ उनको छ ।

उनी भन्छन्, 'यस्तो सिन्डिकेट र प्रणाली देख्दा कहिलेकाहीं फ्रस्ट्रेसन हुन्छ । तर, हामीले नगरे कसले गर्ने ? जतिसुकै अप्ठ्यारो भए पनि देशका लागि केही गर्नुपर्छ भनेर म आफ्नै ढङ्गले लडिरहेको छु ।'



नेपाल सरकार

गृह मन्त्रालय

अध्यागमन विभाग

कालिकास्थान, काठमाडौं

भिजिट तथा पर्यटक भिसामा विदेश यात्रामा आवश्यक पर्ने कागजातहरू

१. कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी ।

२. सम्बन्धित देशको प्रवेषाज्ञा (Visa) वा On Arrival Visa प्राप्त हुने मुलुक भए प्रवेषाज्ञा नचाहिने ।

३. दुईतर्फी हवाई टिकट ।

४. भ्रमण अवधिभर होटल बुकिङ गरेको प्रमाण वा होटल बुकिङ नभई आफन्तसँग रहने भएमा एकाघरका तीन पुस्ता भित्रको नाता खुल्ने नागरिकता प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्र ।

५. भ्रमणको सम्पुर्ण खर्च व्यहोर्ने सरकारी तथा गैरसरकारी संस्थाको निमन्त्रणा पत्र वा सो नभएमा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटही भएको प्रमाण (नगद वा डेविट/क्रेडिट कार्ड) ।

६. संयुक्त अरब ईमिरेटस्, वहराईन, कुवेत, कतार, ओमन र साउदी अरेवियामा भिजिट भिसामा भ्रमण गर्दा अनुसुची २ बमोजिम स्वःघोषणा गर्नु पर्नेछ। स्वःघोषणा संलग्न विवरणको प्रमाणको भार (Burden of proof) सम्बन्धित व्यक्तिमा रहने छ ।

सहकारी संकट र सुधारको बाटो

एकातर्फ ठूला उद्योगीहरू धनी हुँदै जाने, अर्कोतर्फ मजदुर तथा किसानहरू गरिबी, शोषण र बेरोजगारीको चपेटामा पर्दै जाने स्थिति आउन नदिन समान आर्थिक, सामाजिक तथा सांस्कृतिक उद्देश्य प्राप्तिका लागि सहकारीको ठूलो देन छ । तर नेपालमा पछिल्लो समय समस्याग्रस्त सहकारीको संख्या बढ्दै गएको छ । भुइँमान्छेले सानो-सानो रकम गरेर जम्मा गरेर पैसा ठगिएपछि उनीहरू सडकमा आउनुपर्ने स्थिति आएको छ । यी विविध कारणले सहकारी क्षेत्रप्रतिको विश्वास पुनःस्थापना अहिलेको प्रमुख चुनौती बनेको छ । सहकारी क्षेत्रको वर्तमान अवस्था, देखिएका समस्या, चुनौती र सुधारका लागि अब कस्तो तरिका अपनाउनुपर्छ ? यिनै विविध विषयमा **नेपालक्लिक्स**का लागि बागमती प्रदेश सहकारी र जिष्ट्रार **प्रदीप राज पौडेल**सँग गरिएको संवादको सम्पादित अंशः



प्रदीप राज पौडेल

नेपालमा सहकारी क्षेत्रको वर्तमान समग्र अवस्था कस्तो छ ?

स्थानीय पुँजी परिचालन, वित्तीय पहुँच विस्तार, रोजगारी सिर्जना, उत्पादन तथा बजारीकरण, महिला सशक्तीकरण र समुदायको आर्थिक विकासमा सहकारीको उल्लेखनीय योगदान छ ।

तर पछिल्लो समयमा केही सहकारी संस्थामा देखिएका वित्तीय अनुशासनहीनता, कमजोर सुशासन, बचतको दुरुपयोग, कर्जा लगानीमा कमजोरी, सञ्चालक तथा व्यवस्थापनको स्वार्थको द्वन्द्व र नियामकीय कमजोरीका कारण समग्र सहकारी क्षेत्रप्रति नै प्रश्न उठेको अवस्था छ ।

सहकारीको समस्या एउटै कारणले उत्पन्न भएको होइन । यसमा संस्थागत सुशासन, व्यवस्थापकीय क्षमता, वित्तीय अनुशासन, नियमन, सदस्यको सहभागिता र कतिपय अवस्थामा नियामकीय समन्वयको कमजोरीसमेत जोडिएको छ ।

सहकारी क्षेत्रमा अहिलेको सबैभन्दा ठूलो चुनौती के हो ?

अहिलेको सबैभन्दा ठूलो चुनौती विश्वासको पुनःस्थापना हो । सदस्यले आफ्नो मेहनतको कमाइ संस्थामा जम्मा गर्छन् र संस्था तथा सञ्चालकप्रति विश्वास गर्छन् । कुनै संस्थामा समस्या आउँदा त्यसको असर सम्बन्धित संस्थामा मात्र सीमित नरही सम्पूर्ण सहकारी अभियानप्रति पर्न सक्छ ।

विश्वास पुनःस्थापनाका लागि सुशासन, वित्तीय अनुशासन, पारदर्शिता, प्रभावकारी सुपरिवेक्षण र कानुनको निष्पक्ष कार्यान्वयन आवश्यक छ ।

सहकारीको समस्या समाधान गर्न नियामक निकायको भूमिका कस्तो हुनुपर्छ ?

नियामकको भूमिका समस्या आएपछि मात्र कारबाही गर्ने होइन । अब हामीले `घटना भएपछि नियमन' बाट `जोखिम पहिचान गरी पूर्वसावधानी अपनाउने नियमन' तर्फ जानुपर्छ ।

विशेषगरी अब सहकारीको नियमित विवरण संकलन गरेर फाइलमा राख्ने मात्र होइन, त्यसलाई विश्लेषण गरी कुन संस्था सुरक्षित छ, कुन सुधारको अवस्थामा छ र कुन संस्था उच्च जोखिममा छ भन्ने पहिचान गर्नुपर्छ ।

समस्याग्रस्त सहकारीको विषयमा के गर्नुपर्छ ?

समस्याग्रस्त सहकारीलाई एउटै डालोमा राखेर हेर्नु हुँदैन । संस्थाको समस्या, सम्पत्ति, दायित्व, व्यवस्थापन र बचतकर्ताको अवस्थाका आधारमा


BKPC
Bhote Koshi Power Company Pvt. Ltd.
A Pioneering Independent Power Producer in Nepal
Tahachal, Kathmandu, Nepal
www.bhotekoshi.com.np

फरक-फरक रणनीति आवश्यक हुन्छ । जहाँ संस्था सुधार गर्न सकिन्छ, त्यहाँ सुधार र पुनर्संरचनाको अवसर दिनुपर्छ । सुधारको सम्भावना नरहेका तथा कानुनविपरीत गम्भीर अवस्था भएका संस्थामा कानुनअनुसार आवश्यक प्रक्रिया अगाडि बढाउनुपर्छ ।

बचतकर्ताको रकम फिर्ता गर्ने विषयलाई कसरी हेर्नुभएको छ ?

बचतकर्ताको रकम फिर्ता गर्नु सहकारी सुधारको केन्द्रमा हुनुपर्छ । तर रकम फिर्ताको विषय केवल नियामकको निर्देशनबाट मात्र समाधान हुने विषय होइन । संस्थाको वास्तविक सम्पत्ति, नगद प्रवाह, असुल हुन बाँकी कर्जा, लगानी, सम्पत्ति तथा दायित्वको यथार्थ मूल्याङ्कन गर्नुपर्छ ।

सञ्चालक तथा व्यवस्थापनको जिम्मेवारी पनि स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ । सदस्यको बचतको जोखिमलाई केवल संस्थागत समस्या भनेर छाड्ने प्रवृत्ति अब स्वीकार्य हुँदैन ।

सञ्चालक समितिको भूमिका कस्तो हुनुपर्छ ?

सञ्चालक संस्था चलाउने मात्र होइन, संस्थाको सुशासन र उत्तरदायित्वको पहिलो तह हो । सञ्चालकले नीतिगत निर्णय गर्ने, व्यवस्थापनलाई निगरानी गर्ने, जोखिम बुझ्ने र सदस्यप्रति जवाफदेही हुने संस्कार विकास गर्नुपर्छ ।

सञ्चालक बन्ने व्यक्तिको योग्यता, अनुभव, क्षमता, स्वार्थको द्वन्द्व र जिम्मेवारी वहन गर्ने क्षमतामा पनि पर्याप्त ध्यान दिन आवश्यक छ ।

लेखापरीक्षण र साधारणसभा औपचारिक मात्र भएको गुनासो पनि छ । यसमा के सुधार आवश्यक छ ?

लेखापरीक्षण केवल हिसाब मिलेको प्रमाणित गर्ने प्रक्रिया बन्नु हुँदैन । संस्थाको वास्तविक वित्तीय अवस्था, जोखिम, कर्जा गुणस्तर, आन्तरिक नियन्त्रण र सम्भावित समस्यासमेत लेखापरीक्षणबाट देखिनुपर्छ । त्यस्तै साधारणसभा पनि केवल प्रतिवेदन पारित गर्ने कार्यक्रम हुनु हुँदैन । सदस्यले संस्थाको वित्तीय अवस्था, सञ्चालकको कार्यसम्पादन, जोखिम, कर्जा लगानी र आगामी योजनाबारे प्रश्न गर्न पाउने वातावरण हुनुपर्छ । सक्रिय सदस्य नै सहकारीको सबैभन्दा पहिलो नियामक हो ।

सहकारी क्षेत्रलाई अब कुन दिशामा लैजानुपर्छ ?

अब सहकारीको दिशा स्पष्ट रूपमा बचत ऋणबाट उत्पादन, रोजगारी र उद्यमशीलतातर्फ मोडिनुपर्छ । कृषि, दुग्ध, पर्यटन, ऊर्जा, उपभोक्ता, स्थानीय उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहकारीको भूमिका बढाउन सकिन्छ । धेरै संस्था हुनु भन्दा सक्षम र दिगो संस्था हुनु महत्वपूर्ण हो ।

सहकारी क्षेत्र सुधारका लागि तत्काल गर्नुपर्ने प्रमुख कामहरू के के हुन?

- मेरो विचारमा तत्काल कम्तीमा यी विषयमा ध्यान दिनुपर्छ
- सहकारीको जोखिम वर्गीकरण गर्ने ।
- तथ्याङ्क प्रणाली तथा भ्बचथि ध्बचलष्लन क्थकतभ्कको विकास गर्ने ।
- अन्य सूचना प्रणालीलाई प्रभावकारी बनाउने ।
- नियमित वित्तीय तथा संस्थागत विवरण अनिवार्य र विश्वसनीय बनाउने ।
- जोखिममा आधारित सुपरिवेक्षण लागू गर्ने ।
- सञ्चालक तथा व्यवस्थापनको जवाफदेहिता बढाउने ।
- आन्तरिक नियन्त्रण र लेखा समिति प्रभावकारी बनाउने ।
- सम्बन्धित पक्षलाई हुने कर्जा तथा लगानीमा कडाइ गर्ने ।
- निष्क्रिय तथा कमजोर संस्थाको पुनर्संरचना गर्ने ।
- समस्याग्रस्त सहकारीका लागि छुट्टै समाधान संयन्त्र प्रभावकारी बनाउने ।
- लेखापरीक्षणको गुणस्तर सुधार गर्ने ।
- सदस्य शिक्षा तथा वित्तीय साक्षरता बढाउने ।
- नियामक निकायबीच सूचना आदानप्रदान र समन्वय बढाउने ।
- नियामकको प्राविधिक तथा वित्तीय विश्लेषण क्षमता बढाउने ।
- राम्रो काम गर्ने सहकारीलाई प्रोत्साहन र जोखिमपूर्ण गतिविधिमा कडा नियमन गर्ने ।

अन्त्यमा सहकारी अभियानका लागि तपाईंको सन्देश के छ ?

सहकारी क्षेत्र अहिले चुनौतीपूर्ण अवस्थामा छ, तर समाप्त हुने अवस्थामा छैन । अहिलेको संकटलाई सुधारको अवसरका रूपमा लिनुपर्छ । हामीले खराब अभ्यासलाई संरक्षण गर्नु हुँदैन, तर केही संस्थाको कमजोरीका कारण सम्पूर्ण सहकारी अभियानलाई कमजोर पनि बनाउनु हुँदैन । अब सहकारीले आफ्नो मूल दर्शन– स्वावलम्बन, सदस्य सहभागिता, पारदर्शिता, लोकतान्त्रिक नियन्त्रण र पारस्परिक सहयोग–तर्फ फर्किनुपर्छ । नियामकले पनि नियन्त्रण मात्र होइन, जोखिम पहिचान, मार्गदर्शन, सुधार र सदस्य संरक्षणलाई आफ्नो भूमिकाको केन्द्रमा राख्नुपर्छ ।

NEPAL CRAFT AND BOOK

Are you residing in UK ?











For any books, handicraft and accessories.
Visit:

www.nepalcraftandbook.com

+44 7435069043

असत्यमाथि सत्यको विजय, अन्धकारमाथि प्रकाशको विजय,
निराशामाथि आशाको विजय, विजयादशमी र दीपावलीको
हार्दिक शुभकामना !



Keshav Pandey
Founder/CEO



MediEquips Nepal

Medical Equipment Supplier

Gairidhara naxal, Kathmandu, Nepal
Tell: +977 1-4004500
Tell: 985-1117341
Email: info@menepal.com



रेमिटेन्सले फेरेको दशैंको रङ

रोशन रखाल

सूर्य पनि सेलाउँदै गए जस्तो, घाम बिस्तारै न्यानो हुन्थ्यो । धानका बालाहरू लहलह झुल्न थाल्थे । तरेली परेका सपाट फाँटहरूमा ढकमक्क कोदोको शिर छोएर हल्का चिसो तर रोमाञ्चक बतास बहेली खेल्थ्यो । घरका भित्तामा पोतिएको रातो माटो र कमेरोको गन्ध नाकमा हररर आउँथ्यो । अनि दशैं आउँथ्यो ।

विवाहित नवजोडीहरू गाउँभरिबाट जम्मा गरेको दूधको कुराउनी पकाउन थाल्थे । काकाहरू पिङ हाल्न थाल्थे । हामी पोया बनाउन बाबियो र सनपाटका बुच्छा जम्मा गर्न जुट्थ्यौं । हजुरबाको प्रिय रेडियोले मालश्री धुन बजाउँथ्यो । नयाँ कपडा, उल्लासले भरिएको अनुहार र झोलाभरि खुसी बोकेर आएका परदेशीले रौनक थप्थे । परदेशीले ओखतीका रूपमा बाहरूलाई रम चखाउँथे, आमाहरूलाई वासनादार साबुन, स्याम्पु तथा नयाँ डिजाइनका चप्पलहरू आउँथे । हामीलाई मिठाइ । मिठाइका रंगीन खोल जम्मा गरेर हामी फूल बनाउँथ्यौं ।

त्यसरी गाउँमा तरङ्ग बोकेर आएका झोला, डिब्बा, गुन्टाहरू नै रेमिटेन्स रहेछन् । दशैंको सामाजिक र सांस्कृतिक भव्यता, ओज र निरन्तरतामा आर्थिक उत्सव, यिनै झोला वा यही रेमिटेन्सले थप्दो रहेछ । घरको, नयाँ लुगाको, अनुहारको बदलिएको रङ, रेमिटेन्स न रहेछ । तर अब गाउँ उस्ता छैनन् । रित्तिँदै छन् ।तर त्यसवेला गाउँको छुट्टै प्राण थियो, त्राण थियो, शान थियो, मर्म र अस्तित्वबोध थियो । त्यसवेला गाउँ आत्मनिर्भर थियो, आत्मसम्मानको आत्मबोधमा गौरव मानेर पौरख गरिरहन्थ्यो । अहिले जस्तो आर्थिक लाभ मात्रै एकोहोरो रूपमा यति ठूलो फरक ग्राफमा उकालो लागेको थिएन । एउटा जीवित सभ्यता, आपसी भाइचारा र सहृदयता तथा आत्मिक मेल र सामूहिक खुसीको साझा उत्सव लिएर प्रत्येक दशैं हामीमाझ आइपुग्थ्यो ।

सांस्कृतिक परम्परालाई आत्मबोध गरी प्राकृतिक जीवनशैली, आत्मीय प्रेम र मायासहित सामाजिक सीमा र जिम्मेवारीभित्र हामीले दशैं मनाउँथ्यौं, यी सबैको साङ्गोपाङ्गो हामीले आर्जन गर्ने कमाइसँग प्रत्यक्ष जोडिन्थ्यो ।

यसरी परम्परादेखि नै दशैंको विराटतासँग रेमिटेन्सको साइनो पारिवारिक साइनो जस्तै अकाट्य, महत्वपूर्ण र अनिवार्य छ । समयसँगै आज मैले घरमा साझा खुसी भित्र्याउने रेमिटेन्स क्षेत्रमा काम गर्ने अवसर पाएको छु । पछिल्लो १७ वर्षदेखि देश भित्रिएका खुसीका विभिन्न पक्ष र आयामहरूलाई नजिकबाट तथ्य र तथ्यांकसहित बुझ्ने प्रयास गरिरहेको छु ।

कुनै संस्थागत सुरुवात हुन नसकेको हो वा, हामीमा व्यावसायिक संस्कारको अभ्यास नभएर हो, हामीले हाम्रा आर्थिक आवश्यकता हाम्रा स्रोतहरूबाट पूरा हुनसक्ने सम्भावनाहरूलाई नियालेनौं । हुन सक्छ हामी अरूले तय गरेका कामबाट सजिलो आर्जनको बाटो रोज्यौं ।

सन्दर्भ जे जस्ता भए पनि आजको विश्व व्यवस्थाले भिन्नै स्वरूप लिइसकेको छ । अब हामी विश्व नागरिक बनिसकेका छौं । सुविधा र सम्भावनाको खोजीमा विदेशिनु वा आफ्नो स्थान छाड्नु कुनै नौलो र फरक कुरा रहेन । होइन ।

हाम्रो देश, समाज, परिवार र व्यक्तिको जीवनको आर्थिक उन्नतिको रूपमा रहेको रेमिटेन्सले व्यक्ति, परिवार, समाज र देशको सर्वपक्षीय विकासमा प्रत्यक्ष योगदान गरिरहेको छ । मलाई अचेल हामीले हासिल गरेको आर्थिक सफलताले हाम्रा अरू क्षेत्रहरूमा देखाएको ह्रासले पीडाबोध हुन थालेको छ । देशलाई जब-जब आपत् पर्छ, यही रेमिटेन्स क्षेत्रले नै दरिलो सारथि बनेर सहयोग गर्ने गरेको छ । उदाहरण नाकाबन्दी, महाभूकम्प हुँदै गत भदौ १० गते भोटेकोशी नदीमा अकास्मात् गएको अकल्पनीय बाढी हाम्रा सामुन्ने छन् । यस्ता प्राकृतिक तथा अप्राकृतिक विपत्तिहरूमा सबैभन्दा पहिलो सहयोग रेमिटेन्स र यससँग सम्बन्धित क्षेत्रले गर्ने गरेका छन् ।

मुलुकबाहिर पुगेर रेमिटेन्स आप्रवाह गर्ने अधिकांश युवाहरूको उद्गम थलो ग्रामीण क्षेत्र हो । नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८३/८४ को पहिलो महिनामा विप्रेषण आप्रवाह २१.२ प्रतिशतले वृद्धि भई रु. २ खर्ब १५ अर्ब ५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २९.९ प्रतिशतले बढेको थियो ।

यस्ता आर्थिक सूचकहरूले क्षति पुऱ्याएका अन्य सामाजिक सूचकको क्षतिपूर्ति गर्न कुनै अर्को व्यवस्था गर्न कुनै अर्को व्यवस्था अब हामीले गर्नुपर्ने आवश्यकता अचेल मलाई हुन थालेको छ । अब म बालापनमा पुग्न त सक्दिनँ, तर अहिले बालापन भएकाहरूले मैले बाल्यकालमा मनाए जस्तै उत्सवपूर्ण र अर्थपूर्ण दशैं स्मृतिमा सधैं रहने गरी मनाउन पाउनुपर्छ ।

हजुरबुवा-हजुरआमाका देववाणी जस्तो आशीर्वाद, बुवाआमाको स्नेही रेखदेख, गाउँ छिमेकीको भरोसायोग्य संरक्षण तथा समकक्षी बालसखाहरूको अन्त्यहीन खुसी किन हाम्रो समाजमा एक्कासि क्षीण भएर गयो म आफैं बिलखबन्दमा पर्छु । सामूहिक भाव, सहअस्तित्व, समान व्यवहार, साझा खुसी र साझा सफलतालाई किन रेमिटेन्सको माध्यमबाट आर्जित आर्थिक लाभको प्रतिस्पर्धामा उछिन्न र लाभ गर्न खोजेको हो म अनुत्तरित छु ।

वस्तु विनिमयबाट सभ्यो मानव सभ्यताको निर्माण गरेका हाम्रा पुर्खाहरूको आत्माले मुद्रा विनिमयद्वारा सुसज्जित हाम्रो दैनिकी आचरण र जीवनशैली देख्दा दिक्क मान्दा हुन् कि नाइँ? एक समय थियो सबै आधारहरू हामीसँग थिए, तर आर्थिक आधार कमजोर थियो । अहिले अवस्था उल्टिएको छ । आर्थिक आधार पहिलेभन्दा राम्रो छ, तर अरू सबै आधारहरू कमजोर र धराशयी बन्दै गएका छन् । दुर्गा माताले हामीलाई यस्ता कुराहरूमा गहिरो रुचि प्रदान गरून् ।

HYATT CENTRIC
SOALTEEMODE KATHMANDU

PEAK
FITNESS & SPA



PEAK FITNESS & SPA

The highest point *of you*

Discover a wellness destination designed for your everyday routine. From spacious workout spaces and high-end equipment to restorative spa therapies and signature treatments, it brings fitness and wellness together under one roof.







Tahachal, Kathmandu +977 9714556622 Peakfitnessandspa



विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti by IME, नेपालमा
रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।

IME
REMITTANCE & PAYMENTS

khalti
by IME